


गणतन्त्रात्मक नेपालको संविधान २०७२ लागु भएपश्चात गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लामा साविक २ न.पा. र ६४ गा.वि.स.को सट्टा २ न.पा., ९ गा.पा. समेत ११ स्थानीय तह

१. गोरखा न.पा.
२. पालुङटार न.पा.
३. सुलिकोट गा.पा.
४. अजिरकोट गा.पा.
५ सिरानचोक गा.पा.
६. आरूघाट गा.पा.
७. गण्डकी गा.पा.
८. चुम्नुब्री गा.पा.
९. धार्चे गा.पा.
१०. भिमसेन गा.पा.
११. शहीदलखन गा.पा.

मनास्लु ८,१८६ मि.

# आवर्तन

## पाँचौं पाइला









हरि सांस्कृतिक केन्द्र, गोरखा

२०४६

## हरि सांस्कृतिक केन्द्रका केही गतिविधिहरू



























# हरि सांस्कृतिक केन्द्र, गोरखाको
# मुखपत्र : आवर्तन


| वर्ष : १२ | २०८१ | पाइलो पाँच |
| --- | --- | --- |


**प्रमुख संस्थापक/संरक्षक :**
स्व. राजेश्वर देवकोटा

**संरक्षक :**
इ. ईश्वरचन्द्र देवकोटा

**प्रमुख सल्लाहकार :**
प्रा.डा. वासुदेव त्रिपाठी

**सल्लाहकार :**
डा. प्रभादेवी देवकोटा कैनी

**प्रधान सम्पादक :**
केदारनाथ खनाल

**सम्पादकहरू :**
विजयराज न्यौपाने
सुनील अर्याल
गीता रेग्मी

**व्यवस्थापकहरू :**
दिलीप देवकोटा
शिशिर देवकोटा
रामप्रसाद आचार्य
महेशचन्द्र देवकोटा

**कम्प्युटर :**
जीवननाथ ढुङ्गाना, ९८४५०४६७४४


**मुद्रक :**
**क्वालिटी प्रेस**
**भरतपुर-९, बसपार्क, चितवन**
**फोन : ०५६-५९४२०१**

**प्रकाशक:**
**हरि सांस्कृतिक केन्द्र, गोरखा (२०४६)**
**गोरखा नगरपालिकाका-६, शक्तिमार्ग**
सम्पर्क : ९७४१८६८६०२, ९८४५०४५९२८, ९८४१२७६६६८, ९८४६०८९०३३

*शुभकामनाका साथ*



# हरि सांस्कृतिक केन्द्रको गतिविधि र योजनाहरू

**इ. ईश्वरचन्द्र देवकोटा**

संस्थापक/प्रमुख संरक्षक

हरि सांस्कृतिक केन्द्रसम्बन्धी कुनै पनि कार्यमा मन्तव्य प्रकट गर्नुपूर्व परमपूज्य पितामह हरिभक्त देवकोटाज्यूमा श्रद्धा-भक्ति अर्पण गर्दछु । आफ्ना मान्यजनहरूको सार्वजनिक महिमा गान गर्नु त्यति शोभनीय नहोला तथापि पूज्य माता मायादेवी देवकोटाज्यूको आफ्ना ससुरा हरिभक्तको स्मृति-भक्तिमा केन्द्रको भौतिक उत्थान र गतिविधि दिगो तथा दरिलो होस् भन्ने सदीच्छा तीव्र थियो भन्ने कुरा उल्लेख गर्न मनासिब ठान्दछु। आजको कार्यक्रममा हुन गइरहेको "हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०८०" प्रदान र **आवर्तन** (पाइलो पाँच) लोकार्पण समारोहलाई शुभकामना दिँदै यस वर्षको "अन्तर-विद्यालय निबन्ध लेखन प्रतियोगिता" सम्पन्न भएकोमा खुसी प्रकट गर्दै निम्नलिखित केही टिप्पणी पेश गर्दछु।

निर्णायक मण्डलको "हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०८०" श्री डा. ऋषि बस्ताकोटीको कृति **विसङ्गत बस्ती** (मुक्तकसङ्ग्रह)लाई प्रदान गर्ने निर्णयले म हर्षित छु । हरि उत्कृष्ट प्रतिभा पुरस्कार नगद रु २५,०४६/- सहित श्री पञ्चमीको शुभ अवसरमा प्रदान गरिन्छ। २०८१ साल श्री पञ्चमीको अवसरमा "हरि उत्कृष्ट प्रतिभा पुरस्कार"बाट सम्मानित हुनुहुने कवि डा. ऋषि बस्ताकोटीज्यूलाई बधाई दिन चाहन्छु। हालसम्म ३४ पटकसम्म यो पुरस्कार वितरण भइसकेको छ र कुनै कुनैमा एकभन्दा बढी संयुक्त पनि भएको छ। यस अवसरमा म माताज्यूलाई पुनः स्मृति-सम्मान प्रकट गर्दछु, जसलाई श्री पञ्चमीको दिन विशेष धार्मिक आस्था राख्ने दिन थियो। यसै दिन विद्याकी देवी सरस्वतीको पूजा अर्चना गरिन्छ, अक्षरारम्भ गरिन्छ। प्रसङ्गवश कवि माधवप्रसाद देवकोटाले वर्षभरिको गहन अध्ययनको निचोडमा यही श्री पञ्चमीको दिनमा मात्रै दसवटा श्लोकहरू लेख्नुहुन्थ्यो र २५ वर्ष पुगेपछि २५० वटा श्लोकको **भारती वैभवम्** महाकाव्य प्रकाशनमा ल्याउनुभएको तथ्य पनि सम्झना गरे।

पुरस्कार विजेता श्री डा. ऋषि बस्ताकोटीज्यू हाम्रो ऐतिहासिक र गौरवमय गोरखा जिल्लाको पाथिभरा, लिगलिगमा जन्मनुभएको हो । विगत तीन दशकदेखि

नेपाली साहित्यको खास गरी कविता विधाका मुक्तक, कविता, गजल र गीत लेखनमा संलग्न रही एउटा आफ्नो पहिचान बनाइसक्नु भएको व्यक्तित्व हुनुहुन्छ। पेसाले उहाँ वातावरणविद् हुनुहुन्छ, त्यसको अर्कै पहिचान छँदै छ। नेपालका पहाडी प्रकृति, गाउँघर झल्किने बिम्ब टिप्दै समसामयिक व्यङ्ग्य चेतनायुक्त रचनाहरू सिर्जना गरेर देशभक्ति र समृद्धिको सन्देश निरन्तर दिइरहनुभएको छ। पुरस्कार विजेतालाई साहित्यिक यात्रा आगामी दिनमा अझ समृद्ध र सशक्त होस्, साथै नेपालको माया सधैँ तपाईँका शब्दहरूमा जीवन्त रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

सर्वविदितै भएको कुरा हो - हरि सांस्कृतिक केन्द्रको स्थापना पिताज्यूले प्राप्त गर्नुभएको "मदन पुरस्कार" र "साझा पुरस्कार"को पूरा रकम ५८ हजार रूपैयाँ अक्षयकोषमा राखी २०४६ मा स्थापना गर्नुभएको हो। पिताज्यूको चाहना थियो - यस केन्द्रबाट प्रदान गरिने सबै पुरस्कारहरू यही रकम र यस्तै अन्य प्राप्त पुरस्कार तथा उहाँका साहित्यिक कृतिहरूबाट प्राप्त हुने रोयल्टीबाट चलिरहून् भन्ने थियो। त्यस मानेमा हामी परिवारजनलाई त्यो पिताज्यूको अवधारणा हाँकको रूपमा विद्यमान हुँदै आइरहेको छ भन्ने कुरा पनि यो पुरस्कारको सन्दर्भ हुँदा गर्न चाहेँ।

हरि सांस्कृतिक केन्द्रको मुखपत्र **आवर्तन** नियमित प्रकाशन गर्ने प्रयास भइरहेको छ। सुरुका बखतमा पुरस्कार पाण्डुलिपिलाई नै प्रदान गरी सो पाण्डुलिपि प्रकाशन गर्ने कार्य पनि भयो। यदाकदा संस्थाले अन्य १० पुस्तकहरू पनि (जस्तै **मलाई विभाजित नगर**, **राजेश्वर देवकोटा स्मृतिग्रन्थ**, **ताक्लुङको मधुरिमा** आदि) पुस्तकहरू पनि प्रकाशन गरेको छ। आज **आवर्तन** (पाइलो पाँच) प्रकाशन र लोकार्पण हुन लागेकोमा यस केन्द्रका सल्लाहकार र निवर्तमान अध्यक्ष एवम् यस प्रकाशनका प्रधान सम्पादक केदारनाथ खनालज्यूलगायत सम्पादक मण्डललाई धन्यवाद ज्ञापन गर्दछु। यस मुखपत्रको नाम **आवर्तन** वास्तवमा संयोगले जुर्न पुगेको हो भन्नुहुन्छ, खनालज्यू। यसो नियालेर हेर्दा धेरै कुराहरू सान्दर्भिक पनि हुन आएजस्तै लाग्छ। प्रथमतः यस केन्द्रको मूल नाम हरिको सहस्र नाममध्ये "आवर्तन" पनि हुनु, यस संस्थाका संस्थापक-संरक्षक राजेश्वर देवकोटाको प्रकाशित पहिलो उपन्यास पनि **आवर्तन** हुनु र गत ३१ अक्टोबर २०२१ (१४ कार्तिक २०७८) का दिन अमेरिकास्थित **नर्थ क्यारोलाईना नेपाली साहित्य समाज**को आयोजनामा हरि सांस्कृतिक केन्द्रले "राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्व"माथि परिचर्चाको एक विश्वव्यापी कार्यक्रमको आवर्तन गर्नु रोचक टिप्पणी पनि यहाँ गर्न चाहेँ। यही पुरस्कार वितरण समय पनि हामीले उपलब्ध प्राविधिक स्रोत र साधनको प्रयोग गर्दै विश्वव्यापी रूपमा गरिरहेका छौँ।

**आवर्तन** चितवन, नेपालबाट लोकार्पण भइरहेको छ भने पुरस्कार वितरणको सभाचाहिँ यहाँ विदेश अमेरिकामा भइरहेको छ। हामीले प्रविधिसँग हातेमालो गर्दै फेसबुक पेज - *https://www.facebook.com/profile.php?id=61564797813285* र वेबसाइट *(www.hskgorkha.org.np)* तयार गरेका छौँ र भविष्यमा **आवर्तन** को इलेक्ट्रोनिक प्रतिलिपि तयार गर्ने आशा राखेका छौँ । गत वर्ष "अन्तरविद्यालय निबन्ध लेखन प्रतियोगिता" भवानी बहुमुखी क्याम्पस, पालुङटारमा आयोजना गरिएको थियो र त्यस क्षेत्रमा रहेका विद्यालयहरू समावेश गरिएका थिए। यस वर्ष निबन्ध प्रतियोगिता महेन्द्र लीला मा.वि. सिरानचोक गापा-३ नवलपुर, हर्मी, गोरखामा सम्पन्न भयो । हामी आगामी वर्षहरूमा यस्ता प्रतियोगितालाई जिल्लाभरि निरन्तरता दिने योजनामा छौँ ।

हरि सांस्कृतिक केन्द्रको प्रबन्ध समिति र प्रमुख सल्लाहकारको परामर्शमा यसै वर्ष कवि श्री नारायणप्रसाद पोखरेलज्यूलाई "राजेश्वर देवकोटा-विद्वत्वृत्ति" प्रदान गरिएको छ। विद्वत्वृत्तिको रकम हाल रु. १ लाख ५० हजार रहेको छ र सोअन्तर्गत उहाँको प्रस्ताव राजेश्वर देवकाटाको व्यक्तित्व र कृतित्वमा आधारित एउटा खोजमूलक काव्य प्रस्तुत गर्ने रहेको छ।

हरि संस्कृति केन्द्र परिवारका सम्पूर्ण सदस्यहरूसहित यस केन्द्रलाई शैशवकालदेखि नै निरन्तर स्नेह र संरक्षण प्रदान गर्नु हुने प्रा. डा. वासुदेव त्रिपाठीज्यूप्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु। अन्तमा यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

❐

संसारलाई सुखी बनाउने हो भने मानिस धरतीको गहना बन्नु अत्यावश्यक छ भन्ने विचारलाई **पूर्णिमा** उपन्यासमा यसरी प्रस्ट पारिएको छ :

> *पूर्णिमाका सखीहरु जो पूर्णिमाको प्रवचन सुनेर फर्किरहेका थिए, झरिरहेका पातहरुलाई हेरेर भनिरहेका थिए, "समर्पणमा कति सौन्दर्य निहित छ । हिजो यी पात रूखका गहना थिए, आज यिनले धरतीको माटो उर्बर बनाउनेछन्, नयाँ पत्रको उदयको लागि यिनले आफ्नो ठाउँ छाडिदिएका छन् । मनुष्य पनि यसै गरी धरतीको गहना हुन सकोस् त सत् स्वतः छुट्टिने थियो, मान्छे अग्रसर हुनुपर्ने थिएन ।"*

(देवकोटा, २०७५, पृ. ३१)

# प्रकाशकीय/सम्पादकीय

- **हरि सांस्कृतिक केन्द्र–गोरखा**ले विगत वर्षहरूदेखि श्रीपञ्चमीको पावन दिनलाई आफ्नो विशिष्ट उत्सवको रूपमा मनाउँदै आएको छ । यस अवसरमा गोरखा जन्मथलो, कर्मथलो वा गोरखाको बारेमा लेखिएका कृतिका स्रष्टालाई वर्षेनी **हरि उत्कृष्ट प्रतिभा पुरस्कार**द्वारा सम्मान गरिन्छ ।
- यो वर्ष गोरखा, पाथिभरा, लिगलिगका डा. ऋषि बस्ताकोटीको **विसङ्गत बस्ती** (मुक्तकसङ्ग्रह) कृतिका लागि **हरि उत्कृष्ट प्रतिभा पुरस्कार–२०८०** नगद राशि रु. २५,०४६।– (अक्षरमा पच्चिस हजार छयालिस) सहित सम्मान गरिँदै छ ।
- स्थापना कालदेखि वर्षेनी गोरखा सदरमुकामस्थित आफ्नै भवनमा विविध साहित्यिक कार्यक्रमका साथ स्रष्टा सम्मान तथा पुरस्कार प्रदान गरिँदै आएकोमा यो वर्ष पुरस्कार संस्थापक, संरक्षक श्री ईश्वरचन्द्र देवकोटा र पुरस्कृत स्रष्टा डा. ऋषि बस्ताकोटी दुवै जना विशेष कारणवश संयुक्त राज्य अमेरिका, नर्थ क्यारोलाइनामा हुनुभएकाले आधुनिक विज्ञानले ल्याएको चमत्कारिक उपलब्धि **भर्चुयल**को सदुपयोग गर्दै स्रष्टा सम्मान, पुरस्कार प्रदान त्यहीबाट हुनेछ र सोही अवसरमा संस्थाको मुखपत्र **आवर्तन**, पाइलो पाँच नेपालबाट लोकार्पण हुने भएको छ । सम्मानित स्रष्टालाई हाम्रो बधाई ।
- यस केन्द्रका प्रमुख संस्थापक, संरक्षक, चिरस्मरणीय विशिष्ट व्यक्तित्वको पुण्य स्मृतिमा अनुसन्धानमूलक कृतिलाई  प्रोत्साहन गर्ने उद्देश्यका साथ गतवर्ष स्थापित **राजेश्वर देवकोटा विद्वत्वृत्ति पुरस्कार** कार्यान्वयन गर्ने क्रममा गोरखा, बनौती निवासी कवि श्री नारायणप्रसाद पोखरेलको शोधप्रस्ताव (Proposal) स्वीकृत भएको छ । मूर्तरूप दिन पूर्ण सफलता मिलोस्, हाम्रो शुभकामना !
- बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यका साथ आफ्नो भाषा, साहित्य, कला र संस्कृतिप्रति अभिरुचि जगाउने उद्देश्यका साथ सञ्चालन हुँदै आएको विद्यालयस्तरीय प्रतियोगिताको निरन्तरतामा यस केन्द्रको आयोजनामा निबन्ध प्रतियोगिताका संयोजक सल्लाहकार कवि श्री विजयराज न्यौपाने, स्थानीय महेन्द्रलीला माध्यमिक विद्यालय, नवलपुर–हर्मीका प्रधानाध्यापक श्री रामप्रसाद अधिकारीको व्यवस्थापन र प्रा. रुद्र पोखरेलको प्रमुख आतिथ्यतामा २०८१ साल माघ ११ गते सम्पन्न भएको थियो । सोही विद्यालयको केन्द्रीयतामा त्यस भेगका नौवटा विद्यालयको सहभागिता रहेको निबन्ध प्रतियोगिताको शीर्षक **मेरो सपनाको नयाँ गाउँ** तत्क्षण दिइएको थियो । प्रतियोगितामा सबैलाई प्रमाणपत्र र प्रथम, द्वितीय, तृतीय र सान्त्वना (दुई जना) स्थान प्राप्त गर्ने प्रतियोगीहरूलाई नगद पुरस्कारसमेत सोही अवसरमा प्रदान गरियो । विजेताहरू सबैको उज्ज्वल भविष्यको कामना गर्दछौँ ।
- **आवर्तन** (पाइलो पाँच) लाई यो कलेवरमा प्रस्तुत गर्न आआफ्ना अमूल्य लेख–रचना उपलब्ध गराउनुहुने सबैप्रति आभारी छौँ । सुयोग्य पिताका सुयोग्य पुत्र इ. ईश्वरचन्द्र देवकोटाको संरक्षकत्वमा हरि सांस्कृतिक केन्द्रले आफ्नो अभीष्ट पूरा गर्न सकोस्, हार्दिक शुभकामना !
- अन्त्यमा **आवरण** (पाइलो पाँच) सम्पादनका क्रममा असावधानीवश भएका सबै कमीकमजोरीप्रति क्षमाप्रार्थी हुँदै साथ र सहयोग गर्नुहुने सबैलाई साधुवाद । कम्प्युटरका जीवननाथ ढुङ्गाना र मुद्रक क्वालिटी प्रेस परिवारलाई हार्दिक धन्यवाद ।


❒

# यसभित्र......


| | | |
|---|---|---|
| *शुभकामना/संस्थाका गतिविधि* | *इ. ईश्वरचन्द्र देवकोटा* | *ख* |
| *प्रकाशकीय/सम्पादकीय* | | *ङ* |
| सृजनामा कवि | गोविन्दराज विनोदी | १ |
| साहित्यिक यात्रा | सीताराम अधिकारी | २ |
| राजेश्वर देवकोटा स्मृतिग्रन्थ .... | प्रा.डा. नारायणप्रसाद खनाल | ४ |
| उमङ्गमा लागेको ठेस | डा. प्रभादेवी देवकोटा कैनी | ८ |
| सांस्कृतिक सुधारमा राजेश्वर देवकोटा र ..... | डा. ऋषि बस्ताकोटी | १७ |
| नेपाली परिप्रेक्ष्यमा राजेश्वर देवकोटा | प्रा.डा. मोहनप्रसाद तिमल्सिना | २३ |
| सामान्य बनूँ | प्रा. कपिल अज्ञात | २६ |
| 'शब्दयात्रा' हरि सांस्कृतिक केन्द्रको | केदारनाथ खनाल | २७ |
| सपनाको शिखरमा | प्रा. पुरुषोत्तम दाहाल | ३० |
| राजेश्वर दाजुसँग अमेरिकामा अप्रत्यासित भेट | प्रा. सोमनाथ घिमिरे | ३२ |
| मेरी | भूमि नेपाली | ३७ |
| हर्मीभञ्याङ हुँदै खरिबोट | विजयराज न्यौपाने | ३८ |
| श्रद्धासुमन | नारायणप्रसाद पोखरेल | ४५ |
| आफ्नै बाँसुरी, आफ्नै गीतमा | लोककवि सुरेशकुमार भट्ट | ४६ |
| राजेश्वर भतिजमा श्रद्धासुमन | हरिदत्त देवकोटा | ४९ |
| सपनामा पनि उहाँसँग कुरा हुन्छ | शिशिर देवकोटा | ५० |
| सम्झनामा सहृदयी दाजु राजेश्वर देवकोटा | कल्पना मरहट्टा देवकोटा | ५३ |
| आयोजकका तर्फबाट निबन्ध लेखन प्रतियोगितासम्बन्धी छोटो टिप्पणी | | ५८ |
| राजेश्वर देवकोटाका प्रकाशित कृतिहरू | | ७२ |
| हरि सांस्कृतिक केन्द्रबाट पुरस्कृत प्रतिभाहरू | | ७३ |
| इतिहासको पानाबाट | | ७४ |

कविता

# सृजनामा कवि



❑ गोविन्दराज विनोदी
गैँडाकोट

अरसिक दुनियाँमा प्रीतिमाधुर्य छर्न
कवि कलम समाऊन् क्यै नयाँ सृष्टि गर्न
किन किन यति बेला चेतना छन् सुकेका
मनुज मनहरूका वेदना छन् सुकेका
बगरसरि छ छाती प्रेम बग्दैन भित्र
पथ त छ तर छैनन् लक्ष्यका मार्गचित्र
यस बखत चनाखो भै यहाँ चल्नुपर्छ
असमय कति आँधी बेहरी छल्नुपर्छ
अभिनव युग बोकी चढ्न शैलेन्द्रमाथि
अब त अति अबेला भैसकेको छ साथी !
सब मनुजहरूले युद्धको मोह फालून्
हृदयभरि उज्यालो बुद्धसन्देश बालून्
मगजभरि जमेका द्वेष ईर्ष्या बढारून्
अनि सब कटुताका भावना नष्ट पारून्
कवि अब रविजस्तै भोरमा जाग्नुपर्छ
अनृत जडपनाको ध्वान्त यो भाग्नुपर्छ
नवनव सृजनाले लोकलाई जगाई
सुरपुरसरि पार्नैपर्छ यो विश्वलाई
कवि कलम छ यस्तो जो नयाँ दृष्टि दिन्छ
हृदय मुदित पार्ने जो नयाँ सृष्टि दिन्छ
जब त मनुजलाई शब्द आएर छुन्छ
सकल युग बदल्ने शक्ति योभित्र हुन्छ
विधि पनि कवि नै हुन् सृष्टि संसार रच्ने
कवि पनि विधि नै हुन् कल्पना नित्य गर्ने
क्षितिज नव उघारी नव्यता पान गर्दै
प्रिय कवि अब जागून् सत्य सन्धान गर्दै

❑

कविता



# साहित्यिक यात्रा

सीताराम अधिकारी
गोरखा

साहित्य यात्रा रसपूर्ण यात्रा
हो सिर्जनाको मन्त्रमुग्ध यात्रा ।
आरम्भ यौटा पुरकान्तिबाट
अर्को थियो त्यो चितवनबाट ॥१॥

झर्‍यौं सबै केबुलकार चढ्न
भयो उँडे झै मन यो प्रसन्न ।
बिहानको देन अनेक नेक
हुन् कल्पनाका कति यी विशेष ॥२॥

गन्तव्य पैलो मनकामनाको
थियो मनै ईप्सित अर्चनाको ।
झुकी मनै अर्पित फूलतुल्य
अभ्यर्थना भो उनको अतुल्य ॥३॥

जुट्यौं उनैको प्रिय आँगनीमा
गरे व्यवस्थापकले हलैमा ।
भो काव्य गोष्ठी कविका अमूल्य
सुन्यौं सुनायौं कविता अतुल्य ॥४॥

थियो निकै रोचक काव्य-धार
मनोविनोदी रसिलो अपार ।
गन्तव्य दोस्रो हरिसंस्कृति थ्यो
सम्मानका खातिर यो जुटेको ॥५॥

त्यहाँबाट गर्यौं ओर्ली उही केबलकारमा
यानमा गोरखा लाग्यौं पुग्यौं गन्तव्य स्थानमा ।
होटल् हिमालको बास थियो अधिक कौतूक
बेलुकी कविता गोष्ठी भयो रसिक रौनक ॥६॥

अर्को झुल्को थियो रम्य दृश्य-सुन्दर उत्तिकै
यानमा उक्लियौँ माथि ओर्ली चढ्यौँ सिँढी उचै ।
नुही गोरख कालीको गरियो ध्यान अर्चना
दर्बारभित्रको आगो तापियो हैन त्यो नयाँ ॥७॥

फर्कियौँ यानमै फेरि बिसौनीमा गयौँ सबै
प्रातः भोजनको मीठो आस्वादन थियो निकै ।
पैलो होटल गोर्खाको यसको इतिहास छ
मिल्छ भोजन ईप्साको परिवेश सुरम्य छ ॥८॥

गयौँ स्रष्टा हामी हरिभवनमा भोजनपछि
सजेको थ्यो मण्डप् विविध रचनामा रङ थपी ।
सजेका झन् राम्रा प्रमुख पदका आसन थरी
थिए राम्रा कुर्सी लहर तह हारै हलभरी ॥९॥

भएको थ्यो राम्रो कविवरहरूको जमघट
विनोदी थे उम्दा प्रमुख अतिथि स्वस्थ सयल ।
प्रभादेवी कैनी चतुर मनकी नायक तिनै
थिए संस्था हाँक्ने हरि-सदनका इश्वर उनै ॥१०॥

मुना, केदार, नारायणसित थियो यो कवि पनि
थिए चापागाइँ मधुर लयकी कान्त बहिनी ।
सुरेश स्रष्टा ती कृति उपर सम्मानित उनी
थिए द्यौकोटा ती विनत मनका साधक धनी ॥११॥

भए धेरै राम्रा गजल कविता वाचन पनि
थिए केही वक्ता प्रवचन दिए संयम बनी ।
भए ईश्वर धन्य ! प्रवचन कृतज्ञप्रति थ्यो
सभा भो सम्पन्न प्रमुख मुखले घोषित भयो ॥१२॥

*द्रष्टव्य : २०८० फागुन १ र २ को गोरखा हरि सांस्कृतिक केन्द्रको उत्सवको सिलसिलामा सिर्जना ।*

❐

कसैले तपाईंलाई बुझ्दैनन् । यही त जिन्दगी हो । कहिल्यै कसैलाई यो हक नदिनुहोस् कि, उसले तपाईंको मनको शान्ति भङ्ग गर्न सकोस् । आफैलाई विशेष सम्झेर बाँच्न सुरु गर्नुहोस् । भगवान्ले कुनै पनि चीज बेकारमा बनाएका छैनन् ।

- मन्जु यादव

# राजेश्वर देवकोटा स्मृतिग्रन्थ : विहङ्गम अवलोकन



❑ *प्रा.डा. नारायणप्रसाद खनाल*
भरतपुर–४, चितवन

उत्सुकता थियो गोरखा गाउँ सुधार समितिको प्रथम साहित्यिक प्रकाशन **मनकामना** (षाण्मासिक) २०३८ को “पृथ्वी विशेषाङ्क” (वर्ष १, अङ्क १) हेर्ने, त्यो पूरा भयो यसका सहसम्पादक मित्रवर श्यामजी अतिथिका सौजन्यबाट, जसका प्रधान सम्पादक मेरा आदरणीय गुरु प्राध्यापक शिवहरि मरहट्टा हुनुहुन्छ। ४+३१४+४=३२२ पृष्ठको यस बृहद् ऐतिहासिक ग्रन्थको चिरफार गर्न बाँकी नै छ। गोरखा क्याम्पसको पूर्व क्याम्पस प्रमुख (२०५०।०१।१३-२०५०।११।०५) र **गोरखाको डायरी** (२०६२) ले मलाई गोरखाको वाङ्मयबारे धेरै पढ्ने-बुझ्ने अवसर दिए। त्यसै गरी प्रा. केदारनाथ खनालसँगको सामीप्य र घनिष्टताले हरि सांस्कृतिक केन्द्रसँग मलाई नजिक हुन खुब सघाएको छ। उहाँकै बारेमा **केदारनाथ खनाल : व्यक्तिकृति** (२०७६) नामक हजार पृष्ठभन्दा बढीको ग्रन्थ सम्पादन गरेको थकाइ मेटिएकै थिएन, प्रस्तुत **राजेश्वर देवकोटा स्मृति ग्रन्थ** प्रकाशन २०७९ मै गर्ने भन्ने खबर मलाई केदार दाजुले सुनाउनुभयो। केन्द्रले त पहिले नै निर्णय गरिसकेको रहेछ तर कोरोनाको प्रकोपलगायतका कारण यो वर्ष कार्यान्वयन हुने भएछ, लेखरचना त चारपाँच वर्ष अघिदेखि नै सङ्कलन गरिएका हुन्, जरुरी ठानिएका व्यक्तिलाई ताकेता हुन थाल्यो, लेखहरू आइरहे। हामी जुटिरह्यौँ - फलतः स्मृतिग्रन्थ राजेश्वर देवकोटा ब्रह्मलीन भएको मितिले २०७३ श्रावणकै वार्षिकीमा ननिस्के पनि छ वर्षपछि २०७९ को बुद्धजयन्तीको उपलक्ष्यमा प्रकाशित हुन सक्यो।

पुस्तकको ‘प्रकाशकीय’मा प्रकाशन संस्थाका संरक्षक इ. ईश्वरचन्द्र देवकोटाले अतिथि सम्पादकलाई यसरी फुर्क्याएको पाइन्छ - ‘प्रा.डा. नारायणप्रसाद खनालज्यूले समग्र ग्रन्थ अध्ययन गरेर यथोचित सुझावसहित स्तरीय ग्रन्थ निर्माणमा पुऱ्याउनु भएको सहयोगप्रति पनि कृतज्ञता व्यक्त गर्दछु।” यो काम प्रधान सम्पादक केदार दाजुले सुम्पनुभयो, म हर्षित भएँ। एक त गोरखाको साहित्यको मात्र नभई सम्पूर्ण वाङ्मयकै अध्येता हुनुका साथै केन्द्रले ममाथि गरेको स्नेह तथा राजेश्वर बुवाले **वसन्त काव्य समीक्षा** पढेर बोलेका शब्दार्थका तात्पर्य, स्वयम् नेपाली आख्यान साहित्य सृजनाका

पूजक, राजनीतिक विश्लेषक बौद्धिक व्यक्तित्वप्रतिको श्रद्धाभाव पनि प्रस्तुत ग्रन्थ सम्पादनमा हार्दिक रूपमा लाग्ने कुराको प्रेरक रह्यो । यसै गरी 'सम्पादकीय'ले भन्छ - 'यस ग्रन्थको प्रकाशनका लागि आवश्यक सुझावसहित गोरखा र गोरखालीलाई असाध्यै माया गर्नुहुने अतिथि सम्पादक प्रा.डा. नारायणप्रसाद खनालज्यूमा हार्दिक आभार टक्र्याउँछौँ ।' म अतिथिका रूपमा भए पनि 'सम्पादकै' भएकाले यी कुरा 'सम्पादकीय'मा नपरेको भए म पनि 'सम्पादक समूह'भित्रै रहेर काम गरेको अनुभूति हुन सक्थ्यो होइन र ?

गत वर्ष २०७८ मा डा. टीकाराम आचार्य 'आरुणि'को विद्यावारिधि शोधग्रन्थ **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन** र प्रा.डा. नारायणप्रसाद खनालको **राजेश्वरकाव्यम्** (प्रथम संस्करण) र २०८० मा नेपाली अनुवादसहित द्वितीय संस्करण प्रकाशित भए । यी कृतिले विशिष्ट किसिमले राजेश्वरलाई चिनाए - एउटाले संस्कृत वाङ्मयका छवटा दर्शनमध्ये एक रहेको 'साङ्ख्यदर्शन' देवकोटाको सर्वप्रिय दर्शन थियो भन्ने कुरा र अर्को संस्कृत पढेर, संस्कृतकै आन्दोलन 'जयतु संस्कृतम्'बाट राजनीतिक जीवन आरम्भ गरेर उचाइको शिखर चढेको हुनाले संस्कृत पद्यमै उनको व्यक्तित्व-कृतित्व चित्रित हुनु महान् गौरवका विषय हुन् । यो क्रम कालान्तरसम्म चलिनै रहने छ ।

हो प्रस्तुत स्मृति ग्रन्थ डिमाइ साइजमा १८+५७४=५९२ पृष्ठमा निर्मित छ भने त्यसभित्रका रचना-लेखलाई सुन्दर पातलो आवरणले ओतेको छ । सर्वप्रथम कृतिनाम, प्रकाशन, संयोजक, प्रधानसम्पादक, अतिथि सम्पादक र सम्पादकद्वयसहित प्रकाशकका प्रकाशकीय-१, सम्पादकीय-१ र लामो विषयसूची अग्रभागमा परेका छन् भने स्मृतिग्रन्थको समग्र खुराक संस्कृत, नेपाली र अङ्ग्रेजी गरी त्रैभाषिक बनेको छ, जसमा एक संस्कृत कविता, छवटा नेपाली कविता, ३८ वटा संस्मरण, १९ वटा समीक्षा, साभारअन्तर्गत चार समीक्षा, तीन संस्मरण, छवटा वैचारिक लेख, राजेश्वरकै संस्कृत लेख चार र अङ्ग्रेजी चार अनि अरू तीन जनाका दुई अङ्ग्रेजी लेखसहित गद्य-पद्यात्मक बनेको यो स्मृतिग्रन्थ एक उत्कृष्ट कीर्ति प्रसारणयोग्य सत्कृति बनेको छ । यी लेख-रचनाहरू ख्यातिप्राप्त विद्वान्-विदुषीहरूका हृदयबाट निस्केका श्रद्धापुष्प हुन् । प्रस्तुत स्मृतिग्रन्थको पछिल्लो भाग परिशिष्ट हो, जसमा राजेश्वरकै 'मधुमहिमा' शीर्षकको संस्कृत कविता रहेको छ, जसको प्राक्कथन 'वसन्ततिलका'को एक र बाँकी 'शार्दूलविक्रीडित' छन्दका तीन पद्ययुक्त छ । यसै गरी चित्रसहितको एक समाचार 'देवकोटाको अन्त्येष्टि' र 'इतिहासको लागि यो पुस्तक' नामक कमल ढकालको लेख परिशिष्टमा परेका छन् । यसपछिको चित्रलहरमा केही श्वेत-श्याम र केही रङ्गीन चित्रहरू रहेका छन्, जसमा राजेश्वर तथा परिवार, देश-विदेश भ्रमण आदि अङ्कित छन् । पुस्तक बाहिरबाट हेर्दा अगाडिको गातामा राजेश्वरको लवेदा-शुरुवाल

र कोट-टोपीमा सजिएको अत्यन्त गम्भीर, चिन्तनशील मुद्रामा व्यस्तजस्तै लाग्ने अर्धचित्रमा रहेका रसिला एकटक लगाएका आँखाले कुनै त्राटक मुद्राले हेरिरहेको दृश्य झल्कन्छ । यसैलाई पछाडितिरबाट हेर्दा नगेन्द्र न्यौपाने, डा. नवराज कट्टेल, प्रा.डा. विष्णुप्रसाद पौडेल र प्रा. गोपीकृष्ण शर्मा (गौतम)का छोटा तर उत्कृष्ट गद्योद्‌गारले सुशोभित बनाएको देखिन्छ भने अन्तमा प्रकाशक (संस्थाको लोगोसहित)को नाम र आइ.एस.बि.एन.को बारले अन्तर्राष्ट्रियता प्रदान गरेको छ । मेरुदण्डमा ग्रन्थनाम र प्रधान सम्पादकको नाम र लोगो अङ्कित छ । गाताको अगाडितिरको पूर्वार्द्धमा भित्र 'राष्ट्र बचाऔँ राष्ट्रवादी आन्दोलनमा सरिक होऔँ' भन्ने नारासहितको २०७१।० ९।११ गतेको राष्ट्रिय झन्डा अगाडि राखेर भाषण गरिरहेका राजेश्वरले औला ठडाएको माइकअगाडि बोलिरहेको चित्र तथा उत्तरार्धमा १२ जना राजनीतिककर्मीसँग खिचिएको चित्र समाविष्ट छ। यस्तै पछाडिको पृष्ठको अघिल्तिर तलमाथि आठ जनाका दुई चित्र अङ्कित छन् । भित्र एक पृष्ठमा वैदिक सभ्यता प्रकाशक एक श्लोक '...यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ।' को देवकोटाद्वारा मीठो व्याख्या भएको अंश समावेश गरिएको छ भने दोस्रो पृष्ठमा 'मेरो आजको कविता' शीर्षकको राजेश्वरको हस्ताक्षराङ्कित लिपिको प्रतिलिपि संलग्न छ । पृ. २२८ मा 'सर्वोच्चमा गोरु ब्यायो' शीर्षकको बहुचर्चित समाचार बाक्साभित्र राखिएको छ । पृ. २५८ र २७० मा पत्रकार योगी अविनाथको कथनांश र सबै लेखकका चित्रहरू नामसँगै दिइएका छन् । पृ. ५३६ मा राजेश्वरले संस्कृतमा लेखेको 'विजया शुभकामना' शीर्षकको २०४४ सालको दसैँका उपलक्ष्यमा रचित मालिनी छन्दको एक पद्यको फोटोकपी टाँसिएको छ भने यत्रतत्र लेख-रचना, राजेश्वरका विविध चित्र पनि समाविष्ट छन् । केही लेखहरूका पादटिप्पणी र सन्दर्भग्रन्थ पनि दिइएका छन् र यो ग्रन्थ केही अंशमा अनुसन्धानात्मक लेखले पूर्ण भएको पनि छ ।

यति विशाल ग्रन्थको भाषालाई शब्द-वाक्य र वर्णका दृष्टिले शुद्ध बनाउन र त्यसमा पनि एकातिर संस्कृत अनि अर्कातिर अङ्ग्रेजी खण्ड त्यतिधेरै नभए तापनि यो ग्रन्थ भाषाका दृष्टिले अत्यन्त कम अशुद्धिसहित छापिएको छ भन्न सकिन्छ । यसका सम्पादक समूहको प्रयास स्तुत्य छ । यसै गरी ८० ग्रामको बण्ड पेपरमा क्वालिटी प्रेस, भरतपुरमा ५०० प्रति छापिएको र नवीन श्रेष्ठले कम्प्युटरसम्बन्धी सम्पूर्ण काम गरेको देखिन्छ भने मूल्य अत्यन्त न्यून रु. ५५५।- मात्र राखिएको छ । टाइटल पेजमा अङ्ग्रेजीमा पनि कृतिनाम दिइएको यो पुस्तक सारांशमा अति सुन्दर बन्न सकेको छ । यति हुँदाहुँदै पनि मानवीय भुल कतै न कतै भइहाल्दो रहेछ । यस विशाल ग्रन्थको सादर समर्पण स्वर्गीय राजेश्वर देवकोटाको अनन्त शान्तिका लागि उनैप्रति गरिनुपर्ने हो, तर यस पक्षमा विचार पुऱ्याउन नसकेको देखिन्छ । त्यसका लागि अतिथि सम्पादक पनि

नतमस्तक छ र यो 'राजेश्वर देवकोटा स्मृतिग्रन्थ :विहङ्गावलोकन' लेखमार्फत उक्त त्रुटि सच्याउँदै उनै जनसेवक एवम् साहित्यकार राजेश्वर देवकोटाप्रति सादर समर्पण गर्दछु।

यति कुरा गर्दागर्दै 'राष्ट्रिय चिन्तन जगत्का एक्ला वृहस्पति : राजेश्वर देवकोटा' शीर्षक राखेर विजयराज न्यौपानले ४० पेजमा 'जीवनी, व्यक्तित्व र कृतित्व' विषयक चिन्तन गरेका छन् भने अन्य विविध संस्मरण, समीक्षा, चिन्तन, कविता इत्यादिबाट यो ग्रन्थ अत्यधिक उपयोगी, सङ्ग्रहणीय, अनुकरणीय, अनुसन्धेय हुनुका साथै राजेश्वर विषयक जुनसुकै अध्ययन-अनुसन्धानका निम्ति एक अक्षोमभ्य आकर ग्रन्थ बनेको छ। जम्मा ८० जनाका रचना-लेखभित्र राजेश्वरका सत्यतथ्य कार्यव्यवहार र गुणगान प्रस्तुत हुने सन्दर्भमा जम्मा सात जना नारीहरूको उपस्थितिलाई हामी नेपालीको शैक्षिकस्तर, लेखन प्रवृत्ति, चिन्तन अभिवृत्ति आदि र वर्तमान राजनीतिक ३० प्रतिशतको नाटकलाई हेर्दा यो सङ्ख्या पनि कमजोर होइन तर यहाँ प्राध्यापक, डाक्टर, इन्जिनियर, सचिव, सहसचिव, उपसचिव, अधिकृत र सोसरहका प्रबुद्ध व्यक्तिदेखि पूर्वराजदूतसम्मका व्यक्तिको लेखन सर्वस्व समाविष्ट छ। कुनै सत्तासीन मन्त्री-प्रधानमन्त्रीहरूको या खाटी पञ्चहरूको उपस्थितिमात्र होइन, बाहुल्यसमयेत हुन सकेको भए राजनीतिक सहकर्मका अझ बढी प्रसङ्ग यहाँ अङ्कित हुन सक्थे। केही छैन, अनेक साहित्यिक-गैर साहित्यिक कृतिका स्रष्टा-लेखक राजेश्वरका विषयमा यति गहन कृति जनसमक्ष पुग्नु भनेको कम मत्त्वपूर्ण कार्य होइन। अब अनुसन्धाताहरूले यस कृतिभित्र नपरेका, चर्चा नभएका र व्यापक चर्चायोग्य विषयहरू खोजेर राख्नका लागि अत्यन्त मत्त्वपूर्ण स्रोतसामग्री यो कृति बनेको छ। अतः यस स्मृतिग्रन्थको अवधारणा बनाउने हरि सांस्कृतिक केन्द्रका सल्लाहकार, अध्यक्ष एवम् व्ययभार जुटाउनुहुने स्वयम् केन्द्र,परिवारजन, लेखकगण, समग्र कृति निर्माणमा संलग्न कुशलजन र यो आकारमा प्रस्तुत गर्ने सम्पादक समूहको कार्य सदा प्रशंसनीय छ। यस अमर कृतिले नेपाली साहित्यको भण्डारमा निकै उत्कृष्ट भूमिका खेल्ने कुरामा कुनै दोराय छैन।

शुभं भूयात् !!!

drnpk09@gmail.com

❐

**कहिलेकाहीँ मान्छे साँचो अर्थमा हार्दछ। चूप बस्दाबस्दै, पर्खिंदापर्खिंदै, सम्बन्ध बनाउँदाबनाउँदै, सफाइ दिँदादिँदै र आफन्तहरूलाई मनाउँदामनाउँदै पनि। - अज्ञात**

यात्रा-संस्मरण

# उमङ्गमा लागेको ठेस



❑ डा. प्रभादेवी देवकोटा कैनी
काठमाडौं-१६, कपुरधारा

म अन्योलमा परेँ । म खोज्दै थिएँ बाटोभरि सुकेका सालका पातको सऱ्याक्सुरुक् । सालघारीको बिचबिचबाट तर्पाएँतर्पाएँ उकालो लाग्दै जाँदा दुवैतर्फ ठडिएका बडेबडे सालका रूखहरू । कता गएछ त्यो देउराली ? सालघारीकै बिचमा अवस्थित विशाल ढुङ्गाको थुप्रो, जुन थुप्रो कटेर तलमाथि गर्ने प्रत्येक बटुवाहरूले थपेका ढुङ्गा थुप्रिँदै जाँदा सजीव प्राणीहरूको भौतिक शरीर बढेजस्तै हरेक वर्ष देउरालीको उचाइ र फैलावटमा बृद्धि हुँदै गएको हामीलाई प्रत्यक्ष अनुभव थियो । गाडी कताबाट मोडिएछ कुन्नि, घरैमा पुगिञ्जेल पनि मेरा आँखाले परपरसम्म सालका रूख खोज्दै रहे । मेरो मनले देउरालीको आयतनबारे सोच्दै रह्यो ।

बड्डाँडाको नेवार हटिया कटेर दिनदिनै स्कुल जाँदा त्यहाँका खापावाल पसलमा हामी कापी, कलम, सिसाकलम, पेन्सिलकटर, रबर, रिबन किनेर ओरालोमा खुरुरू दगुर्थ्यौं । पढेर फर्कँदा कहिलेकाहीँ घरका आवश्यक वस्तु जस्तै - नुन तेल, साबुन, मसला, चिनीजस्ता सामान झोलाभरि बोकेर उकालो चढ्थ्यौं । लुइँटेलस्थित हाम्रो स्कुल र घरको बिचमा पर्ने बड्डाँडा उत्तर-दक्षिण फैलिएको लामो चौरको बिचमा अवस्थित नेवार वस्ती थियो । चौरको सिरान-पुछार र लगभग बिचभागमा अवस्थित एक, तीनवटै चौताराहरू निकै चहलपहलका केन्द्रमा पर्थे । यात्रुहरूको थकाई मार्ने, गाउँलेहरू घरका कामबाट फुर्सद मिलेका बेला चौतारामा गफिने । त्यति मात्र कहाँ हो र ? गोरखा नाटक समितिले दसैं-तिहारको बिदामा नाटक प्रदर्शन गर्ने वा यिनै चौताराका बरपीपलका छहारीमा बसेर गाउँका ठूलाबडाले सामूहिक कामका बाँडफाँड गर्थे, नयाँनयाँ सूचना सुनाउँथे । गाउँलेहरूका सानाठूला समस्याका समाधान खोज्ने साझा थलो यिनै चौतारीका पेटीमा बसेर सम्पन्न गर्थे पुरुषहरू । आजकालका सभाहलका पूर्वरूप - यस्ता चौताराहरूमा गरिने न्याय, निसाफ र निर्णयजस्ता सार्वजनिक जीवनमा महिलाको पहुँच उति थिएन । तैपनि यिनै चौतारीका बगलमा दशैंताका बनेका रोहटे पिङ र वरका तेर्सा हाँगामा झुण्ड्याइएका लहरे पिङमा महिलाहरू पनि रमाउँथे, भलै

पुरुषको तुलनामा महिलाको सङ्ख्या निकै कम हुन्थ्यो भने समयका हिसाबले पनि कहिलेकाहीँ एकाध घण्टा झुल्कन्ने मात्र हुन्थे ।

हो, यिनै विगतका स्मृतिमा रूमलिँदै गर्दा गाडी कुन सड्को बड्डाँडा कटेर माथि पुगिसकेछ । मैले न त तलमाथि लमतन्न परेको चौर देखेँ, न नेवार हटिया, न त तलमाथिका चौतारा नै । कतापट्टि छोडिए होलान् ती गहिरो शीतल प्रदान गर्ने बरपीपलका रूखहरू ? तिनको हिफाजत र सुरक्षाका लागि यत्नसाथ चिटिएका ढुङ्गे पेटीहरू ?

यिनै चौतारी पेटीमा बसेर हामी पसिना सुकाउँथ्यौ । फिरफिर हल्लने पातला पात बोकेका पीपल र सूर्यको प्रचण्ड रापलाई फर्काउने क्षमता भएका बाक्ला पातधारी वरलाई पतिपत्नीको रूपमा स्थापित गरी आदरका साथ पुज्थे गाउँलेहरू । जीवनमा एकै पटक भए पनि बरपीपल रोप्ने, चौतारो चिट्ने र उत्सवको रूपमा पूजाआजासहित प्राण प्रतिष्ठा गर्ने रहर हुन्थ्यो अधिकांश नरनारीलाई । बाल्यकालमा म पनि यस्ता दुईचारवटा प्रतिष्ठामा सहभागी बनेकी थिएँ । प्रकृतिमा उपलब्ध हज्जारौँ वनस्पतिबाट उत्तम केहीलाई आफ्नो अनुकूल प्रयोगका लागि रोज्नु र तिनलाई जोगाउने उपायका लागि सर्वसाधारणमा आस्था जगाउने यस्ता उपाययुक्त कला विछट्टकै सिपालुले प्रारम्भ गरेको हुनुपर्छ । ऊबेला चौतारीको प्रतिष्ठाका लागि गरिने पूजाआजा, भोजभतेर मेरा र मेरा सङ्गीहरूका लागि रमाइलो उत्सव थियो । परन्तु अधिकांश गाउँलेहरूका लागि आस्थाको विषयवस्तु र पुण्य कमाउने सुअवसर पनि थिए यस्ता सार्वजनिक स्थलका निर्माण र बोटबिरूवाको जगेर्ना गर्ने तौरतरिका । बुझ्दै ल्याउँदा आजका वातावरणविद्हरूले औँल्याउन लागेका प्राकृतिक विनाशबाट जोगिने उपाय पो रहेछन्, सबै क्रियाकलाप । मार्विन ह्यारिसले भनेझैँ, संस्कृतिका जुनै पनि व्यवहार जतिसुकै अनौठा र अनर्थका लागे पनि तिनको अन्तर्यमा कुनै न कुनै गतिला कारणहरू सम्बन्धित हुन्छन् भन्ने कथन अत्यन्त उपयुक्त सावित भएझैँ लाग्छ ।

हो, यिनै चौरातीहरूले घेरिएको बड्डाँडा खोज्दै थिए मेरा चञ्चल आँखाहरू । अहँ, देख्दै देखिनँ । अनि त शङ्का लागेर सोधेँ भाइलाई “अझै आइपुगिएको छैन बड्डाँडा ?”

“लौ अघि नै कटिसकियो बड्डाँडा, अब त हाम्रै घर आइपुगियो” भरतले उत्तर दिँदानदिँदै अगाडि एक साइनबोर्ड देखियो । लेखेको थियो ‘**पण्डित गाउँ**’ ।

यो पनि नौलै हो मेरा लागि पहिला ‘पण्डित गाम’ भनिन्थ्यो, नलेखेरै चिनिन्थ्यो । अहिले लेख्न थालिएछ । सडक बनेका छन्, गाडी कुदेका छन् । पृथ्वी राजमार्ग एकाध

घण्टामा पुगिन्छ, अनि त पूर्व-पश्चिम, उत्तर-दक्षिण जता गए पनि भयो । विकासले ल्याएको सुविधा भोगेका छन् गाउँलेले पनि । तर गाउँमा पण्डितहरू घट्दै छन् । धारा, पानी, बिजुली, बाटोजस्ता विकास गाउँ पुगेका छन्, मानिस सहर पसेका छन् । नेपालका सारा गाउँको साझा कथा बोकेको छ मेरो गाउँले पनि ।

भोलिपल्ट बिहानै मैले गाउँको फेरो मारेँ । उत्तर सिरानघरदेखि दक्षिण पुच्छार घरसम्म । पूर्व साउनेपानी र गल्लीपारिदेखि पैह्राको स्कुल तिंदुबोटसम्म । म खोज्दै थिएँ रातोमाटो र कमेरोले लपक्क लिपेका पिँडी र भित्ताहरू, कालो खोटोले रङ्गयाइएका झ्यालढोकाहरू, चौकोस, नाल र दलिनहरू । हरेक घरका आँगनका छेउछाउमा फुलेका सयपत्री, मखमली, सर्वदा र करबिर, बेली, चमेली, इन्द्रकमलको बासनामा आह्लादित हुन खोज्दै थिएँ म । कठै ! मेरो चाहनामा तुरून्तै तुसारापात लाग्यो, अधिकांश रित्ता घरहरूमा ताल्चा लागेका छन् । कुनै घर भत्केका छन्, नभत्केका घरका चिराचिरा परेका पिँडी, खस्केका डिल, नाल र दलिनमा माकुराको फुस्रा जाला झुण्डिएका छन्, आँगनभरि कि त गन्देझार फुलेको छ, कि त तितेपातीको झ्याङ बढेको छ । कुनैकुनै घरमा जीवनको आश र उत्साह गुमाइसकेका किन्तु सास अडिएका बुढाबुढीले कुरेका छन् ।

❑❑❑

विकासका सिद्धान्त पढ्दा शिक्षा एक प्रमुख मापन हो भनिन्छ । पढेलेखेका मान्छे भए गाउँ सप्रिन्छ भन्ने बुझेका हौँ हामीले । यस मान्यतालाई आधार मान्दा मेरो माइती गाउँ आज हैन उति बेला नै सप्रेको गाउँ हो । अर्थात् म सानो हुँदा नै, अझ स्पष्टसँग भनौँ, पाँचसात दशकपहिले नै एक शिक्षित र विकसित भनिने ठाउँ हो लिगलिग, जुन ठाउँको नामै 'पण्डित गाउँ' हो । नामै काफी छ, गाउँको स्थिति बुझाउन । जहाँ घरघरमा बनारसबाट मध्यमा, शास्त्री, आचार्य डिग्रीधारी पुरुषहरू बस्थे, कर्मकाण्ड गराउन सबै खप्पिस थिए । अधिकांश पण्डितहरू सप्ताह र पुराण लगाउन वरपरका वस्तीहरूमा गइरहन्थे । हात हेराउने र चिना बनाउने ज्योतिषीहरूलाई फुर्सदै हुँदैन थियो ।

समयको चेत बदलियो । मानिसको आवश्यकता बदलियो । विस्तारविस्तार घरघरमा अङ्ग्रेजी डिग्रीधारी पुरुषहरू बढ्दै गए । सँगै सरकारी कर्मचारी बढे, शिक्षक, प्रहरी, अमिन, वकिल, बैंकर, राजनीतिज्ञहरू पनि बढे । घरघरमा शिक्षक, डाक्टर, इञ्जिनियर, सरकारी जागिरे, एक न एक प्रतिष्ठित व्यक्तित्व त छन् । यो त्यस्तो गाउँ थियो, जहाँ एकदुई घर पाउन पनि दुर्लभै थियो, जुन घरका पुरुष यस्तै यस्तै प्रतिष्ठित पेसामा संलग्न नभएका होऊन् । यो यस्तो गाउँ हो, जहाँ पण्डितको सङ्ख्या मात्र

धेरै होइन, बीसको हाराहारी घरधुरीबाट चारचार जना त क्याबिनेटस्तरीय मन्त्री नै बनिसकेका छन्, दुईतीन दशकको अन्तरालमा। देशले अनेक राजनैतिक व्यवस्था रूपी चोला फेर्दै गएसँगै पण्डित गाउँका पण्डितहरूले जुनसुकै व्यवस्थामा पनि पहुँच बनाउन सफल हुँदै गए।

शिक्षा र विकासको सम्बन्धको कुरा गरेपछि पठितहरू धेरै भएको गाउँ विकसित हुन्छ भनेर जोकोहिले अनुमान मात्र होइन पूर्व घोषणा नै गर्ने गर्छन्। यो डाइरेक्टली रेसिप्रोकल अर्थात् शिक्षित बढ्दा उनीहरूको गाउँको पनि विकास हुन्छ भन्ने सिद्धान्त सबैले स्वीकार्छन्। तर विडम्बना भनौँ कि के भनौँ, यो सिद्धान्त पूरै फेल खाएको छ, पण्डित गाउँमा। प्रथमतः दिउँसोको घाम जत्तिकै छर्लङ्ग छ; जो पढ्यो ऊ बन्यो, जो बन्यो उसले गाउँ छोड्यो। अहिले नेपालमा युवा पलायनको जुन विकराल स्थितिको चिन्ता गरिन्छ नि हो त्यो स्थिति पण्डित गाउँले २०२० को दशकबाट भोग्न शुरू गरेको हो। पण्डितका छोराहरू त बने, पण्डित गाउँको उन्नति हैन अवनति नै भयो भन्दा हुन्छ। भलै, चित्त कसरी बुझाउनुपर्छ भने, नेपालका प्रायः हरेक गाउँको अवस्था यस्तै हो। गाउँवाट सहर, सहरबाट देशविदेश। आफ्नो खुबीअनुसारको अवसरको खोजी र उन्नतिका लागि चलाई मान छ अहिलेको मानव समाज। मेरा गाउँले दाजुभाइ पनि सरे एक ठाउँबाट अर्को ठाउँ, अर्कोबाट झन् अर्को ठाउँ।

❑❑❑

दिउँसो आफूले अध्ययन गरेको अमरज्योति जनता हाईस्कुल पुग्ने योजना त पूरा भएकै हो। तैपनि मनमा केही नपुगेजस्तो, केही नभेटेजस्तो, खै कस्तोकस्तो, घरबाट पैदल हिँड्दा झण्डैँ एक घण्टा लाग्ने स्कुलमा गाडीले दशै मिनेटमा पुऱ्यायो। यस्तो सुविधाले पनि मलाई भने आनन्द दिएन। ऊ बेला हामी दगुर्दै तलतल जाँदै गर्दा बाटामा घाँस र दाउराका भारी बोकेका दिदीबहिनीहरूले पनि हाँस्दै हामीलाई “के छ सञ्चै छौ ? पढाइ कास्तो छ ? परीक्षा आउने बेला भयो ? राम्रो पढ ल” जस्ता अनेक प्रश्न सोध्ने र अर्ती दिने गर्थे। चौतारीमा घाँस र दाउराका भारी बिसाएकाहरूले पटुकीमा लगेको मकै, भट्ट दिन्थे। कहिले धुलैधुलोमा रङ्गिनु, सुकेका सालका पातले छोपिएको बाटोमा खुट्टाले स्यारस्यार पार्दै अघि बढ्नु, कहिले रातोमाटोको चिप्लैचिप्लोमा लड्नु, उठ्नु अनि बाटो लाग्नु हाम्रो नित्य कर्मजस्तै थियो। आधुनिकताको मापनका हिसाबले अहिले धेरै सुविधा छ तर के गर्नु ? आफ्नो मनले भने त्यही लडाइँ र पढाइ, त्यही मकै, भट्ट बाँड्ने दिदीबहिनीको हार्दिक व्यवहारको सुखानुभूति खोज्दै थियो।

स्कुलका नयाँनयाँ भवनहरू छन्, सफासुग्घर र व्यवस्थित देखिन्छ वातावरण।

सप्लाई को पानी पनि प्रशस्तै छ - विकासको अर्को इण्डिकेटर । मास्टर र विद्यार्थीलाई हाम्रो पालामा जस्तो दुःख छैन भन्नुपर्‍यो परन्तु म खोज्दो रहेछु तिनै झुप्राझाप्री, ओरालो बाटोबाट झर्दै, तल फेदीको धाराबाट माटाका ससाना भुँड्कामा पानी बोकेर उकालो चढेका हामी । पसिना बहाउँदै उकालो चढ्नु परेकोमा न दुःखको अनुभूति हुन्थ्यो, न कुनै गुनासो । हरेक परिस्थितिको विगत र वर्तमानको तुलना गर्दै छ यो मनले ।

एक मनले भन्छ मानिसले आफ्नो सुख र सुविधाका लागि सृजना गरेका सबै कुरा उन्नत छन्, परिस्कृत छन् । त्यसैले मानिस खुसी पनि होलान्, तैपनि मेरो मन उही विगतको अविकसित, अपरिष्कृत अवस्था खोज्दो रहेछ । आफ्नै पालाका साँघुरा गोरेटो र घोडेटोमा डुल्दै, पानी पँधेराका गल्लीगल्ली तलमाथि गर्दै, वनको बाटो काट्दै गर्दा सालका रूखमा बढ्दै गरेका चिल्ला पालुवा हेर्दै र तिनै रूखबाट झरेका पातले छोपिएका बाटामा हिँड्दा पातको घर्षणबाट निस्केको स्यारस्यारमा रमाउँला भनेर गएकी थिएँ म मेरो गाउँ ।

❒❒❒

दुईवटा स्कुलको लगभग बिचमा हाम्रो गाउँ थियो । कक्षा छमा पढ्ने बेलामात्र म लुइँटेलमा भर्ना भएकी थिएँ । यसै सालमात्रै अमरज्योति हाईस्कुल बनेको थियो । लुइँटेलमा अवस्थित त्यो स्कुल पुग्न हामीलाई झण्डै एक घण्टा लाग्थ्यो भने त्यसभन्दा पहिले मैले प्राथमिकस्तरको अध्ययन गरेको आँपपीपल जनता स्कुलमा पुग्न डेढ घण्टाभन्दा बढ्ता लाग्थ्यो र त्योभन्दा अलिक पर हर्मी भञ्ज्याङ थियो/छ । चारदशकपछि बल्लबल्ल पुगेका बेला आँपपीपल र हर्मीसम्म पनि डुल्ने योजना बन्यो ।

तेस्रो दिन लाग्यौँ हामी उकालो । गाडीमा घुइँकिदै जाँदा झ्यालबाट मैले बाहिर हेरिरहेँ । जुडीखेतका गरामा हलक्क हल्केको धानको बिउमाथि लडीबुडी खेलेको सम्झिएँ, साउनेपानीका बारीका कान्लामा लत्रिएका लहराबाट बोडी टिपेर चपाउँदै पहरातिर उकालो लागेको र कृष्णदाइको नेतृत्वमा आफूले पनि खनेर छोटो बनाएको बाटो हेर्ने प्रयास गरेँ तन्कीतन्की । तर्पाएँतर्पाएँ उकालो चढिसकेपछि आउने तेर्सो बाटोको कुनाको कुवामा भ्यागुता उफ्रेर पानीमा तैरेको हेर्दै लामै समय बिताउँथ्यौँ हामी, त्यही भ्यागुते कुवामा भ्यागुता देख्ने उत्सुकता उत्तिकै । उत्सुकता मनमा उठ्यो, मनमा नै हराउँदै गयो । अहिले बनेको बाटो त घरबाट उत्तर हुँदै गएछ जबकि हामी पूर्वीतिर लाग्थ्यौँ । न जुडीखेत देखेँ, न भ्यागुते कुवा । आफूले खनेको बाटो कता तलै छोडिएछ, एक्कासि बिजुलेको डाँडामा पुगियो रे !

ठिकै छ । यो पनि मेरो मनलाई कुत्कुत्याइरहने ठाउँ नै हो, जहाँ पुगेर निधार

र गलाबाट धरधर बगेका पसिनाका धारा पुछ्दै चौताराको पेटीमा बसेर पसिना सुकाउँदै चारैतिर नजर डुलाउँथ्यौँ । यद्यपि आज पसिना सुकाउनु थिएन तैपनि गाडीबाट ओर्लेर चौतारो खोजेँ मैले । खै कता छोडियो कि भत्काइयो, चौतारो देखिएन । यही डाँडो हो जहाँबाट हामी आफ्नो गाउँ र मावली गाउँ दुवैतिर हेरेर प्रफुल्ल बन्थ्यौँ । मावली गाउँमात्र होइन मामाहरूका बडेबडे बिल्डिङ छर्लङ्गै देखिन्थे । मामाका तिनै घरहरू अरूलाई देखाएर हामी सुपेरियर अनुभूत गर्थ्यौँ । मामाहरू सुखसुविधाको खोजमा कोही चितवन, काठमाडौँ पुगिसके, घर बेचिए भत्किए - के के भए । त्यसैले अरूसँग धाक देखाउने कुरा पनि रहेन अब । खैर, त्यसबेलाको जस्तो सुपेरियर बन्ने उत्सुकता पनि छैन अहिले । तैपनि एक पटक पुग्ने धोको मेट्ने इच्छा ।

पारिपारितिर सेता हिमाल टल्किए - बौद्ध, हिमालचुली, मनास्लु । यिनै तीन टाकुराको नाममा विभक्त भएर हामी भलिबल र ब्याडमिन्टन खेल्थ्यौँ, दौडन्थ्यौँ, हाइजम्प, लङजम्प अनि के के खेल खेल्थ्यौँ । पहिला हुनेले पाँच, दोस्रा हुनेले तीन र तेस्रा हुनेले आफ्नो हाउसलाई एक नम्बर दिन्थे । खेलका अतिरिक्त हरेक कक्षामा पहिला, दोस्रा हुनेले पनि त्यसै गरी आफ्नो हाउसलाई नम्बर दिन्थे । मैले पनि खेल खेलेर, क्लासमा पहिला, दोस्रा भएर बौद्ध हाउसलाई धेरै नै नम्बर दिएकी हुँ उतिबेला । हरेकले दिएको अङ्क जोडेर हाउसहरू पहिला, दोस्रा र तेस्रा हुने गर्थे । मेरो ‘बौद्ध हाउस’ पनि कहिले पहिला, कहिले दोस्रा त कहिले तेस्रा नै हुन पुग्थ्यो ।

पूर्वतिर हर्मी, छोप्राक र गोरखा सदरमुकामको डाँडा, सिमपानी र भुसुण्डी फाँट देखिए । दक्षिणतिर आफ्नै गाउँ, लुइँटेल बड्डाँडा देखियो भने पश्चिमतिर रागीनास, तीनपीप्लेका पहेँलपुर फाँट देखिए । तर हामी तिर्खाउँदा पानी पिउने जोगीको रातोमाटोले लपक्क लिपेको सफा घर देखिएन । शरीरमा गेरू रङ्गको धोतीचोलो र टाउकोमा सेतो मजेत्रो बाँध्ने जोगिनी आमा कता गइन् होला अहिले ? हाम्रा मामा र अरूहरूजस्तै सुखसुविधा खोज्दै अन्यत्र कतै सरिन् होला ? कसलाई सोध्नू ? आफैँले सोधेँ, आफैँले उत्तर गेस गरेँ - जमाना नै आप्रवासनको छ । आफू चरिरहेको चउरभन्दा पारिपट्टिको घाँस हरियो देख्ने गाईजस्तै मानिसलाई आफ्नोभन्दा अर्को नै राम्रो लाग्दैछ । जोगिनी आमा पनि त्यही रेसमा कतै पुगिन् होला ।

यो त्यही बिजुलेको डाँडा हो जहाँ बडेबडे तिंदुका रूख ठडिएका थिए । खै ती रूख अहिले ? ढले कि, मरे कि, डोजरले उखेले ? हामी माथिमाथि लाग्दा काफल बेच्न तलतल झर्ने लेकाली दिदीबहिनीको व्यापारले आजका अर्थशास्त्रका विद्यार्थीलाई वार्टर युगको सम्झना गराउँला, पत्याउन गाह्रो होला तर कुरा सत्य हो ।

लेकमा टिपेका काफल हाम्रा गाउँघरतिर पसेर चामल, मास, मस्याङसँग साट्नेहरूसित हामी बाटामा पाँचदस पैसामा काफल किन्ने गर्थ्यौँ । बाटाका छेउछाउ पहेँलपुर ऐँसेलु त हामी आफै टिप्थ्यौँ । काँडाले कोर्थ्यो, हात-पाखुराबाट रगत पनि आउँथ्यो, स्कुल जान ढिला त हुन्थ्यो नै तैपनि आठदस टोप्रा रसिला ऐँसेलु नखाई पैताला मरेकाटे अघि सर्दै सर्दैनथे । नजर माथिमाथि लिगलिग डाँडामा पुग्यो । स्मरणमा रहेको राताम्मे लालीगुराँसको नामोनिसानो थिएन । हुन त बेमौसममा खोज्नु मेरो मूर्खता नै हो ।

विगत सम्झेर कति विलौना गर्छ्यौँ हो ?

पेसिमिस्टिक क्या ।

केही त राम्रा कुरा छन् नि हो ।

हो त गाउँगाउँमा मोटर पुगेका छन्, घरघरमा धारा, बिजुली बत्ती, राम्राराम्रा स्कुल बिल्डिङ, के यी प्रशंसा गर्न योग्य कुराहरू हैनन् ?

गाडीभरिका दाजुभाइ, दिदीबहिनीले मेरा अनगिन्ती गुनासा सुनेर प्रतिगुनासाका वर्षा गरे ।

हो त मैले आफूलाई सह्माल्ने प्रयत्न गरेँ । विगतलाई भुलेर आगतमा रमाउने कोशिस गरेँ ।

"अब खोल्ली गाउँ पस्यो गाडी" सरोजले भने ।

आँपपीपल र हर्मीसम्म पुग्ने योजना मुताविक गाडी गुड्न थाल्यो । 'खोल्ली गाउँ' भन्ने वित्तिकै मैले भर्खर दबाउन खोजेको नोस्टालजिया फेरि चल्मलाउन थाल्यो ।

खोल्ली भन्नासाथ मैले त्यो अजङ्गको भीर सम्झिएँ, जहाँबाट हामी लडिएला पक भनेर भित्तातिर टाँसिएर डराईडराई अघि बढ्थ्यौँ । भीरका अक्करअक्करबाट गाँजका गाँज बाबियो त्यसरी नै लर्कँदै होलान् ? कतापट्टि परे होलान् ती भीरछेउका गराबारी ? जहाँ मेरी आमा (विद्यादेवी) ले माइतीबाट फर्कँदै गर्दा बाटैमा आफ्नो कान्छो सन्तान (लक्ष्मणमणि) लाई जन्म दिएकी थिइन् । आफैँले एउटा धारिलो ढुङ्गा उठाएर बच्चा र सालनाल छुट्याइन् अनि आफूले नै लगाइराखेको धोती च्यातिन्, आधाले आफ्नो लाज ढाकिन् अनि आधा टुक्रामा नवजात शिशुलाई बेरबार पारेर घरतिर बढेकी थिइन् । यस डरलाग्दो भीरसँगै जोडिएका गरासँग मेरी आमाको अदम्य साहसको कथा जोडिएको छ । यो कुरा सत्य हो, तर धेरैलाई परीका काल्पनिक कथाजस्तो लाग्नसक्छ । त्यहीँनेर पुग्दा त्यस्तो अद्वितीय घटना सम्झन छोडेर के नयाँ कुरा खोज्नु खै ?

खोल्लीमा पुग्दा डरलाग्दो सुख्खा भीर-पहराको स्मृतिमात्र होइन, यसको माथि ठकुरी गाउँमा रसिला नास्पाती सके चोरेर खाने, नसके किन्ने र भीरको तल्लोपट्टिको

मगर गाउँबाट सुका-मोहर तिरेर झोलाभरि सुन्तला खाँदै घर पुगेका याद पनि रसिला सुन्तलाजस्तै ताजै छन् मेरा मनमा ।

आँपपीपल जनता स्कुल जहाँ मैले चार वर्ष बिताएकी थिएँ, पाँच कक्षासम्मको अध्ययनका लागि । स्कुलका भवन अत्याधुनिक बने छन् । अध्ययन-अध्यापनको अवस्था खोज्ने उद्देश्य थिएन । बाहिरी आवरणका परिवर्तन हेर्दै ठिकै भयो । क्रिश्चियन मिसिनरीहरूले खोलेको उक्त स्कुलका वरपर गोराहरूका सफा भवनहरू प्रायः सबै भग्नावशेषमा परिणत भइसकेछन् । आफ्नो पालामा व्यस्त र गुल्जार आँपपीपल बजारको अस्तित्त्व यसरी ह्रास भएछ कि अब बजार हैन कताकति एकदुई, एकदुई देखिए घरहरू । मानिसले मात्र होइन बस्ती र बजारहरूले पनि शैशव, यौवन र वृद्धावस्था पार गर्ने रहेछन् । वास्तवमा आधुनिकीकरण, सहरीकरणसँगै ठूला राजमार्ग छेउछाउका बाहेक हाम्रा अधिकांश पुराना गाउँ र बजारहरूले विकासको अपेक्षा विपरीत यस्तै परिणाम भोगिरहेका छन् ।

आँपपीपल कटेपछि चारपाँच किलोमिटरको दुरीमा रहेको मामाघर पुग्ने योजना मुताविक गाडी अगाडि बढाउन भनियो ड्राइभरलाई । मामाहरू यहाँबाट विस्थापित भएको धेरै वर्ष भइसकेको थियो तापनि हर्मी भञ्ज्याङप्रतिको नोस्टाल्जियाले त्यता डोऱ्यायो हामीलाई, विशेष गरेर मलाई । आँपपीपल स्कुलमा पढ्दाखेरी अधिकांश दिन पुग्ने मामाघर, हरियो, रसिलो बस्ती हर्मी भञ्ज्याङले पनि अनेक चोला फेरेछ । मामाका घरहरू एउटा पनि छैनन् । बारी र खेतका डिलका अनगिन्ति बेलौतीका बोट मासिएछन्, भञ्ज्याङका भत्किएका चौतारा, साँघुरिएको चौर यस्तैयस्तै ।

मैले त्यो ऐतिहासिक पर्खाल खोजेँ । त्यस विशाल पर्खालको अनौठो कथा सम्झेर म ठिङ्ग उभिइरहेँ । पर्खाल निर्माण गर्दागर्दै बिरामी परेका हाम्रा बुढा हजुरबा (नारायणदत्त/दौडीदत्त)लाई गाउँलेले बाँच्ने आशा मारेर सास छँदै चेपे नदी छेउ पुऱ्याउने हेतुले जलाश्रय लगेछन् । नदीछेउमा उहाँको अन्तिम संस्कारका लागि पर्खिरहेका झण्डै-मलामी भन्नुपर्नेहरूलाई चकित पार्दै बौरिएका बुढा हजुरबा जुरुक्क उठेर भन्नुभएछ, "छोरो (दामोदर) बाँचिरहेको भए ज्यूँदै घाटमा ल्याउँथ्यो ? नाति (दुर्गादत्त ढकाल) ले सम्पत्ति खान ज्यूँदै ल्याएको - ए गोविन्दे ! (सापकोटा) ले मेरो लौरो, बोक मलाई, लैजा घर" भन्दै मृत्युको मुखबाट फर्कनु भएका बुढा हजुरबा आफूले बनाउँदै गरेको करिब चार सय मिटर लामो र चार फिट अग्लो पर्खालको निर्माण सम्पन्न गरिसकेपछि मात्रै उहाँ बित्नुभएको थियो रे ! उक्त ऐतिहासिक पर्खालले हजुरबाको बाँच्ने जिजीविषा र अदम्य साहसको सम्झना गराउँछ मलाई । पर्खालको

इतिहास सम्झैं, पर्खाल थिएन। पर्खाल त थिएनथिएन ढुङ्गा पनि देखिएनन्।

बारीतिर पाक्न लागेका पँदेल मिचिमिची गिलो बनाएर खान्छन् होला कसैले आजकल ? हामीले झैं नै माटोभित्रबाट निकालिएका खनायोका राता र रसिला दाना पखालेर खान रमाउने कोही होला अहिले ? आजकल असारको रोपाइँमा पञ्चैबाजा बज्ला कि नबज्ला ? बाजाको तालमा हिलोमा नाच्न रमाउने रोपाहार होलान् कि नाइँ ? असारे गीतमा बाउसेहरू र रोपाहारहरूको दोहोरी चल्ला कि नाइँ ?

हैन, मेरा अतीतका स्मृति यहाँ किन बढ्तै जुर्मुराएका होलान् ? भन्ने प्रश्नको उत्तर गाह्रो पनि त छैन - जसले जहाँ जे अनुभूत गऱ्यो त्यही त सम्झनामा आउने रहेछ।

मेरो प्रिय मामाघर ! यतिबिधि बिरानो बनेको छ र पनि मलाई अझै केही नपुगेजस्तो, केही पाउन बाँकीजस्तो लाग्दैछ। जताजतै जीर्णशीर्ण र नग्नभग्नजस्तो मात्रै लाग्दैछ।

मेरो विगत र विरक्तिका बयानले वाक्कदिक्क भएका गाडीमा सवार दाजुभाइ, दिदीबहिनीले त वर्तमानमा रमाउन बारम्बार सतर्क गरारहेकै थिए तैपनि म गनगनाउन छाडिन छु।

'अति सर्वत्र वर्जयेत्।' दुःखको बेला अरूले भनेर होइन, आफ्नो मन आफैँले बुझाउनुपर्छ भन्छन् ज्ञानीहरू।

नोस्टाल्जियामा मात्र रमाउने मेरो दुःखी मन देखेर मेरै मनको अर्को कुनाले मलाई आश्वस्त पार्दै भन्यो, "हजुरबा, हजुरआमा थिए र पो उनीहरूका ममताले तेरो दिल आह्लादित थियो। मामाहरू थिए र पो शानसौकत थियो, मामाका घोडा चढेर अरूमाथि धाकधक्कु लगाउन पाउँथिस्। हली-गोठालाहरू थिएर पो धरती हराभरा थियो, माइजूहरू थिए र पो भान्सामा बनेका अनेक व्यञ्जनको स्वादमा तुष्टि लिन्थिस्। तिनै अनेक परिस्थिति र व्यवस्थाको जमघटमा बिछट्ट रमाउँथिस्। अहिले कोही देउताका घरमा पुगे, बाँचेकाहरू पनि आफ्नो उन्नति खोज्दै तितरबितर भए। सबै आफ्नै पारामा रमाएकै छन्, तँ मात्र किन दुखित हुँदै छेस् ? उपलब्ध परिस्थितिमा रमाउन सिक, त्यसैमा तेरो भलाई छ।"

❐

संस्मरण

# सांस्कृतिक सुधारमा राजेश्वर देवकोटा र परिवारको भूमिका



❑ डा. ऋषि बस्ताकोटी
आँपपीपल, गोरखा

चालिस-पचासको दशकमा सांस्कृतिक रूपान्तरणका नारा सुन्दै हुर्केको पुस्ता मूलतः राजनीतिक परिवर्तनको सपनाहरूले आकर्षित भयो । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक सबै संरचनामा गहिरो र व्यापक परिवर्तन ल्याउने कुरा सर्वथा आकर्षण नै लाग्थ्यो । सांस्कृतिक सुधारका टुक्रेटाक्रे कुराहरू रूपान्तरणका अग्रगामी मूलमुद्दाका अगाडि अलि फिक्का नै लाग्थे । त्यो मलाई पनि लाग्यो जुन अस्वाभाविक पनि होइनन् । तर व्यवहारमा कति रूपान्तरित भइयो । हाम्रो व्यवहारले मूलतः के कस्तो संस्कृति र जीवन शैलीको पक्षपोषण गऱ्यो, हाम्रा क्रियाकलाप, आचार-व्यवहारले कस्तो संस्कृतिलाई मलजल गरिरहेछन् । अन्ततः त्यो नै प्रधान कुरा हुने रहेछ । यो लेखमा राजेश्वर देवकोटा र उहाँको परिवारले सांस्कृतिक सुधारका क्षेत्रमा लिएका पहलकदमीहरूका बारेमा छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

राजेश्वर देवकोटालाई कि त पञ्चायतको एक मूल हस्ती/राजनीतिकर्मी या त साहित्यकारको रूपमा चित्रित गरिन्छ । राजनीतिको कुरा हुँदा पक्षधरताको आधारमा आ-आफ्नै धारबाट मूल्याङ्कन हुने गर्छ । कुनै विन्दुबाट सही देखिएको अर्को विन्दुबाट हेर्दा गलत देखिएला । यद्यपि अनुदारवादी पञ्चायती राजमा पनि उनको छवि एक राष्ट्रभक्त र सुधारवादी नेताको रूपमा निर्विवाद स्थापित थियो । उनको साहित्यिक योगदानका बारेमा पनि साहित्यिक जगतमा विशेष चर्चा हुने गर्छ । यद्यपि राजेश्वर देवकोटा र उनका परिवारजनबाट भएका सांस्कृतिक सुधारका प्रयासहरू र तिनले समाज परिवर्तनमा खेलेको भूमिका बारे भने उति चर्चा गरिएको पाइन्न ।

बहसमा पस्नुभन्दा अगाडि सांस्कृतिक सुधार (Cultural Reform) के हो, अनि सांस्कृतिक रूपान्तरण (Cultural Transformation) के हो ? यिनका आधारभूत भेद चर्चा गर्नु उपयुक्त होला । यी दुई अलग सैद्धान्तिक अवधारणा हुन् । सरल किसिमले भन्दा सांस्कृतिक सुधार भन्नाले समाजको परम्परागत सांस्कृतिक मूल्य र व्यवहारमा सुधार ल्याउने प्रक्रिया हो । यसमा परम्परागत संस्कृतिको नकारात्मक पक्षलाई सुधार्ने

उद्देश्य हुन्छ । अनि परम्परागत सांस्कृतिक मूल्यहरूलाई नयाँ दृष्टिकोण र वैज्ञानिक सोचसँग मेल खाने गरी परिमार्जनको प्रयास गरिन्छ । पारिवारिक मूल्य र नैतिकता सुधार्ने उद्देश्यका साथ परम्परागत संस्कृतिमा सुधार ल्याउने प्रक्रिया, महिलालाई शिक्षा दिने, समान अधिकार दिने, बालविवाह र छुवाछूतजस्ता परम्पराहरूको विरोध गर्नु सांस्कृतिक सुधारका उदाहरण हुन् । सांस्कृतिक रूपान्तरण भनेको चाहिँ सांस्कृतिक संरचनामा गहिरो र व्यापक परिवर्तन ल्याउने प्रक्रिया हो । यसमा केवल सुधार होइन, एकै समयमा सांस्कृतिक मूल्य र विश्वास प्रणालीहरूको परिवर्तन पनि समावेश हुन्छ । सांस्कृतिक रूपान्तरणले पुरानो सोच र विश्वास प्रणालीलाई चुनौती दिन्छ र नयाँ सांस्कृतिक परिप्रेक्ष्यको निर्माण गर्दछ । यो प्रक्रिया समाजमा समग्र परिवर्तन र नयाँ सोचको आगमनलाई सङ्केत गर्छ ।

सानै उमेरदेखि राजनीतिक र सामाजिक रूपमा सचेत राजेश्वर देवकोटामा सांस्कृतिक सुधार र सांस्कृतिक रूपान्तरणले समाजको सामाजिक तथा आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछन् भन्ने दह्रो विश्वास थियो । राजनीतिक जीवनमा होस्, या लेखनीमा होस् या जीवनचर्यामा, देवकोटा सांस्कृतिक सुधारको लागि सचेत रहेको पाइन्छ । सांस्कृतिक सुधारका आवश्यक कदमहरूमा शिक्षा, महिला अधिकार, जातिवादको अन्त्य, र सहिष्णुताको प्रचारप्रसार आदिमा उनका कामहरू केन्द्रित देखिन्छन् । सांस्कृतिक सुधारको माध्यमबाट नेपालले आफ्नो परम्परागत सांस्कृतिक मूल्य र विश्वासमा सुधार गर्दै एक समृद्ध र समातमूलक समाजको निर्माण गर्न सकिन्छ भन्ने उनको सोच थियो ।

सांस्कृतिक सुधारका कदमहरू अहिलेको समयबाट हेर्दा सामान्य नै लागे पनि तत्कालीन अवस्थामा चाहिँ सामाजिक स्वीकार्यताका हिसाबले उति सहज हुँदैनन् । एक हिसाबले यी कामहरू एन्टी करेन्ट देखिन्छन् । कसैका आँखामा उग्रक्रान्तिकारी पनि देखिन्छन् । सांस्कृतिक सुधारका प्रयास एकाएक सबैतिर लागु भएका पनि देखिन्नन्, समय लाग्छ । बिस्तारै असल गुण भएको तत्त्व रगतमार्फत शरीरभरि फैलिए सरी समाजमा फैलिन्छन् र अन्ततः समाजको अभिन्न भाग बन्छन् । हेरौँ राजेश्वर देवकोटाले एकल या सङ्गठित रूपमा गर्नुभएका केही महत्त्वपूर्ण सांस्कृतिक सुधारका कदमहरू जसले हाम्रो समाजमा अग्रगमनको लागि दूरगामी असर पारेका छन् ।

नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको लागि 'जयतु संस्कृतम्' आन्दोलनको अहम् भूमिका छ । यसमा राजेश्वर देवकोटाको संलग्नता र नेतृत्वको बारे प्रशस्त चर्चा भएको छ । सांस्कृतिक कोणबाट हेर्दा यसलाई एक अग्रगामी कदमको रूपमा हेर्न सकिन्छ । घरबाटै अक्षरारम्भ गरी गाउँको पाठशालामा केही समय पढेपछि उच्च शिक्षा अध्ययनको लागि लिगलिग पण्डित गाउँबाट छ दिनको पैदल यात्रा

गरी काठमाडौँ आई रानीपोखरी संस्कृत पाठशालामा पढ्न थाले । त्यसको एक वर्षपछि तीनधारा पाकशालामा भर्ना भए । त्यहाँ भर्ना पाउने ब्राह्मण बटुकहरूका लागि त्यो एक हिसाबले आफ्ना लागि सुविधासम्पन्न अवसर नै थियो । त्यहाँ भर्ना पाएपछि खान, बस्न, पढ्न सबै निःशुल्क थियो । दिनको एक पैसा दक्षिणासमेत मिल्थ्यो । अन्तर्यमा भने ब्राह्मणहरूलाई पढाएर आफ्नै पक्षमा राख्ने, आफ्नै गुणगान गाइराख्ने बनाउने राणा शासकको एक प्रकारको प्रपन्च पनि थियो । सित्तैमा खान बस्न दिए पनि साँझ बिहानको भोजनअघि राणाजीहरूको जयजयकार गर्नुपर्थ्यो । राणाहरू रेडियो, अखबार आदि आफ्नोमात्र पहुँचमा राख्थे । बदलिँदो विश्व परिदृश्यबाट देश र दुनियाँलाई परै राख्न चाहन्थे । यो प्रपन्च विद्यार्थीहरूले बिस्तारै बुझ्न थाले । सरकारले छात्रावासमा निःशुल्क भोजन, बस्त्र यावत् उपलब्ध गराएर संस्कृत पढाएका ब्राह्मण बटुकहरू भूगोल र इतिहासजस्ता आधुनिक विषय पनि पढ्न पाउनुपर्छ भनेर विद्रोहमा निस्के । यो एक प्रकारको वैचारिक र सांस्कृतिक अभियान थियो । भारतका महात्मा गान्धीको सत्याग्रहबाट प्रभावित उनीहरूले पाठशालाभित्रै जुलुस निकाल्न थाले ।यो अभियानमा राजेश्वर देवकोटाका अतिरिक्त पूर्णप्रसाद ब्राह्मण, श्रीभद्र शर्मा, अच्युतराज रेग्मी, कमलराज रेग्मी, बलराम शर्मा, काशीनाथ गौतम आदिको अग्रपङ्क्तिमा सहभागिता थियो । २००४ सालमा सुरु भएको यो अभियान "जयतुसंस्कृतम्" आन्दोलनको रूपमा स्थापित भयो । यो आन्दोलनमा होमिएका राजेश्वर देवकोटा राजनीतिक रूपमा पनि स्थापित भए । अन्ततः जहानियाँ राणा शासन ढल्यो । शिक्षामाथि जनताको पहुँच बिस्तारै बढ्न थाल्यो ।

राजेश्वर देवकोटा जन्मेका बखत उनका गाउँ वरपर पाठशाला थिएनन् । उनकै पिताजी पण्डित हरिभक्त देवकोटा र केही समकालीनहरूका पहलमा राजेश्वरकै पिँढीमा गुरुकुल परम्पराअनुसार पढाउन थालियो । त्यहाँ गोरखा, धादिङ, चितवन, लम्जुङ, तनहुँ, नुवाकोट आदि ठाउँबाट मानिसहरू पढ्न आउँथे । समाजमा परिवर्तन आवश्यक छ भनेर हरिभक्त देवकोटाले मूलतः संस्कृत गुरुकुलमा हुँदा नै काठमाडौँबाट एक अङ्ग्रेजी शिक्षक मगाएर घरमै राखेर आफ्नै छोरा र गाउँका अन्य केटाकेटीहरूलाई अङ्ग्रेजी सिकाउन थाले । पण्डित गाउँमा गुरुकुलमा अङ्ग्रेजी विद्या सिकाउनु तत्समयका लागि क्रान्तिकारी कदम नै थियो । सोही समयतिर पण्डित हरिभक्तले विद्यादेवी देवकोटालाई पनि प्रौढ शिक्षा चलाउन सहयोग गर्दै महिला शिक्षाको सुरुवात गरे । महिला जागरणको लागि त्यो अर्को साहसिक कदम थियो ।

त्यतिखेर यसरी सामाजिक सुधार र राजनीतिमा लाग्दालाग्दै पण्डित हरिभक्तको परिवारलाई भातपानीमा पनि काडियो । त्यसपछि उनको घरमै छाउने कर्मीहरूलाई समेत अवरोध गर्नेजस्ता काम भए । ती नियमित केही न केही चलिरहनुपर्ने वार्षिकी

श्रद्धासुमन, तिथिमिथिका पूजापाठहरूमा पनि अवरोध उठाइन थाले । जजमानी छुट्यो र आर्थिक कठिनाइ पर्न आयो । तर "शिक्षालाई अगाडि बढाउनुपर्छ र जातिभेद र लिङ्गभेद अन्त गर्नुपर्छ र शिक्षामा समानता हुनुपर्छ" भन्ने मूल नारालाई हरिभक्त स्वयम्ले र उनका पुत्र राजेश्वरले निरन्तरता दिइरहे । २००८ सालमा राजेश्वरकी पुत्री इन्दिराको जन्म भएपछि हरिभक्तले नातिनीलाई भारतको लखनौमा लगेर पढाउँछु भन्ने प्रण गरेको कुरा राजेश्वर देवकोटाले आफ्नो **आत्मसंस्मरण**मा उल्लेख गरेका छन् । छोरीलाई पढाउनु, त्यसमाथि पनि घरबाट पर विदेश नै लगेर पढाउने कुरा त्यति बेलाको पुरातनवादी समाजमा कल्पनाबाहिरको क्रान्तिकारी कुरा नै थियो ।

संस्कृत गुरुकुलबाट सुरु भएको अभियान पछि गएर हरिभक्त पण्डितको पहल र अन्य गाउँलेहरूको सहयोगमा लिगलिग पण्डित गाउँमा 'जयन्ती पाठशाला'को स्थापना गरियो । राणाकालको त्यो समयमा गोरखाको त्यो दुर्गम गाउँमा विद्यालय खोलेर पढाउनु भनेको ठुलै सांस्कृतिक फड्को थियो । यसले गोरखाको स्थानीय भेगमा शिक्षा र चेतनाको बिस्तारमा उल्लेख्य योगदान पुऱ्याएको हो ।

जीवनमा ज्ञानविज्ञान र सांस्कृतिक चेतना राजेश्वर देवकोटाका जहिले पनि प्राथमिकतामा रहेको पाइन्छ । शिक्षामा सबैको पहुँच भयो भने जातीय र लैङ्गिक विभेदको अन्त्य हुन्छ, प्रविधिको आधुनिकीकरणले स्थान पाउँछ । र जरो गाढेको रूढिवादले बिदा पाउँछ भन्ने उहाँको विश्वास थियो । राजेश्वर देवकोटाका पालामा बाहुन गाउँमा जातिभेद नबार्नेलाई आफ्नो पङ्क्तिबाट हटाइदिने र भात काड्ने गरिन्थ्यो । क्रान्तिपछि जातिभेद गर्नु निषिद्ध थियो, तर सामाजिक चेतनामा परिवर्तन नआएसम्म त्यो कार्यान्वित हुन सक्दैनथ्यो । राजेश्वरमा यस कुराको राम्रो हेक्का थियो । त्यसको निमित्त शिक्षा विस्तार आवश्यक थियो, यसैले उनी सर्वप्रथम त्यसै काममा लागिपरे, पिताले उति बेलै अङ्ग्रेजी भाषा पनि पढाउन सक्ने शिक्षक काठमाडौँबाट गाउँमा लागेको देखेभोगेका राजेश्वर त्यत्तिले विद्यालय सञ्चालन हुन नसक्ने देखेर दाताको खोजीमा थिए ।

राजेश्वर देवकोटाको **आत्मकथा**मा उल्लेख भएअनुसार "युनाइटेड मिसन" काठमाडौँबाहिर पनि आफ्नो सेवा विस्तार गर्नका लागि स्वीकृति खोज्दै छ भन्ने थाहा पाएपछि उनले मिसनका अधिकारीहरूलाई भेटेर प्रस्ताव राखे - "तिमीहरू गोरखा जान्छौँ, धर्म परिवर्तन गराउने काममा लाग्दैनौँ भने स्वीकृति दिलाउँला ।" पछि यी दुवै शर्त उनीहरूले स्वीकार गरे र आँपपिपलको भञ्ज्याङमा बस्न रुचाए । स्कुल खुल्यो, अस्पताल पनि खुल्यो, कृषिको आधुनिक प्रविधिको ज्ञान दिने व्यवस्था भयो । तर त्यहाँको ब्राह्मण समाजले यो सब रुचाएन, विरोध पनि भयो । यद्यपि उनीहरूको विरोधको आधार कमजोर थियो । केटाकेटीलाई अङ्ग्रेजी पढाउनु पर्छ भन्नेको

सङ्ख्या बलियो भयो । **आत्मकथा**मा उल्लेख भएअनुसार अनि पाका पुरानाबाट यो पङ्क्तिकारलाई जानकारी भएअनुसार केही समयपछि बाहुन-क्षत्रीको हैकम बिस्तारै घट्यो र जातिभेद पनि फितलो हुँदै गयो । त्यसपछि बाहुन-क्षत्रीको समाजमा भात काड्ने प्रथाले हास्यास्पद रूप लियो ।

शिक्षाको विस्तारमा राजेश्वरको ठुलो दिलचस्पी रहेको थियो । गण्डकी बोर्डिङ स्कुल लामाचौर, पोखराको स्थापना होस् कि गोरखाका विभिन्न विद्यालयहरूको स्थापना गरी शिक्षालाई जनताको पहुँचमा पुऱ्याउनमा होस् राजेश्वर देवकोटाको अग्रणी भूमिका देखिन्छ । यो अभियानमा शिक्षामा समर्पित जनसमुदायको पनि समर्थन र सहयोग गर्दै आए । शिक्षाको विस्तारले सांस्कृतिक सुधारका अनेक आयाममा प्रभाव पारेको पाइन्छ ।

राजेश्वर देवकोटा जुन युग र जुन समाजमा जन्मे, त्यो समय र समाज एक प्रकारले रूढिवादी समाज नै थियो । यस्तो समाजमा परम्परागत विश्वास र अभ्यासहरूलाई निरन्तर पालन गर्दै चलिआएको धर्म, संस्कार र सामाजिक संरचनामा परिवर्तनको विरोध गर्नु स्वाभाविक थियो । जसमा मूर्ति पूजा, जाति व्यवस्था र पारिवारिक संस्कारहरूका पालन महत्त्वपूर्ण मानिन्थे । राजेश्वर देवकोटा भने यस्ता परम्परामा सुधारका भिल्का थप्ने अभियन्ता रहिआए । छुवाछुत र जातभातको दायरा उनी भत्काउन चाहन्थे । तत्कालीन समयमा राजेश्वर जन्मेहुर्केको ब्राह्मण समाजमा स्थानीय खेतबारीमा फल्ने गोलभैँडा, प्याज, लसुन, च्याउजस्ता कृषि बालीहरू बाहुनले खान नहुने अपवित्र वस्तुको रूपमा हेरिन्थ्यो । उनले यी खान हुने र पोषणको दृष्टिले खान पर्ने खाद्य बाली हुन् भनेर खाइ देखाए । त्यति बेला पहाडे बाहुनको पोसाक लँगौटी र दौराको ठाउँमा धोती, कमिज र सुरुवालको थिति सुरु गरे । महिलाहरूले एकसरो गुन्यु लगाउने चलन तोडेर फरिया, चोली लगाउने परिपाटी बसाल्न पनि यिनको भूमिका छ भन्ने सुनिन्छ । राजेश्वर देवकोटा र उनका परिवारबाट अवलम्बन गरिएका, तत्कालीन परिस्थितिका प्रतिकूल भए पनि सुधारका लागि चालिएका अनेक कदमहरू जनश्रुतिका रूपमा स्थानीय पाका -ुरानाबाट सुन्न पाइन्छ । अहिलेको समयबाट हेर्दा यी उति ठुला काम होइनन् । यद्यपि त्यो समाज र त्यो समयमा यी कदम चानचुने हुँदै होइनन् । यी र यस्तै विद्रोही कदमका कारण देवकोटाका परिवारको भातपानी काडिएको तैपनि उनको परिवार सांस्कृतिक सुधारको अभियानमा अडिग रहेको पाइन्छ ।

राजेश्वर देवकोटाको २०७२ मा निधनपछि उनकै चाहनाअनुसार मृत्यु संस्कारको "सपिण्डी" सम्मको कार्यविधि शास्त्रीय आधारमा सात दिनमा सम्पन्न गरियो । देवकोटा गुठी, विज्ञहरू तथा संस्कृति सुधारमा समर्पित व्यक्तिहरूको परामर्शमा विधि नघटाई सातै दिनमा सम्पन्न गर्ने सहमति पनि भयो । देवकोटा पुत्र ईश्वर


देवकोटाका अनुसार यस विषयमा सुदर्शन देवकोटा गुठीको नीति नै बन्यो । अहिलेकै परिस्थितिमा पनि यो एक अग्रगामी सुधारको कदम हो । जन्मदेखि मृत्युसम्म हुने संस्कारहरू हरेकका अधिकार हुन् तर ती संस्कारमा समयसापेक्ष सुधार भइरहन पर्छ भन्नेमा ईश्वर देवकोटाको दृढ विश्वास रहेको पाइन्छ । मृत्यु संस्कारसम्बन्धी देवकोटा परिवारको यो कदमले देवकोटा गुठीभित्र मात्र होइन, अन्यत्र पनि यस्तो सुधारवादी नीति अझ अगाडि बढोस् भन्ने अभिव्यक्ति सुन्न थलिएको छ । भलै यो नीति व्यवहारमा लागु हुन समय लाग्ला यद्यपि यसले अझ थप विमर्शको ढोका खोलिदिएको छ । राजेश्वर देवकोटा र उनका परिवारजनको यो उदारवादी कदमले समयसापेक्ष संस्कृति परिमार्जनमा दूरगामी असर पर्ने छ ।

राजेश्वर देवकोटाको व्यक्तिगत जीवन र उनले लिएका सांस्कृतिक पहलकदमीहरू हेर्दा भन्न सकिन्छ कि सांस्कृतिक सुधारले सामाजिक तथा आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने उनको विश्वास थियो । सांस्कृतिक सुधारहरूको माध्यमबाट नेपालले आफ्नो परम्परागत सांस्कृतिक मूल्य र विश्वासमा सुधार गर्दै एक समृद्ध र समतामूलक समाजको निर्माण गर्न सक्छ भन्नेमा राजेश्वर देवकोटा र उनको परिवार दृढ देखिन्छन् । राजेश्वर देवकोटाका सांस्कृतिक सुधारका कदमहरू विभिन्न समयमा भारतका राममोहन राय, स्वामी विवेकानन्द, डा भीमराव अम्बेडकरले चलाएका सांस्कृतिक सुधारका दिशामा उन्मुख थिए भन्न सकिन्छ । आस्था र विश्वासका आधारमा हेर्दा उनी हिन्दु संस्कार मान्ने एक आस्तिक थिए - वैदिक आस्था राख्थे र परम् शक्तिको अस्तित्वलाई स्वीकार गर्थे । यद्यपि उनी परम्परावादी कर्मकाण्डीहरूभन्दा फरक आर्य समाजीहरूको केन्द्रीय सिद्धान्तबाट प्रभावित व्यक्ति थिए । उनले आफैले भनेका पनि छन् "म पूर्वजन्म र पुनर्जन्ममा विश्वास गर्दिनँ, किनकि म मोक्षमा विश्वास गर्छु ।" आफैं मूर्ति पूजा र रूढीवादहरूमा विश्वास गर्दैन थिए, तर परम्परावादी आफ्नी श्रीमतीको अनुरोधमा मुक्तिनाथ, चारधामलगायत अन्य प्रसिद्ध तीर्थयात्रामा साथ गएको आफैंले उल्लेख गरेका छन् । वास्तवमा उनको यो अभिव्यक्ति र मनस्थिति हेर्दा यस्तो लाग्छ, चाहे श्रीमतीको आस्थाको सम्मानले होस् वा अन्य आस्तिकहरूको सम्मानमा होस्, उनले त्यस्तो ठाडै भन्न नचाहेको बुझिन्छ । पुरातन जडवादी धार्मिक अतिवादीहरूका तुलनामा राजेश्वर देवकोटाका सांस्कृतिक दृष्टिकोण र सुधारका कदम अग्रगामी त हुन् नै, सांस्कृतिक रूपान्तरणका नारा दिएर व्यवहारमा पश्चगामी काम गर्नेहरूका तुलनामा यिनका कदम व्यवहारिक, पारदर्शी र समाज परिवर्तनका लागि प्रत्यक्ष महसुस हुने खालका हुन् ।

❒

चर्चा

# नेपाली परिप्रेक्ष्यमा राजेश्वर देवकोटा



❑ प्रा.डा. मोहनप्रसाद तिमल्सिना

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको नेपाल भाषिक सांस्कृतिक पौरस्त्य संस्कार मान्यता धारणा आस्था आदि विविधताका आधारमा मौलिक पहिचानबाट परिचित राष्ट्र हो । नेपाल आफ्नै मौलिक संस्कृति मान्यता आस्था धारणा र पौरस्त्य परम्पराको उद्‌गम स्थल हो, विश्वको सर्वोच्च शिखर सगरमाथा,भृकुटी, बुद्ध र अरनिको जस्ता नेपालका राष्ट्रिय विभूतिहरूको जन्मस्थल र विश्व क्षितिजमा नेपाल सगरमाथाको काखमा रहेको हिमाली अधिराज्यको रूपमा पनि परिचित छ ।

नेपाल अधिराज्य विश्वमा आफ्नै मान्यता आस्था धारणा परम्परा र संस्कारले परिचित छ । यिनै नेपाली मान्यताको पहिचानमा आफ्नो नाम दीर्घकालसम्म सुरक्षित राख्ने स्रष्टाहरूमा राजेश्वर देवकोटाको नाम अग्र पङ्क्तिमा रहेको छ । नेपाली राजनीति, नेपाली इतिहास र नेपाली साहित्य तीनै क्षेत्रमा राजेश्वर देवकोटाको नाम त्रिकोणात्मक रूपमा रहेको छ । राजेश्वर देवकोटाको जन्म गण्डकी अञ्चलको गोरखा जिल्लाको लिगलिगमा भएको हो । गोर्खा जिल्ला या गोरखकालीका भगवतीको क्षेत्र, पृथ्वीनारायण शाह, भीमसेन थापा, र शक्तिभल्लभ अर्याल आदि नेपाली महापुरुष जन्माउने नेपालको तपोभूमि र एतिहासिक भूमि हो । राजेश्वर देवकोटाले पृथ्वीनारायण शाह र दलमर्दन शाहकी आमा राजमाताले चेपे नदीमा स्तन चोपेर दुवै भाइलाई राज्यको सीमा बाँधिदिएको कुरा बाल्यकालमा आफ्नी आमाको मुखबाटै सुनेका हुनाले नेपाली राष्ट्रियता उनको प्राणभन्दा प्यारो थियो । गोरखाको लिगलिगमा जन्मिएका राजेश्वर देवकोटा संस्कृत छात्रावासमा अध्ययन गर्न आउँदा जुन बाटो बडामहाराज पृथ्वीनारायण शाहले नुवाकोट एकीकरण गर्ने समयमा अवलम्बन गरेका थिए त्यही बाटोबाट आवतजावत गरेका हुन् । त्यस समयमा राजेश्वर देवकाटाले पृथ्वीनारायण शाहले पहिलो पटक नुवाकोटमा पराजय भएपछि सल्यान कोटकी त्रिपुरासुन्दरी भगवतीको वरप्राप्त भएपछि दोस्रो पटक नुवाकोट विजय भएको थियो, तिनै भगवतीको स्थानबाट काठमाडौं आवतजावत गरेका थिए जुन भगवतीको न्वागीजात्रा नामले

प्रसिद्ध मन्दिरको सल्यान बेसीको बाटो विद्या अध्ययन गर्न धेरै पटक आवतजावत गरेका देवकोटामा आफ्नो राष्ट्र र राष्ट्रियताप्रतिको अगाध आस्था त्यतैबाट आर्जन गरेको हुन् । अझ यसो भन्नुको तात्पर्य के हो भने राजेश्वर देवकोटाले विद्यार्थीकालबाट नै नेपाली समाज नेपाली पुर्खा नेपाली संस्कृति र सभ्यतालाई आत्मसात् गरेका थिए ।

संस्कृत छात्रावासमा रहेको समयमा राजेश्वरले २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनमा सक्रिय भएर तत्कालीन राणा शासनका विरुद्धको आन्दोलनमा आफूलाई समाहित गराएका थिए । तत्कालीन संस्कृतको पाठ्यक्रममा नभएको इतिहास र भूगोल जस्ता सामाजिक विषय पनि पाठ्यक्रममा समावेश हुनु पर्छ भन्ने जस्ता माग राखिएको भए तापनि मूलतः जयतु संस्कृतम् आन्दोलनले २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनको बीजारोपण गरेको थियो, त्यो आन्दोलनका सञ्चालकमध्ये राजेश्वर देवकोटा पनि एक हुन् । अझ यसो भनौँ नेपालको इतिहासमा गोर्खा जिल्लाको जुन योगदान छ त्यसैको उपज राजेश्वर देवकोटा हुन ।

नेपाली परिप्रेक्ष्यमा राजेश्वर देवकोटा मूलतः त्रिकोणात्मक रूपमा देखा पर्ने स्रस्टा हुन् । त्यो हो राजनीति साहित्य र समाजसेवा । जयतु संस्कृतम् आन्दोलनबाट प्रारम्भ भएको राजेश्वरको राजनीतिले जुन क्षेत्र जुन समय र जुन परिधिमा पनि उनी अग्रपङ्क्तिमा रहन सफल भए । पञ्चायत कालमा पनि राजेश्वर देवकोटा तत्कालीन व्यवस्थापिकाको उच्च तह राष्ट्रिय पञ्चायतको अध्यक्ष बनेर त्यसमा नीति निर्माणमा उनको अहम् भूमिका रह्यो यद्यपि आज त्यसलाई जसले जे सुकै भनून्, राजेश्वर अग्रपङ्क्तिमा रहे, त्यस्तै अन्य विचारका राजनीतिज्ञलाई दमन गर्ने उनको नीति कहिल्यै भएन । समग्रमा उनी समभावमा विश्वास राख्ने राजनीतिज्ञ हुन । पौरस्त्य मान्यता धारणा र आस्थाका हिमायती देवकोटा पौरस्त्य संस्कार नै विश्वको उच्च संस्कार हो र यसैँमा समग्र विश्व परिचालित भएमा मात्र सत्यम् शिवम् सुन्दरम् परिकल्पना साकार हुन्छ भन्ने मान्यताका परिचालक थिए ।

राजेश्वर देवकोटा नेपाली समाजमा सम भाव बोकेका व्यक्ति थिए, नेपाली समाजलाई सदासर्वदा देवकोटाले समभावकै व्यवहार गरे । रूढिवादी मान्यतालाई परिमार्जन गरी समसामयिक समाजको निर्माणमा देवकोटा मनसा कर्मणा वाचा संलग्न रहने चिन्तक हुन् । नेपाली समाज आआफ्नै मान्यता आस्था धारणा र परम्परामा परिचालित हुनुपर्छ भन्ने उनको मान्यता थियो, जसलाई उनका विरोधी राजनीति गर्ने ले पनि स्वीकार गरेका थिए, यसर्थ राजेश्वर देवकोटा समाजवादी चिन्तक पनि थिए ।

यसरी हेर्दा राजेश्वर देवकोटा नेपाली राजनीति र समाजसेवाका अन्योन्याश्रित पर्याय हुन् ।

राजेश्वर देवकोटाको अर्को पक्ष वा व्यक्तित्व स्रष्टा व्यक्तित्व हो । नेपाली साहित्यमा देवकोटाको उपस्थिति फुर्सद र बसिबियालोको उपज हो । त्यही वंशका महाकवि लक्ष्मीप्रसाद देवकोटाका रचनालाई बाल्यकालबाटै अध्ययन गरेका राजेश्वर देवकोटाले नेपाली गद्य साहित्यलाई आफ्नो गन्तव्य स्थल बनाएका छन् । 'गद्यं कविनांनिकषं वदन्ति' पढेका राजेश्वरले नेपाली गद्य साहित्यलाई नै आफ्नो अभीष्ट सोच बनाएका हुन् । नेपाली औपन्यासिक क्षेत्रमा देवकोटाको बेग्लै गरिमा छ, उनको उपन्यासले मदन पुरस्कार पाएको छ । पौरस्त्य र आधुनिक धरातलमा सिर्जित उनका कृतिले संस्कृत तत्सम शब्दलाई आत्मसात् गरेका हुन्छन् । जे होस् पौरस्त्य परम्परा मान्यता धारणाका त्रिवेणीमा सिर्जित उनका साहित्यिक कृतिहरूले समग्र नेपाली पक्षलाई आत्मसात् गरेका हुन्छन् । जे होस सारांशमा भन्नु पर्दा राजेश्वर देवकोटा नेपाली भाषा साहित्य राजनीति र समाजसेवाका त्रिवेणी हुन् । उनका साहित्यिक कृतिहरू मूलतः उपन्यासहरू अत्यन्त मार्मिक र शिक्षामूलक छन् ।

❒

*"आज म पचासी लागेँ, उकालो चढ्दै छु*

*पहिरो चलिरहेको छ, त्यसको पाखोमा म उक्लिरहेको छु*

*जति हिँडदैछु, उद्देश्यको शिखर टाढा हुँदैछ ।*

.............

*युवाहरु धाँजा फाटेको धर्ती पार गरून्,*

*अझै नचुडिएको त्यान्द्रोले पहाड थाम्ने आशा राखेको छु ।"*

राजेश्वर देवकोटाद्वारा लिखित यो कविता २०७० मङ्सिर महिनाको 'मधुपर्क'बाट साभार गरिएको हो ।

कविता

# सामान्य बनूँ



❑ प्रा. कपिल अज्ञात
भरतपुर–१२, चितवन

न सुक्खको गरूँ आशा न मृत्यु चाहना गरूँ
अधिकार छ कर्मैमा कर्मैका भरमा परूँ ।
कालका वशमा जम्मै शााश्वत सत्य यो बुझूँ
उठेको यो अहम्लाई सर्वसम्मत मै हरूँ ।।

म हूँ प्रकृतिको पुत्र त्यहीँ नै सब मिल्नु छ
बगोस् जीवनको धारा समुद्र नै छिचल्नु छ ।
आफ्नै प्रकृतिको योग्य प्राप्तिमा नै रमाउँ म
आफैभित्र छ रे ऊर्जा आफैलाई हँसाउँ म ।।

लौ आगो हुँ भने आफैभित्र किन चलाउँ म
हानि हुन्छ भने आफै घर किन जलाउँ म ।
ए हावा ! गति छोडेर हल्लाउन नआइदे
क्षुद्रताहरूकासँग मित्रता नै नलाई दे ।।

ए सूर्य ! तिमीले मेरो तेजभित्र बसाइद्यौ
ए जून ! तिमीले मेरो शान्तिभित्र बसाइद्यौ ।
ए तारा गण हो मेरा उद्यानमैँ रमाइलो
पारिद्यौ मनमा सारा उद्यमैले हँसाइलो ।।

गरुँ म कामना यस्तै विचारले जगाउँ म
विलासका सबै भाव दिलैदेखि भगाउँ म ।
मेरै निम्ति म हुँ स्रष्टा मेरै सामु छ जिन्दगी
शुद्ध निर्मल पारेर बगाउनु छ गण्डकी ।।

❑

# ‘शब्दयात्रा’
# हरि सांस्कृतिक केन्द्रको



❑ *केदारनाथ खनाल*
भरतपुर–१०, चितवन

‘हरि सांस्कृतिक केन्द्र’को आयोजनामा २०८० साल फागुन २ गते श्रीपञ्चमीको दिन ‘कृति लोकार्पण तथा स्रष्टा सम्मान कार्यक्रम’मा सहभागी हुने शब्दयात्रीहरू चितवन र काठमाडौँका दुवै टोली फागुन १ गते ११ बजे मनकामना केबुलकारको फेदी स्टेसनमा भेट्ने भनिए पनि बाटोको दुरी र समयले साथ दिएन। चितौने १२ जना र बनौतीबाट त्यहीँ आउनुभएका कवि नारायणप्रसाद पोखरेलसहितको टोली केबुलकार मालिक राजेशबाबु श्रेष्ठको टिकट पास (सौजन्य)मा मनकामना पुगेको एक-डेढ घण्टापछि मात्रै काठमाडौँको टोली पुगेको थियो। माता मनकामनाको दर्शन र प्रसाद ग्रहणपछि ‘मनकामना क्षेत्र विकास समिति’को आतिथ्यतामा ‘शब्दयात्रा’ले औपचारिक रूप लिएको थियो। आयोजक सस्था ‘हरि सांस्कृतिक केन्द्र’को अध्यक्ष डा. प्रभादेवी कैनीको अध्यक्षतामा क्षेत्र विकास समितिकै हलमा भएको सो कार्यक्रमको प्रमुख अतिथि मनकामना क्षेत्र विकास समितिका अध्यक्ष श्री रामकुमार जोशी र विशिष्ट अतिथिहरूमा हरि सांस्कृतिक केन्द्रका संरक्षक इ. ईश्वरचन्द्र देवकोटा तथा गैँडाकोट वाङ्मय प्रतिष्ठानका उपकुलपति कविवर गोविन्दराज विनोदी हुनुहुन्थ्यो। केन्द्रका निवर्तमान अध्यक्ष एवम् सल्लाहकार केदारनाथ खनालले सहजीकरण र मनकामना क्षेत्र विकास समितिका निर्देशक श्री लेविन्द्र गुरुङको स्वागत मन्तव्यबाट कार्यक्रम श्री गणेश भएको थियो। प्रा.डा. नारायणप्रसाद खनाल, विजयराज न्यौपाने, नारायणप्रसाद पोखरेल, मुना अर्याल, प्रकाश चापागाईँ, विष्णु तिवारी ‘उषा’, जगन्नाथ पण्डित, सीताराम अधिकारी, सुरेशकुमार भट्ट, गीता रेग्मी, सुवासचन्द्र देवकोटा, शिशिर देवकोटा, कमल कँडेल ‘प्रकृति’, कल्पना देवकोटा, इन्दिरा शर्मा, कलादेवी खनाल, ईश्वरीदेवी न्यौपाने, रामप्रसाद आचार्य, केशव शर्मा, शुभराज पौडेल, सनी गुमाजु, सुजाता चापागाईँ, प्रस्तुति चापागाइँ, सन्तकुमारी खनाल, सुरेश देवकोटा, कृष्ण कालाखेती, चित्र सोल्टी गुरुङ, विष्णुहरि मरहट्टा, हरिदेवी श्रेष्ठ आदि तीन दर्जन जति कवि, साहित्यकार एवम् साहित्यानुरागीको कार्यक्रममा सहभागिता थियो।

हरि सांस्कृतिक केन्द्रको परिचय, शब्दयात्राको उद्देश्य र मनकामना माताको महिमागानका साथै स्थापित कविहरूबाट विभिन्न भाव र शैलीका डेढ दर्जन जति

उत्कृष्ट कविता वाचन गरिएका थिए । करिब दुई घण्टा चलेको सो साहित्यिक कार्यक्रमबाट अत्यन्तै प्रभावित हुनुभएका कार्यक्रमका प्रमुख अतिथि श्री रामकुमार जोशी र निर्देशकज्यूले आआफ्ना मन्तव्यको क्रममा चितवन साहित्य परिषदको त्यतिबेलाको समेत अध्यक्ष केदारनाथ खनालको संयोजन र मनकामना क्षेत्र विकास समितिको आतिथ्यतामा २०६३ असोज २२ र २३ गते सम्पन्न भएको अविस्मरणीय 'मनकामना काव्यिक यात्रा' को समेत चर्चा गर्दै 'गोरखा-मनकामना'को गौरब बढाउने खालको साहित्यिक कार्यक्रमको आयोजना गर्नुहोस्, यहाँको व्यवस्था हामी मिलाउँछौँ भन्ने आग्रहसमेत गर्नुभएको थियो । विशिष्ट अतिथि ईश्वरचन्द्र देवकोटाको धन्यवाद ज्ञापन र अध्यक्षको मन्तव्यसहित कार्यक्रम सम्पन्न गरेर गोरखा सदरमुकामका लागि केबुलकार चढ्दा ४ः३० बजेको थियो । चेरेसमा ओर्लेर आआफ्ना यानमा हुइँकेका थियौँ, मुगलिन पुलबाट चितवन छोडी तनहुँको आँबुखैरेनी हुँदै दरौँदी तरेर गन्तव्यतर्फ । हरमटारीस्थित हिमाल होटेलमा साँझको खानापश्चात् हलमा जम्मा भएर उन्मुक्त साहित्यिक माहौलमा रचना सुन्ने, सुनाउने र साहित्यिक विमर्शमा पहिलो दिनको शब्दयात्राले दोस्रो बिसौनीमा विश्राम लिएको थियो । सो होटेलमा सबैलाई ठाउँ नपुगेकाले हामीमध्येका सातजना होटल बिसौनी पुगेर सुनौलो उज्यालोको अपेक्षा गर्दै निद्रादेवीको शरण लियौँ ।

भोलिपल्ट बिहान उठेर शौच-स्नानादि नित्यकर्म सकेर चियापानपश्चात् आआफ्ना साधनमा बसपार्क, रानीपोखरी, ठूलो आँगन, सतीपीपल हुँदै गोरखकाली दरबार परिसर नजिक हनुमान् भन्ज्याङ तल गाडी रोकेर गरिमामय ऐतिहासिक गोरखा दरबारको प्रवेशद्वारबाट एकपछि अर्को ढुङ्गे सिँढीको खुड्किलो चढ्दै अतिथिगृह निरीक्षण गरेर माथि उक्ल्यौँ । दोस्रो प्रवेशद्वारबाट गोरखनाथ मन्दिरतर्फ नगई तेस्रो ढोकाबाट मुख्य दरबार पुगियो । नेपाल एकीकरणका नायक - पृथ्वीनारायण शाह वि.सं. १७७९ पौष २७ गते जन्मेको दरबार, उनलाई तेल लगाउँदा अँगेनामा बालेको अखण्ड आगो र आरोहण गरेको राजगद्दीसमेत कौतूहलतापूर्वक अवलोकन गर्‍यौँ । रङ्गमहलसँग जोडिएको पल्लो दरबारको ढोकैमा माताकालीको दर्शन गर्‍यौँ । पटाङ्गिनीबाट देखिने चाँदीझैँ टल्केका मनोरम हिमशृङ्खला, नागबेली पर्दै बगेकी दरौँदी, नयनाभिराम प्राकृतिक सौन्दर्यले अभिभूत हुँदै दृश्यहरू आफ्ना क्यामेरामा कैद गर्न छोडेनौँ । केही तल बिसे नगर्चीको घर-घडेरी, राम शाहको न्यायचौतारो, गणेश स्थान र तल्लो दरबार, ब्यारेक, टुँडीखेल, सिलखान देख्दा आफ्नो बाल्यकालीन स्मृतिमा डुबेँ, केही क्षण सुदूर अतीतमा ब्युँझेको थिएँ ।

गोरखनाथ बाबाको गुफामा दर्शन गरेर अखण्ड धुनीको विगुत र नाथ सम्प्रदायका कानचिरुवा पुजारीबाट भुङ्ग्रे रोटो प्रसाद र आशिष लिएर ओर्लँदा साथै गएका प्रभा दिदी, मुना अर्याल र कला सँगै थियौँ । बसस्टपमा चिया खाँदै केही क्षण विश्राम गर्दा पनि गफको विषय लिगलिगकोट, गोरखाली राजाहरू, बाबा गोरखनाथको

प्रभाव र पृथ्वीनारायण शाहको अदम्य साहस, दूरदर्शिता र मानेपानीको तागत नै थियो। गोरखा भ्रमणबारेमा आआफ्ना क्रिया-प्रतिक्रिया जनाउँदै बाटो काटेको पत्तै नपाएका हामी गाडीबाट ओर्लेर होटल बिसौनीमा खाना खायौँ। निर्धारित समय ११:३० बजे हरि सांस्कृतिक केन्द्रको भवनमा पुगेर 'शब्दयात्रा'को मुख्य कार्यक्रममा सबै जुट्यौँ।

केन्द्रको अध्यक्ष डा. प्रभा कैनीको सभापतित्वमा भएको कृति लोकार्पण तथा स्रष्टा सम्मान समारोहको प्रमुख अतिथि कविवर गोविन्दराज विनोदी हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा गोरखा नगरपालिकाका सम्बन्धित वडा अध्यक्ष, द्रव्य शाह क्याम्पसका प्रमुख र केन्द्रका संरक्षक ईश्वरचन्द्र देवकोटाका साथै पूर्व सम्मानित साहित्यकारहरू प्रा.डा. नारायणप्रसाद खनाल, नारायणप्रसाद पोखरेल, सीताराम अधिकारी, मुना अर्याल, प्रकाश चापागाइँ र स्थानीय समाजसेवी बद्री मास्के, धीरजबहादुर मास्के, मोहनलाल श्रेष्ठ आदिका साथै कार्यसमितिका पदाधिकारी, सल्लाहकारहरू, आफन्तजनहरू तीन बिसजतिको उपस्थिति थियो। आमन्त्रित अतिथिहरूले खचाखच भरिएको समारोहको सञ्चालन सचिव सुनील अर्यालले गर्नुभएको थियो भने निवर्तमान अध्यक्ष र सल्लाहकार संयोजक मैले स्वागत मन्तव्य राखेको थिएँ। गोरखा, मसेल निवासी लोककवि सुरेशकुमार भट्टको **सोली डोली**, **काँचुली**, **साइनो उत्तक सङ्ग्रह**लगायत **लोकवेद**लाई 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०७९', नगद राशि रु. २५,०४६ सहित सम्मानपत्र प्रदान गरियो। सोही अवसरमा प्रा.डा. नारायणप्रसाद खनालद्वारा संरचित **राजेश्वर काव्यम्** (जीवनी सम्बलितम्) नेपाली भाषाटीकासहित दोस्रो संस्करण र **आवर्तन** (पाइलो चार) पनि लोकार्पण भएको थियो। सीताराम अधिकारी, प्रकाश चापागाइँ, विजयराज न्यौपाने, नारायणप्रसाद पोखरेल, विष्णु तिवारी 'उषा', हरिदत्त देवकोटा, सुरेश देवकोटालगायत कवि, साहित्यकारहरूले रचना वाचन गर्नुभयो भने प्रा.डा. नारायणप्रसाद खनालले पुरस्कृत प्रतिभा र कृतिका साथै आफ्नै कृति **राजेश्वर काव्यम्**बारे प्रकाश पार्नुभएको थियो। आमन्त्रित अतिथिहरू वडा अध्यक्ष, क्याम्पस प्रमुख, समाजसेवी बद्रीबहादुर मास्केका साथै मोहनलाल श्रेष्ठले राजेश्वरको योगदानप्रति कृतिज्ञतापूर्ण भाव व्यक्त गर्दै शुभकामना मन्तव्य राख्नुभएको थियो। पुरस्कृत स्रष्टा सुरेशकुमार भट्टले आफ्नो कृति र पुरस्कारका बारे भनाइ राखेपछि संरक्षक इ. ईश्वरचन्द्र देवकोटाको धन्यवाद ज्ञापन, प्रमुख अतिथिको रचना वाचनसहितको मन्तव्यपश्चात् अध्यक्ष डा. प्रभा कैनीले आफ्ना भनाइसाथ सभा विसर्जन गर्नुभएको थियो।

कार्यक्रम समापनपश्चात् 'हरि सांस्कृतिक केन्द्रको दुई दिने शब्दयात्रा' बिट मारेर काठमाडौँ र चितवनका टोली एकले अर्कोतर्फ बिदाइको हात हल्लाउँदै आआफ्ना गन्तव्यतर्फ लाग्न हतारिएका थियौँ। ❐

कविता

# सपनाको शिखरमा



प्रा. पुरुषोत्तम दाहाल
बुनपा-१०, कपन, नारायणचोक

म उकालो चढ्नै सक्तिनँ
के गर्नु शिखर चढ्नै छ मलाई
शिखरयात्रीहरूका अनुहारको यानमा वसेर
बढ्ने तरखरमा छ मेरो सपनाको यात्रा
तरुण तपसीमा अल्भिन खोजेँ
र पिंजराको सुँगा जोडेँ
भम्म दाह्री नपाली कसरी लेखनाथ हुने ?
दुरुस्त पारेँ दाह्री
न तरुण तपसी बन्यो,
न पिंजराको सुगा छन्द न बन्द भो
मुनामदन लेखौँ कि जस्तो लाग्यो
ख्यातिको शिखरमा यी पनि छन्
र, चुरोटका खिल्लीहरू चेप्न लागेँ
औँला डढे कोठा धूमाकाश भै भयो
निस्साएिर खोक्न थालेँ
मरौँ कि बाँचौँ जस्तो भयो
न म भेडो भएं न यात्री
पागलसम्म हुन्थे कि समयले साथ दिएन ।
कार्चोपी भिरे र रामायण लेख्न बसेँ
न सीता को थिइन् थाहा थियो
न राम कहाँका हुन् ?
छेउ न टुप्पो कुदेछन् वूढा भानुभक्त
वाल्मीकि र व्यासको स्केच वन्दै बनेको छैन ।


यात्रा त गर्नै थियो सपनाको
लामो दौरा भिरे र कालो टोपीमा सजिएँ
खानदानी लौरो उठाएँ र
राजधानीका डोबाटाहरू कुर्दा पनि
न इन्दिरा आइन् न मुकुन्द
कसरी बनौँ म खानदानी सम ?
भादगाउँले टोपीलाई डुङ्गा बनाएर
स्वतन्त्रताको लेपमा
समाजवादको भाष्य टाँस्ने प्रयास गरेँ ।
पाल्पाली ढाका टोपी फेरेँ र
कालो चस्मामा उभिए ।
न विश्वेश्वर बनेँ
न राष्ट्रवादको आँत बचाउने कुनै राजा ।
शिखर चढ्ने अर्को प्रयास पनि असफल
केही महिना भुस्स दाह्री पाले,
तोरीको तेलले चिल्लै पारेँ ।
कपाल पनि तालुतिरै चटक्क फर्काएँ ।
राता गाता भएका पुस्तक पल्टाएँ ।
कुनै दिन बोकेदाह्री मात्रै थिए
गालामा कालो कोठी र हरिया सुट भिरेँ ।
मानिसहरू त भ्रमित हुन्थे
मलाई देखेर तर के गर्नु
न मार्क्सको अवतार बनेँ, न लेनिन र माओ ।

नियतिले मलाई उल्टै जारमा अनूदित गरिदियो ।
मलाई लाग्यो
कमेज सुरुवाल फालौं र कछाडमा कुदौं ।
कुप्री पर्दै लठ्ठी टेकौं
तालु त सफाचट छँदैछ
सेतो चस्माले केही दिन आँखा छोपें
गान्धी बन्ने साहस नै जुटेन ।
विकल्प त छँदै थियो
गेरु वस्त्र पहिरिएर
पीपलको फेदमा आसन जमाएँ
ओम् मणिपद्मेहम्
बुद्ध हुने बाटै फेला परेन
कहिले म रजनीश प्रवचनमा पुग्छु,
हात ठाडो पार्छु र नाच्छु ।
नभोगी मुक्ति हुन्न कि जस्तो लाग्छ ।
कहिले गिर्जाघर कहिले चर्च
खेती चलिरहन्छ परिवर्तनको ।
कहिले राजा कहिले हिट्लर
कहिले हिम्यान ।
नीलो रङ्गले पोतिएको चतुर स्यालजस्तो
प्रत्येक दिन रङ्ग फेर्दै
गर्धवावतार मान्छेमाथि सवार भएर
शिखर चढ्नुको मज्जा नै वेग्लै ।

फोन : (९७७) ९८४९१४८८०४

२०८१।१०।११

## राजेश्वर देवकोटाको आंशिक वंशवृक्ष



# राजेश्वर दाजुसँग अमेरिकामा अप्रत्यासित भेट



❑ प्रा. सोमनाथ घिमिरे

नेपालमा नागरिक अधिकारको स्थापना लागि वि.सं.२००३ सालदेखि नै राजनीतिक सङ्घर्षमा होमिनुभएका राजेश्वर देवकोटा सैद्धान्तिक निष्ठा र वैचारिक स्पष्टताबाट अभिसिञ्चित व्यक्तित्व निर्माण गर्नुभएका विरलै राजनीतिक नेतामध्ये एक हुनुहुन्थ्यो। २००३ सालदेखि २०७२ सालको प्रारम्भ कालसम्मको समयावधिमा सिर्जित राजनीतिक परिघटनाका प्रत्यक्षदर्शी र आरोह र अवरोहका विभिन्न चरणमा प्रत्यक्ष संलग्न रहेर उहाँले गर्नुभएको वैचारिक प्रवाहका साथ खेल्दैआएको भूमिका योगदानपूर्ण र अविष्मरणीय रहेको छ। राजनीतिमा वैचारिक मतभेद र सैद्धान्तिक विविधताको निरन्तरताले द्वन्द्वको अवशान सम्भव नदेखिए पनि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको संरक्षण र संबर्धनका विषयलाई द्वन्द्वको विषय बनाउनुहुन्न भन्ने दृढ मान्यता राखेर कशैले सुने पनि-नसुने पनि एक्लो वृहस्पतिका रूपमा आफ्ना धारणा प्रवाहगर्ने अब्बल राजनीतिक व्यक्तित्व उहाँले निर्माण गर्नुभएको निष्कर्ष सहजै निकालन सकिन्छ। राजनीतिक अभियन्ताका रूपमा अबिरल यात्रामा रहनुभएका देवकोटाको राजनीतिक व्यक्तित्वको पाटोले कतिपय सन्दर्भमा पदीय उच्चाइ प्राप्त गरेको अभिलेख एकातिर भेटिन्छ भने अर्कातिर साहित्यसाधनाले पनि सिर्जनात्मक गतिलिएर विशिष्ठ स्थान ग्रहण गरेको पाइन्छ। नेपालको राष्ट्रिय राजनीतिमा देशभक्त र राष्ट्रवादी चिन्तकका रूपमा अलग पहिचान कायम गरी उहाँले समसामयिक राजनीतिमा पार्नुभएको प्रभाव निरन्तर चर्चाशिखरमा रहनेगरेको थियो। राष्ट्रको अस्तित्व र अस्मिताको रक्षाका लागि उहाँबाट प्रवाहित र प्रक्षेपित विचार र धारणाहरू अनुकरणीय मात्र नभै सर्वकालिक महत्वराख्ने प्रकृतिका रहेको निसङ्कोच भन्नसकिन्छ। मेरो मानसपटलमा अमिट रूपमा रहेको उहाँप्रतिको उच्च सम्मान र अविष्मरणीय छापको आधार पनि त्यही नै हो।

मैले राजेश्वर देवकोटाज्यूलाई काठमाडौँमा अध्ययन गर्न प्रवेश गरेदेखि नै देख्ने-चिन्ने मौका पाएँ। उहाँसँग मेरा तत्कालीन अभिभावकद्वय रामचन्द्र न्यौपाने र हरिप्रसाद अधिकारी धेरै नै उठबस रहेकाले उहाँहरूकै माध्यमबाट म उहाँको पथप्रदर्शनपूर्ण स्नेहमयी सम्पर्कमा पुगेँ। २०१९ साल उहाँ मन्त्री हुनु अघिसम्म

नयाँसडकको भूगोलपार्क नजिक रहेको पारस होटेलअगाडि नेपाल एड्भर्टाइजर्सको कार्यालय थियो । किशोर वयको मलाई उहाँको सरल र स्नेहमयी व्यवहारको प्रत्यक्ष प्रभाव पर्‍यो । लमजुङको एउटा गाउँबाट काठमाडौँमा संस्कृत विद्यालयमा पढ्नआएको भनेपछि उहाँले पढाइकै विषयलाई लिएर प्रश्नसमेत गर्नुभएको मलाई याद छ । उहाँको सामुन्ने पर्दा र बोल्नुपर्दा कत्ति पनि दकसाउनु नपर्ने अवस्था सिर्जित भयो । आफूभन्दा सानासँग कसरी व्यवहार गर्नुपर्छ भन्ने पाठ मैले उहाँसँग पाएको बोध मलाई अझै छ । सरलता नै महानता हो भन्ने उदाहरण उहाँले पछिसम्म पनि प्रस्तुत गर्दै आउनुभएको मलाई अनुभव छ । विद्यार्थीकालमा नियमित सम्पर्क कमै रहने गरेको भए पनि संयोगले कहीँकतै भेट हुँदा पनि उहाँले मलाई चिनेर बोलाउने र पढाइको विषयमा सोधनी गर्दै पथप्रदर्शनात्नक कुराहरू गर्नुहुन्थ्यो । समयक्रममा म अध्यापन र पत्रकारिता दुवै पेसामा आबद्ध भइपछि त उहाँको सम्पर्कमा म नियमित रूपमै रहनथालेँ । जीवनको अनेक मोडमा उहाँका प्रेरणाप्रद विचार र समसामयिक घटनासन्दर्भमा उहाँका देशभक्तिपूर्ण प्रखर धारणाहरू सुन्ने अवसर प्राप्त भयो । राष्ट्रिय चिन्तनधार बलियो बनाउन उहाँबाट अविरल रूपमा जीवनको अन्तिम कालसम्म पनि भैरहेको प्रयासको एउटा साक्षी म पनि रहेको अनुभव मलाई अहिले पनि छ ।

म २०३० सालदेखि नै नियमित रूपमा पत्रकारिता गर्दैआएको छु । नेपाली काङ्ग्रेसको संस्थापनकालदेखि नै सो पार्टीमा संलग्न रहेर २००७ सालको एकतन्त्रीय राणा शासनका बिरुद्ध सङ्घर्षपूर्ण राजनीतिक सरिक हुँदै नेपाली काङ्ग्रेसको मुखपत्र 'नेपाल पुकार'को सम्पदकसमेत बन्नुभएका देवकोटाज्यूसङ्ग पत्रकारिताका विभिन्न आयामवारे र पत्रकारले खेल्नुपर्ने रचनात्मक भूमिकावारे समयसमयमा गहन छलफलसमेत गर्ने अवसर मिल्ने गरेको थियो । चारदशकभन्दा लामो समयदेखि मैले हालसम्म पनि सम्पादन र प्रकाशन गर्दैआएको पहिले जनसंवाद र हालको युगसंवादका लागि उहाँसँग अन्तर्वार्ता लिने क्रम पनि चलिरहेको थियो । पञ्चायतकालीन राजनीतिक आरोह-अवरोहका अनेक क्षणदेखि लिएर २०४७ सालमा बहुदलीय संसदीय व्यवस्थाको समयमा होस् वा नेपाल गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरिसकेपछिको विभिन्न कालखण्डमा होस् उहाँका गहन विश्लेषण सुन्ने र आफ्ना धारणालाई समेत परिमार्जन गर्ने अवसर मिल्ने गरेको हुन्थ्यो । एउटा पत्रकारलाई सूचनाको स्रोतको विशेष महत्व हुने नै भयो । उहाँ उपलब्ध स्रोतहरूको उपयोगगरी सूचना ग्रहणगर्ने र सोको गहन विश्लेषण गरी विचार प्रवाह गर्न पोख्त राजनीतिक व्यक्तित्व हुनुभएकाले मैले पनि विश्वसनीय सूचनाको स्रोतका रूपमा उहाँसँग नियमित सम्पर्कमा रहने मौका पाएको हुँ। यदाकदा उहाँ

स्वयंले पनि फोन सम्पर्क गरेर बोलाउने वा नयाँनयाँ जानकारी दिने गर्नुहुन्थ्यो भने मैले सम्पर्क गर्न चाहेको बेला उहाँ जहिले पनि सहज रूपमै उपलब्ध हुनुहुन्थ्यो । बडप्पनको थोरै पनि अंश उहाँमा नरहेकाले विना हिच्किचाहट उहाँलाई भिझ्याउने गरिन्थ्यो नै । उहाँको अवशानपछि त्यस्तो आदर्शवान्, ज्ञानी एवम् पथप्रदर्शक व्यक्तित्वको सहज उपलब्धताको अभाव धेरै खट्किएको छ । उहाँको देशभक्तिपूर्ण प्रखर राष्ट्रवादी धारणा र चिन्तन हाम्रा लागि सदा प्रेरणास्पद, अविस्मरणीय र अनुकरणीय बनिरहेको छ ।

नेपालको तत्कालीन राजनीतिक वृत्तमा विलक्षण बौद्धिक व्यक्तित्वका रूपमा सुपरिचित राजेश्वर देवकोटाज्यूलाई अग्रजका रूपमा म सधैँ दाजु भनेर सम्बोधन गर्दथेँ । दार्शनिक चिन्तनले ओतप्रोत उहाँका कथन सूत्रबद्ध र संक्षिप्त रहनेगरेका भएपनि अबोधगम्य भने थएनन् । लामो व्याख्या नगरी थोरै शब्दमा समय र परिस्थितिको चित्र उतारेर गहन विचार राख्नसक्ने उहाँको अद्‌भुत क्षमता विरलै कोटीको थियो ।उहाँ पूर्वीय दर्शनका अध्येता र ज्ञाताका साथसाथै आधुनिक ज्ञान-विज्ञान र प्रविधिप्रति पनि उत्तिकै रूची राख्ने व्यक्ति भएकाले उहाँसँग भेटवार्ता गर्दा विविध विषयको ज्ञान प्राप्त हुन्थ्यो । उहाँबाट व्यक्त हुनेगरेका राजनीतिक विचार र धारणाहरूदेखि लिएर उहाँका साहित्यिक कृतिहरूले नै उहाँको गहन अध्ययनशीलता र प्रस्तुत गर्ने विशिष्ट कलाको पुष्टि गरेका छन् । राजनीतिमा वैचारिक मतभेद र द्वन्द्वात्मक परिस्थितिलाई स्वाभाविक नै मान्न सकिए पनि नेपालको राजनीतिमा राष्ट्रिय प्रश्नमा मतैक्यता हुनुपर्नेमा त्यो हुननसकेको अहिलेसम्म देखिँदैआएको यथार्थ हो । २०५३ सालमा संसदबाट विवादास्पद महाकाली सन्धि अनुमोदन गर्न कुटनीतिक एवम् राजनीतिक कसरत बेजोडले चलिरहेको बेलामा मैले **युगसंवाद**का लागि लामो अन्तर्वार्ता गरेको थिएँ । त्यो बेला सिङ्गो राजनीतिक एवम् बौद्धिक क्षेत्र विभाजित थियो । नेपालको अहितमा लक्षित एकीकृत महाकाली सन्धिको उपादेयता र औचित्य सिद्धगर्ने हरतरहको प्रयासमा प्रमुख राजनीतिक दलहरू लागेका थिए तर उहाँको प्रष्ट भनाइ भने - 'राष्ट्रिय प्रश्नमा पनि सहमति नहुने राजनीतिले केही कुराको सिद्धि गर्दैन' भन्ने रहेको थियो । महाकाली सन्धिकै प्रसङ्गलाई लिएर राखिएको प्रश्नको उत्तर दिँदै उहाँले 'आफ्नो आन्तरिक स्थितिमा अरूले बढी चासो राख्ने कुरामा हामी सहमत छैनौँ' भन्दै- 'जनताको आकाङ्क्षा पूरा गर्न हामीहरूले नयाँ कार्यक्रमहरू, चिन्तनहरू पेश गर्न जरूरी भैसकेको छ, त्यसबारे म 'वैध क्रान्ति'को रूपरेखा पेश गर्ने तयारीमा छु, यो मेरो आफ्नो चिन्तन हो' भन्नुभएको थियो । नेपालको राजनीतिले राष्ट्रिय चिन्तनधार नसमातेको र बाह्‌य हस्तक्षेप स्वीकृत हुँदै गएको प्रति उहाँ चिन्तित हुनुहुन्थ्यो । २०६२ सालमा भारतको नयाँ दिल्लीमा भएको १२ बुँदै सम्झौताका

हस्ताक्षरकारीहरू सबैले देशको आन्तरिक परिस्थितिको विश्लेषण र मूल्याङ्कन गरेर राष्ट्रिय प्रश्नमा सहमति कायम गर्नेतिर नलागी अरूकै आडभरोश र निर्देशनमा काम गर्ने परिपाटी बसेकाले देशको आन्तरिक परिस्थिति डामाडोल बन्दैगएको र चिन्ताजन्य परिस्थिति सिर्जना हुँदेगएको निष्कर्षमा उहाँ पुग्नुभएको खुलाशा उहाँले गर्दैआउनुभएको थियो। उहाँले यो संसारबाट बिदा लिएको पनि नौ वर्ष बितेर दस वर्ष लाग्यो तर उहाँका कालजयी विचारको सान्दर्भिकता झनै प्रष्ट हुँदैआएको देखिन्छ। राजनीतिक स्थायित्व, आर्थिक-सामाजिक रूपान्तरण र राष्ट्रको सबलीकरण र समृद्धिका जनचाहनाहरू दिनप्रतिदिन मुर्झाउँर्द गएका छन् । सिद्धान्त र विचारको राजनीति पूर्णतः स्खलित भैसकेको अवस्था अहिले छ। समयले राष्ट्रिय जागरणको माग गरिरहेको छ। आजका दिनमा सिद्धान्तनिष्ठ र विचारशील राजनीतिक नेताको चर्को खडेरीको पीडा भोग्न जनता विवश छन् ।

राजेश्वर दाजुसँग २०६८ साल साउन ८ गते अमेरिकामा अप्रत्यासितजस्तै भेट भयो । 'यो मानिस कता हरायो भनेको त, यहाँ पो भेट भयो' भन्ने उहाँको पहिलो प्रतिक्रिया थियो । उहाँ सन् १९८७ मा अमेरिकी सरकारको निम्तोमा पहिलो पटक अमेरिका आउनुभएको रहेछ । त्यसपछि छोरा ईश्वरचन्द्र देवकोटाले धेरै पटक आग्रह गर्दा पनि आउनुभएको रहेन छ। २३-२४ वर्षको अन्तरालपछि छोराकै विशेष आग्रहमा उहाँ दोस्रो पटक अमेरिका आउनुभएको रहेछ। दिवङ्गत पत्नी मायासँगको विछोडको मर्म व्यक्त गर्दै मसँगको अन्तरङ्ग वार्तामा उहाँले के भन्नुभयो भने - ' म आजाद भएँ। उनले मलाई आजाद गरिन् । उनी भएकी भए म अमेरिका आउने थिइनँ । अब मेरो जवाफदेहिता कसैसँग छैन।' उहाँको यो मर्मस्पर्शी भनाइले मेरो मानसपटलमा खलबली मच्चाइरहेको थियो । मैले आफ्नो डायरीमा यो भनाइलाई सुरक्षित राखेकाले अहिले यहाँ उपयोग गरेँ ।

उहाँसँग अप्रत्यासित भेटसँग जोडिएको प्रसङ्ग भने अन्तर्राष्ट्रिय नेपाली समाजले २०औँ वार्षिकोत्सव र १९८औँ भानु जयन्तीको अवसरमा आयोजित कार्यक्रममा रहेको सहभागिता थियो। भर्जिनियाँ राज्यको उडब्रीज शहरमा प्याटोम्याक नदीको किनारमा रहेको रमणीय लिस्वेनीया पाको नेचरल हलमा उहाँको अभिनन्दनका लागि सो कार्यक्रम आयोजित थियो । अनेसासले उहाँको भावपूर्ण अभिनन्दन गऱ्यो । सो कार्यक्रममा म (सोमनाथ घिमिरे), शिवप्रसाद सत्याल 'पीठ', गोपीकृष्ण खनाल, डिल्लीराम शर्मा र रणेन्द्र बराइलीलाई पनि सम्मान गरिएको थियो । अभिनन्दनपत्र र सम्मानपत्रको वाचन अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीले गर्नुभएको थियो।

सो अवसरमा उहाँले नेपालीहरू जहाँ पुगेका भएपनि आफ्नो जन्मभूमि, भाषा, साहित्य र संस्कृतिप्रतिको अनुराग नमेटिने भएकाले नै यस्तो रोचक कार्यक्रम आयोजित भएको धारणा प्रस्तुत गर्दै राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको संरक्षण र संबर्धनका लागि रचनात्मक कार्य गरिरहन प्रेरणाप्रद मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रमको दोस्रो चरणमा प्रतियोगात्मक कविता वाचनको कार्यक्रम रहेको र मूल्याङ्कनकर्ताका रूपमा उहाँ, सत्यालजी र म खटिएका थियौँ । हामी सबैको छनोट एउटै रहन गएको पनि उल्लेख्य रह्यो । उहाँ सो कार्यक्रममा भाग लिने निमन्त्रणा स्वीकार गरेर नर्थक्यारोलिनाबाट छोरा ईश्वरको साथ लागेर त्यति टाढाबाट आउनुभएको थियो । सो कार्यक्रमपछि म उहाँलाई भेट्न नर्थक्यारोलिनामा ईश्वरजीकै निवासमा पनि पुगेँ । उहाँसँग अप्रत्यासित रूपमा अमेरिकामा हुन गएको भेट र सो बेला उहाँसँग भएका अन्तरङ्ग कुराहरू मेरो मानसपटलमा अविस्मरणीय रूपमा रहेका छन् । साउन १२ गते (२८ जुलाई )का दिन उहाँसँग रमाइलो भेटघाट भयो । काठमाडौँ फर्किएपछि पनि म उहाँसँग नियमित सम्पर्कमा नै रहने गरेको थिएँ । बिग्रँदै गएको राष्ट्रिय परिस्थितिप्रति उहाँ चिन्तितमात्र होइन सजग भएर बौद्धिक परामर्शका साथ विशेष जमात नै खडा गरेर एउटा अभियानमै लाग्नुभएको थियो ।

म अस्ट्रेलियामा रहेको बेला उहाँ ब्रह्मलीन हुनुभएको दुःखद खबर सुनेँ । आधा शताब्दीभन्दा लामो समयदेखिको सम्पर्कसम्बन्ध टुटेको र बौद्धिक ज्ञान प्रवाहको एउटा स्रोत टुटेकोमा मन खिन्न भइरह्यो । मलाई अहिलेसम्म पनि उहाँको अभाव खट्किने गरिरहन्छ । उहाँको अन्तिम संस्कारमा सहभागी हुने मौका पनि मिलेन । उहाँप्रतिको मेरो उच्च श्रद्धाभाव यिनै शब्दबाट अर्पित गर्दछु ।

२०८१ माघ १ गते

❒

लाटाहरु केवल हाँसिदिन्छन्
फच्च्या भईहाल्दछ लाजसाज
टाटूउल्टिए तीसित के छ तिर्ने
रहेछ के जात र धर्म छाडे ।
'वसन्त काव्य' (२०७३) बाट

*कविता*

# मेरी



❑ *भूमि नेपाली*
गोरखा

कोमलताले भरिएकी
कमल जस्तै तिमी
मेरी प्रिया, मेरी कमला
वर्णन गर्न नपर्ने तिमी

कुन्ती-लुब्ध भए थे -
एक अतीत
कोशिका थप्दै फुल्दै
अन्ततः फक्रिएछौ -
कल्पनातीत

त्यहीँ मनोरमा-स्मृतिहरू
स्वप्निल विलासहरू
सँगालेर अँगालेर
कोमलताले भरिएकी
कमल जस्तै तिमी
मेरी प्रिया, देख्छु
वर्णनातीत तिमी

दिनै दिनै शनैः शनैः
हाम्रो लाली थपियो
कौमार्यको कान्तिदेखि,
मातृत्वको ज्योति चम्कियो ।

तिम्रो सुषमामा
मन मोहित
भै रह्यो भै रह्यो,

हाम्रो वैभव
हाम्रो आदित्य
तिम्रै सृष्टिले थपियो

कदाचित कोपभाजन भयौ
लक्ष्य विफल मेरो
तर
प्रकृतिकी अवतारझैँ
सृष्टिको आवर्तन गरिरह्यौ
म “म” भनिरहेँ तर पार्श्व नै रहे
कमलकी फूलजस्ती कोमल
मेरी “मेरी” कमला

❑

नियात्रा

# हर्मीभञ्याङ हुँदै खरिबोट



❑ *विजयराज न्यौपाने*
सल्लाहकार, कपुरधारा काठमाडौँ

पौराणिक पण्डित हरिभक्त देवकोटाको स्मृतिमा स्थापित संस्था हो **हरि सांस्कृतिक केन्द्र, गोरखा ।** विशिष्ट उपन्यासकार तथा राजनेता राजेश्वर देवकोटाले २०४६ मा पिताको पुराणवाचन, भजन कीर्तन, गायन, वाद्यवादनको विशिष्टतालाई ख्याल गरी यस केन्द्रको स्थापना गरेका थिए । केहीपछि आएर यसै केन्द्रसँग म जोडिए । म जोडिएपछि मेरी जोडी (पत्नी) पनि जोडिइन् । केन्द्रको सल्लाह बमोजिम सल्लाहकारको हैसियतले आज हाम्रो जोडी हरि सांस्कृतिक केन्द्रद्वारा वर्षेनी गोरखा जिल्लामा सञ्चालन गर्दै आएको माध्यमिक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता सञ्चालनको चाँजोपाँजो मिलाउन काठमाडौँबाट त्यतातिर लाग्छौँ । याम छ हिउँद । दिन छ २०८१ सालको मङ्सिर २९ गते । निबन्ध प्रतियोगिता आयोजनाका लागि विद्यालय छनोटपछि हरिभक्त गुरुले २००० साल अगावै अध्यापन गरेको गाउँ खरिबोट पुग्ने पनि हाम्रो यात्राको उद्देश्य रहेको छ । भित्री रहर भच्चेक, खरिबोट, झ्याँवाजस्ता प्राकृतिक गाउँठाउँलाई चुम्नु पनि त छ ।

शनिबारको शुभ बिहानीको मिरमिरे उज्यालोमा पोकापुन्तुरा बोकेर हामी गोडालाई घोडा बनाएर अगाडि बढ्छौँ । बसपार्कमा अरूभन्दा अगाडि पुगे अगाडि नै सिट पाइएला भन्ने आसाले गोडा घोडाझैँ बलिया भएको भान हुन्छ । मान्छे भने एकजना ढाडको नसा च्यापिएको र अर्को घुँडा दुखेका छौँ । मनको उत्साहले भने तन्नेरी कालमै छौँ । उमेर भने सत्तरी, हिंड्न लाई ो लत्तरी छ । सामासुखी सरकारी धाराबाट बसपार्क ट्याक्सीबाट जाने तरखर गर्दागर्दै बस आयो । बसपार्क जाने दिगो बस थिएन तापनि अर्को आउँदो बसलाई सोधेको त बसपार्क नै जाने भन्यो र अचम्म मान्दै फटाफट चढियो । बसपार्कको मुखैमा ओर्लेर हर्मीभञ्याङ, गोरखाको टिकट किनेर बसमा चढिन्छ त गाउँमै पुगेको सङ्केत मिल्छ । बसमा बसेका मान्छेका मुहारमा गाउँको झलक भेटिन्छ । तिनका सामान्य लवाइ, सहज अभिव्यक्ति र तेजिला आँखाले नै बताउँछन् ।

बस गुड्छ । नौबिसे खोला नतर्दै बसअघि बढ्न रोकिन्छ । टायर फेर्ने, टायरमा हावा भर्ने र सानोतिनो मर्मत गर्नुपर्ने भएकाले रोकिएको भन्ने बुझिन्छ। बस बसपार्कबाट निकाल्नु अघि नै बसको चेकजाँच गर्ने दिन नेपालमा कहिले आउला ? शहरी अस्तव्यस्तता छोडेर हलुङ्गिएको मन अल्लि गह्रौं हुँदै आयो तर आफ्नो काबुमा केही छैन धैर्यता लिनु बाहेक। एकछिन भनेपनि उभ्भिएर घाम तापेँ। आधा घण्टासम्म घामले तातिएँ। यसपछि भने बस पनि अल्लि तात्तिएर अघि बढ्छ। खानका लागि रोकिन्छ चुम्लिङटार। हामी भने घरमै चार गाँस तातो खाएर आएकाले सुन्तला, केरा र स्याउकै फलाहारमा रमायौं। बाटोमा मौकाले मौसमअनुसारको जे मिल्छ फलफूल, कन्दमूल त्यसैको स्वागतमा सन्तोष मान्छौं। बस गुड्दा गुड्दै मनकामना, मुगलिन, डुम्रे काटेर तुरतुरेमा मर्स्याङ्दी पुल तर्छ, पालुङटार हवाई मैदानमा बेतोडले गुड्छ। आफू पहिले २०२८ सालमा यहीँबाट उडेर काठमाडौं गएको सम्झना हुन्छ। जहाज चल्ने त्यति ठूलो हवाई मैदान तहस नहस छ। कुनै दिन यसको दिन फर्कने हो कि होइन गर्भमै छ।

गुड्दा गुड्दैको बसबाट एकैछिनमा ठाँटीपोखरी पनि चढिन्छ र बस रोकिन्छ। पण्डित हरिभक्तले २००० साल वरिपरि नै अब दिनदिनै गाउँ पाखामा नै मोटर आउँछ, नुनतेल लिन ठोरी जानु पर्दैन भन्थे रे। त्यतिखेर कसले पत्याउनु? सात सालमा देशमा प्रजातन्त्र आएपछि अब हवाई मैदान ठाँटीपोखरीमा बनाउनु पर्छ भनी गाउँको नेतृत्व गर्दै कुटाकोदाला, गल र साबेल बोकेर खन्न पनि आएका थिए रे। ठाउँ भने यहीँबाट सरेर पालुङटार पुगेछ, अहिले भने त्यही हवाई मैदान पनि बन्द छ।

बीस मिनेट ब्रेक भनेर कन्डक्टरले उर्दी लगाएका थिए तर पच्चिस मिनेट बितेपछि बस गुड्छ। केही पर पुगेर एउटा मोटरसाइकलले बसलाई उछिनी रोक्छ। एक जोडी छुटेछन् ठाँटीपोखरी। झगडाको लफडा बल्लतल्ल सम्झाइबुझाई टर्छ। यात्रुले पनि ख्याल गर्नुपर्थ्यो, बसले पनि खोज्नुपर्थ्यो। ट्याक्सी लिएर आउनुपर्ने स्थिति निम्तिए पनि सबैले साथ र सहयोग र समझदारीमा विवाद सल्टायौं।

बडडाँडा, माल्तिगहिरा, पण्डित गाउँ, बिजुले डाँडा हुँदै लिगलिगकोट कट्छ बस र आँपपीपल पुग्छ। कुनै दिन यहाँ मिसन अस्पताल र स्कुलले निकै ख्याति कमाएका थिए। समय नै बलवान् रहेछ। त्यो बेलाका जल्दाबल्दा व्यापारी साहूहरू शम्भुलाल श्रेष्ठ, रुद्रबहादुर बस्नेत उमेरले अहिले भित्ता लागे हुन्। मेरी जोडी ईश्वरीले यही आँपिपलमा हर्मी माइतीबाट धाउँदै कुनै दिन पढेकी थिइन्। मनमा यस्ता कुरा खेल्दाखेल्दै हर्मीकोट काटेर बस हर्मीभञ्याङ रोकिन्छ र हामी ओर्लन्छौं। हर्मीगाउँ

यता सिरानचोक र उता पालुङटारमा पो पर्दोरहेछ। हर्मी गाउँ र हर्मीकोटको तालमेल नमिलेकोमा अल्लि अप्ठ्यारो लाग्यो।

हर्मीभञ्ज्याङले रूप फेरेको रहेछ। हर्मीभञ्ज्याङमा मोटर गुडेपछि माझको चौतारो त्यसको तारो बन्ने नै भयो, हटेछ। भाषा पाठशालातिरको पनि चौतारी हटेछ, सानो शिव मन्दिर अर्थात् शिवालय भने बने छ। द्रव्य शाह गोरखा प्रस्थान गर्दा यतै बसेको र हिँडेको सम्झनामा द्रव्यशाह चोकमा उनको सालिक स्थापनाको सपना पनि बुनेको रहेछ हर्मीभञ्ज्याङले। सानासाना झुपडीमा सञ्चालित चिया पसल, सटरवाला महलमा सरेछन्। नयाँ आधुनिक घर ठडिदै छन्। गाउँ र बजारको मिलनले मानिसका मन पनि विकसित भनौ कि सङ्क्रमित हुने आभास झल्कदो। अहो! म नआएको त धेरै नै भएछ भन्ने लाग्यो।

भाषा पाठशालाको कुरा गर्दा २०००साल वरपर लिगलिगकोटको सेरोफेरोका गोरखा र लमजुङका गाउँमा शिक्षा प्रचारक गुरुको रूपमा पं.हरिभक्त देवकोटा स्थापित रहेछन् भन्ने कुरा हर्मीका बुढापाकाबाट बुझिन आयो। उनलाई केन्द्र मानेर भाषा पाठशाला माष्टर वा निजी रूपका माष्टर वा गुरु नियुक्तिमा उनको सिफारिस चल्दो रहेछ। त्यही सिलसिलामा आँपपीपल भाषा पाठशालामा सुरुमा लिगलिगबाट, त्यसपछि गोबरेडाँडा (हाल नवलपुर) का पं. अधिकारी गुरु र पं. दुर्गाभक्त देवकोटापछि आँपीपलका गुणकान्त (कान्छा ढकाल) गुरु आएको बोध हुन्छ। यी कुराहरूमा साँचो फिरिस्ती छ कि छैन छलफलमा ल्याउने काम भने भएको छ।

मङ्सिर पूर्णिमाको दिन नै बिदाको दिन छ, ढकाल कुलपूजामा एकछिन सम्मिलित हुन पुगेँ। टाढा टाढा पुगेका वंशियार ढकाल बन्धु पनि जुटेका देखिन्थे। एकैठाउँमा एकैपटक गाउँले दाजुभाइ, दिदीबहिनी देख्न, परिचय नवीकरण गर्न पाउँदाको क्षण बेग्लै रमाइलो। नाम दर्ता, प्रवेश शुल्क, पुत बढाइँ, विवाहोत्सव हर्षबढाइँ, पारिवारिक सुखशान्तिका उपहारमा शङ्ख, घण्ट, दियो, कलश, चन्दा रकम कतिकति ? हस्तान्तरण। उता परिचय, मान-पदवी-सम्मानमा दुई शब्द, नवजोडीको स्वागत रमाइलो र शिष्ट नै लाग्यो कुलपूजा समारोह। मलाई पनि ज्वाइँचेलाको नाताले आफ्नो शुभकामना मन्तव्य कवितात्मक ढङ्गले प्रस्तुत गर्ने मौकाको प्राप्ति हुन्छ र प्रसाद ग्रहण गर्दा भोक पनि मेटिन्छ।

यसको भोलिपल्ट पौष सङ्क्रान्तिको दिन महेन्द्रलीला माध्यमिक विद्यालय नवलपुर पुग्दा फेरि बेग्लै रमाइलो। त्यहाँ पुग्दा मेरो मन २०२६ सालतिर दौडन्छ जुन बेला म प्रवेशिका परीक्षा अर्थात् एसएलसी परीक्षा दिएपछि पुगेको थिएँ

जुन बेला बाबुराम भट्टराई, कृष्ण पोखेल पनि एसएलसी परीक्षा दिएर फुर्सदका केही दिन त्यहाँ पढाउँदै रहेछन् । स्कुल टिफिन टायममा उनीहरूले भलिबल खेले भने मैले हेरेर बसेको थिएँ । स्कुल माथि थियो त्यो बेला, तर जहाँ, जतिबेला भलिबल खेलिएको थियो त्यही ठाउँमा भने अहिले स्कुल रहेछ । मनमा अनेक कुतूहल खेल्दाखेल्दै विद्यालय कार्यालय पुगिन्छ । प्रअ रामप्रसाद अधिकारी त पूर्व परिचित मुहार तर नवीन अनुहारसहितका शिक्षक मित्रहरूसँग पनि परिचय हुन्छ । हरि सांस्कृतिक केन्द्रको सन्देश र चिठी उपर खुला कुराकानी हुन्छ । कुराकानीले सकरात्मक रूप लियो । मा.वि.स्तरीय निबन्ध माघ ११ गते शुक्रबार सञ्चालन गरिने सहमति बन्छ । पत्रचार र निबन्ध लेखन प्रतियोगिताको चाँजो मिलाउने काम महेन्द्रलीलालाई सुम्पन पाउँदा मनपनि हलुङ्गिएको भान हुन्छ । स्कुल क्यान्टिन सञ्चालक बहिनीले उक्त दिन सहभागीलाई खाजा ख्वाउने जिम्मा पनि लिइन् ।

यसरी हलुङ्गिएको मन लिएर हामी भोलिपल्ट बिहानमात्रै भच्चेक, खरिबोटतिर लाग्ने बस पाइने हुँदा हर्मीभञ्याङकै गाउँ रानीबुढी, भोर्लाबोट, स्वाँरा हेर्दै काउले गाउँ, ठाडाघर, ठानेस्वाँरा, बिर्ताबारी, बङ्गाले गाउँ भरत ढकालको गाइडमा डुलियो । देब्रेतिर लस्करै देखिने हिमचुली, मनास्लु, गणेश हिमाललगायतका हिमशृङ्खला कति सफा र सुन्दर आँखा अगाडि देखिन्छन् । हाम्रो मन हिमालले चोरेझैँ भयो । आँखा त्यतै तानिन्छन् । चन्द्रकान्त ढकाल पनि थपिन्छन् । माइतीघरको कुकुर पनि प्यारो भनेझैँ माइती देशका जो जो भेटिन्छन् आज सहयात्री पत्नी ईश्वरी खुब सुसी छिन् । चिन्नेले ठूलाघर दिदी भनेर सम्बोधन गरेका छन् नचिन्नेले ठूलाघर माइती भनेपछि चिनिहाल्छन् । जोडी चिनिएपछि म पनि त्यसै चिनिन्छु । चिया पिलाएका छन् । फोटो खिचेका छन् । हालखबर बुझेका छन् । बङ्गाले गाउँ त घरघरै पसेर, बोलेर हिँड्न पाइयो । निश्छल बोलीचाली, निश्छल हाँसो र प्यारको नासो बोकेर हामी विश्राममा फर्किन्छौँ ।

महिनाको हिसाबले त दुई महिना भइसक्यो काठमाडौँ छोडेको तर दिनका हिसाबले चौथो दिन हामी भच्चेकतर्फ लाग्दछौँ- बसबाट बिहान १०ः३० बजे । हरियाली उकाली पार गर्दै बस चित्रेपाम पुग्छ र एकछिन रोकिन्छ । होटल घरको बाहिरी बरण्डामा घाम ताप्दै एकैछिन बस्दा ओखेनी सिम्लेका बबर गुरुङ भेट हुन्छन् । पुरानो साथी लमजुङ, गौँडा हेल्थपोष्टमा उनी इन्चार्ज थिए, म बुद्धमिलन मावि प्यारजुङ, लमजुङको प्रअ । एकछिन बात गर्दा पनि आआफ्ना दुःखभन्दा पनि देश दुःखेको दर्द नै अभिव्यक्त हुन्छ । हाम्रो बात सुनेका वृद्ध दाजुभाइले पनि दिल दुखाउँदै सहभागिता

जनाउँछन् । वास्तवमा देश समृद्ध होस् भन्ने चासो सबैतिर छ तर देश बनाउने सङ्कल्प आत्मा साक्षी राखेर राज्य चलाउनेले मन, वचन र कर्मले प्रतिबद्धता जाहेर नगरी हुँदो रहेनछ । इमान्दार, दृढ सङ्कल्पित राजनेताको होष्टे नभै हैँसे भन्ने जनताले होष्टे भनेर साथ दिने मौका पनि पाउँदो रहेनछ । म भ्रष्टाचार गर्दिन, भष्ट्राचार हुन पनि दिन्न मुखले भने पनि भित्री आँखाले आफ्नाले भ्रष्टाचार गर्दा देख्या नदेख्यै गर्ने र प्रतिपक्षीले गरे खोइरो खन्ने प्रवृत्तिले भ्रष्टाचार निवारण त हुँदैन होला नि ! यस्तै भाव भावना पोखेर मन एकैछिन शान्त बनाइयो । अरूलाई भनेर भन्दा पनि आफूले आफैलाई सच्याउन सकेमात्र सकरात्मक परिर्वतन सम्भव हुने हो । बातलाई अर्कोतिर मोडेर गुरुङ बाले बबरलाई भने - कुन वर्गको हो बाबु ? गरूढ उनले भने । मैले आफ्नो घोडा वर्ग भन्ने सम्झिएँ । मैले राखेको जिज्ञासामा उनले वर्ग गन्दै गए : बाघ, बिरालो, गरूढ, नाग, घोडा, भेडा, बाँदर, चरा, कुकुर, बनेल, मुसा, गाईसमेत बाह्र वर्ग । मेरो वर्ग घोडा र उनी मभन्दा दुई वर्ष जेठा रहेछन् । यत्तिकैमा बस चल्न लाग्यो बबर दाइसँग हामी छुट्टियौँ ।

जतिजति माथि चढ्दै गयौँ उतिउति रमणीय गाउँ, ठाउँ र हिमाल खुल्दै छन् । दृश्यावलोकनको दैलो खुलेजस्तो । हिमालयको घुम्टी खोली कार्यक्रमजस्तो हुन गयो । एकैचोटि हिमाल दायाँबायाँ खुल्दा र झलझलाकार हिमाल सामुन्ने झुल्किँदा मन एक्कासि पुलकित हुन्छ । मन अनायासै खुल्छ र भावमय उद्गार पोखिन्छ :

*आहा ! आहा! भो मन आहा ! आहा ! भो*
*सामुन्नेमा हिमाल कस्तो कमाल भो ।*

सायद जिन्दगीको रमाइलो दिन जस्तो हुन्छ मलाई । यति उच्च डाँडामाथ हुँदा हिमाल यति नगिचै दायाँबायाँ देख्दा घले गाउँको बाउजस्तो लाग्यो भच्चेक । यहीँ छन् - अजिरकोट र कालिका मन्दिर । जति कोट उति कालिका स्थानझैँ लाग्दछ । सिरानडाँडा, खरिबोट, गोरखाको बाटो दूधपोखरी जानेको प्रवेशद्वार पनि भच्चेक । दिनको १:०० बजेको छ, हामी भच्चेक बसपार्कमा उत्रन्छौँ ।

रमाइरहेको हाम्रो मनमा अब खरिबोट जाने उपाय खोजतिर लाग्छ । एक डेड घण्टा त बुझ्दैमा जानेरहेछ । खरिबोट जान दिनमा एकपटक बेलुकी ४-५ बजेतिरमात्र एउटा बस रहेछ । यस्तो सेवा पनि केबल दुई-चार दिन अगाडिदेखि चलेको रहेछ । खरिबोट गाउँमा कसरी जाने र कसलाई भेटेर हरिभक्त देवकोटाकालीन शिक्षा र उनको योगदानबारे बुझ्ने ? यही सिलसिलामा पूर्व शिक्षक एवम् प्रअ तयराज गुरुङलाई भेट्दछौँ । खरिबोटमा सम्पर्क व्यक्ति पहिचान गर्छौं । भच्चेकमा पनि ट्याक्सी चल्दा रहेछन् । छक्कै परेर ट्याक्सी खोज गरियो र भेटियो पनि । अँधेरी खोलादेखि अगाडि

भने बढ्दो रहेन छ ट्याक्सी । कति हिँड्नु पर्ने हो ? एक जना त्यतै जाने मान्छे भेट भए निःशुल्क लैजान हुन्थ्यो भन्दाभन्दै भेटिए नन्दलाल धिताल । गोरा, राम्रा, हाम्रै उमेरका संस्कृत नपढे पनि पढेजस्ता । दौरा, सुरुवाल, कोट र टोपीमा भेटिएका नन्दलाल ढुङ्गा खोज्दा देउता मिलेजस्तो भयो । हामी खरिबोट लाग्छौँ । पराल बोकेर आएको ट्रकले खसालेको भारी फेरि मिलाउँदा बाटो छेकियो । आधा घण्टासम्म पर्खेर बाटो खुल्यो । खोला तरेर ट्याक्सी फर्किन्छ बाटोको विकटताले । हामी भने पैदल एक बिसौनी हिँडेर खरिबोट पुग्छौँ । नन्दलालजीकै घरमा भिटी बिसाएर बस्दाबस्दै फणीन्द्र धितालसँग भेट हुन्छ । खरिबोटको गुरुकुलीय शैक्षिक नालीबेली मोटामोटी थाहा हुन्छ । पं. हरिभक्तले त्यहाँ पढाएको र राजेश्वर पनि पितासँगै पढ्न पुगेको कुरा बोध हुन्छ । भैरवप्रसाद धितालको बार्दलीमा हरिभक्तले पढाएका थिए । उनीपश्चात्का खरिबोटमा पढाउने गुरुहरूका केही नाम पनि काठमाडौँतिर सम्बन्धित मान्छेलाई फोन गरी बोध हुन्छ । पं. बद्रीप्रसाद आचार्य, भीमप्रसाद, टङ्कनाथ आचार्य, जीवनाथ आचार्य, सूर्यनाथ अर्याल गुरुहरू नै स्यार्तन भाषा पाठशालाका प्रारम्भिक गुरुहरू ठहरिए । हरिभक्तले शिक्षाको शङ्खनाद गरे । खरिबोटको चेतनाको घैँटोमा घाम लाग्यो । भाषा पाठशालाको माग उठ्यो । तत्कालीन धिताल महेश्वर डिट्ठाले भाषा पाठशालाको माग गर्दै राणाजीमा बिन्तिपत्र राखे र २००१ सालतिर स्यार्तन भाषा पाठशाला स्थापना भएको बुझिन आएको छ ।

तत्काल गाविस अध्यक्ष भइसक्नुभएका फणीन्द्र हाम्रो लागि स्रोत व्यक्ति हुनुभयो । उहाँसँगकै भलाकुसारीमा राणाकालीन सुब्बा परमानन्द धितालसँग जोडिएका राणाका हुकुमी आदेशमूलक कथाका प्रसङ्ग पनि कोट्टिन पुग्दछ । समय भने घर्किंदै भएकाले उहाँसँग छुट्टेपछि साँझपख नन्दुकै सहारामा गाउँ डुलिन्छ । भैरवप्रसाद आदिका घडेरी अवलोकन गर्दागर्दै देवराज धिताल, कमलप्रसाद भट्ट, यमप्रसाद धितालसँग भेटेर कुराकानी पनि हुन्छ । त्यहाँको शिक्षाको जरो-किलोसहित हरिभक्तको योगदान बुझ्ने कोसिस गर्दै फर्कंदा झम्के साँझ पर्छ ।

बेलुकीको खाना खाएपछि घरबेटी न्यौपाने चेली लुइँटेल, गोरखा (माइती)को वैवाहिक जीवनपछिका खरिबोटका मार्मिक कथा सुनेर दङ्दास परिन्छ । एउटी अबला महिला र उनको झुप्रो कसरी विकट गाउँमा घर बन्न पुग्छ, उनले कसरी आफूलाई स्थापित गर्दै सम्मानित, मर्यादित बन्न पुगिन् भन्ने रोचक प्रसङ्गसमेत सुन्दासुन्दै रात छिप्पिन पुग्दा अनुकूल समयमा सुन्ने बाचा बाँद्धै कथाको प्रसङ्ग थाँती राखेर निद्रादेवीको शरणमा पुगिन्छ ।

भोलिपल्ट बिहानै हामी भच्चेक फर्केर झ्याँवा गाउँतिर बसबाट लागिन्छ । कच्ची बाटो, ओरालो यात्राको जात्रामा पनि रमाउँदै सिम्जुङलगायतका गाउँ आँखामा टाँसिदै जान्छन् ।

झ्याँवा गाउँमा भाञ्जीदिदी लाली दवाडीलाई भेटिन्छ । दिउँसो हिमालय माविमा पुगियो । प्रअ कालिकाप्रसाद अधिकारीलगायत अन्य शिक्षक साथीहरू पनि भेटिन्छन् । स्थानीय बुद्धिजीवी शुकदेव दवाडीबाट झ्याँवा र यस वरपरका गाउँ र तिनका मोटामोटी कथाहरू सुन्ने र बुझ्ने मौका मिल्दछ ।

एकल महिला लाली दिदीको लीला बेग्लै छ । यी तमाम कथाहरू यहाँ उल्लेख गर्न पनि कठिन छ । यात्रा अनुभूतिका कथाहरू मानसपटलमा सञ्चित छन् । भोलि मौकामा खुल्न सक्दछन् ।

भोलिपल्ट बिहानै बसमा दौडिँदा दरौंदी खोलाले मर्स्याङ्दी भेटेपछि एउटा बस बदलेर अर्को बसबाट काठमाडौँ पुग्दछौँ । हाम्रो नियात्रा पनि टुङ्गिन्छ ।

❐

**उनले माया गरिन्**
**मैले कर्तव्य प्रेम गरेँ**
**पत्नी बनि उनी आइन्**
**मैले प्रेम गर्नु कर्तव्य सम्झेँ**
**तर उनी माया बनी मेरो अन्तरमा पसिन्**
**माया भित्र पस्यो प्रेम बाहिरियो**
**उनको माया मेरो भित्र नै लिपिएछ**
**लिपिमा म के उतारूँ**
**छैनन् भन्नु भ्रममात्र हो ।**

**'माया' पुस्तकबाट**

कविता



# श्रद्धासुमन

❑ नारायणप्रसाद पोखरेल
मनकामना, गोरखा

वियोगी योगी हो भन विपद यो भुल्नु कसरी ?
पखेटा खुम्चे यी म - धुप जसरी खन्नु कसरी ?
जरा छिन्दै वैले उपवन कठै ! झुल्नु कसरी ?
चमेली चम्पाझैँ पुलकित हुँदै फुल्नु कसरी ?
तुषारो सारो भो अनलसरि तातो हपहपी
म पार्कै पीडाले विषय दिनु के विष्मय खपी ।
हजारी झारीको जल विकृत भै शान्ति कुँडियो
हरायो रायोको हरितकण खै कान्ति चुँडियो ॥
जगाई जाईका वयरस खुलाई झलझली
दियौ डाली माली ढकमक फुलाई मखमली
बग्यौ ज्ञानी गङ्गा शरद ऋतुका सौम्य छहरा
कलाले लाएका मृदुल वनमाला र लहरा ॥
स्वयम् शोभा आशा शुभ कलश हौ बुद्धि भरिला
अहा ! वीणा वेत्ता रमण रसिला हौ रहरिला ।
सितारा तारा के जगमग भयौ जून जसरी
समायौ यो माटो मुटुसरि बुझी जीवनभरि ॥
चिमोटे मोटेले विष घटक घोटे ढलिदिने
पुजारी जारी छन् दिनदिन परेवा बलिदिने ।
सलेदो लेदोले लतपत हुँदा संस्कृति रुँदा
दियो बाल्ला कल्ले घरघर जुदा पात्र नहुँदा ॥
तिमी बस्ता सुक्खा समय बदली साउन बन्यो
तिमी जाँदा सुक्खा समय बदली साउन बन्यो ।
कहाँ छैनौ भन्ने कणकण यहाँ व्यापक भयौ
गुनी नेपालीका हृदयभर राजेश्वर रह्यौ ॥
गयौ गोर्खालीका गजुर गहना गौरव गति
युगौँ अड्छौ छर्छौ अमर कृतिका सौरभ कति ।
भयौ संस्था साझा शिर धर-धराधाम धरणी
तिमीमा श्रद्धाका सुमन मन सुम्पन्छु म पनि ॥



# आफ्नै बाँसुरी, आफ्नै गीतमा

❑ *लोककवि सुरेशकुमार भट्ट*
मसेल, गोरखा

आफ्नो कुरा आफैँले गर्नु, आफ्नो तारिफ आफैँले गर्नुलाई पनि र आफ्नो आङ कन्यायो आफ्नै आङमा छारोलाई पनि शीर्षक बुझ्न सकिएला । आफ्नो कुरा आफैँले गर्नु त राम्रो हैन तर आजकल आफ्नो दमाहा आफ्नै गजा गरी बजाउने चलन पनि नचलेको हैन । हुन त लोकतन्त्रमा आफूले आफैँलाई प्रस्तुत गरेन, गर्न सकेन भने त्यो हुलमा पनि एक्लै भएर छलिन्छ । यो प्रजातन्त्र अर्थात् लोकतन्त्रभित्रको विशेषता रहेछ । त्यसैले आफ्नै बाँसुरी, आफ्नै गीतमा किन नबजाउने भन्ने लागेर आएपछि केही शब्द कोर्ने जमर्को गरिएको हो । थालनी जे जताबाट गरे नि यहाँ उही आहान उही कुम्लो पनि भएको छ ।

प्रसङ्ग नेपालमा हाल चलिरहेको साहित्यिक उछिनपाछिन दौड र मान, सम्मान र पुरस्कार विनिमयको पनि हो । यस्तो पनि देखिँदै छ अमुक भाषा र गतिविधिमा "तिम्रो संस्थाले मलाई पुरस्कार र सम्मान गर, मेरो संस्थामा म तिमीलाई पनि सम्मान पुरस्कार गर्नेछु" भन्ने गरेको जस्तो लाग्दछ । यसरी सौँ साटी विवाह (साटो हाली विवाह) नेवार परिवार र क्षत्री-बाहुनमा पनि उमेरमा केटा बिकाउन नसक्दा साटो हाली विवाह गर्ने चलन थियो । तर पनि अहिले त्यतातिर हराउँदै गएको छ । तर त्यही पाराको अहिले यो मान, सम्मान र पुरस्कार साहित्यिक अन्तरसंस्थाबिच बेस्सरी मौलाउँदै गएको कुरा छर्लङ्गै छ । तर ती कुरा तिनै बुद्धिजीवी, साहित्यकार लाजले भन्न नसकिरहेका मौनदर्शक बनेका छन् । यसै विषयमा तीन वर्षअघि यो पङ्क्तिकारसँग संस्कृतिविद् सत्यमोहन जोशीले "रिकर्ड नगर्नु" भनिकन "यहाँ सही मूल्याङ्कन खोइ कहाँ हुन्छ ? सबै ठाउँमा आफ्नै मान्छे भर्ने हुन् ।" मुख खोली दिएकाले यहाँ लेख्ने साहस गरेको हुँ किनकि हरिज्यूको लेना न देना भएकाले । यो निःसन्देह राम्रो लक्षण सङ्केत हुँदै हैन फेरि उच्चकोटिका साहित्य, साहित्य नभएर लिनुदिनु (विनिमय, एक्सचेन्ज)को अनि राम्रो नभएर हाम्रो साहित्यहरू साहित्यका उच्चकोटिमा गोटी सारिँदै छन् । तथापि म गर्वका साथ भन्न सक्छु - केही मोफसलका पनि साहित्यिक संस्था यथार्थको बाटोमा रही सही र उच्च कोटिका साहित्यलाई नै साहित्यको कोटिमा राख्नुपर्छ भनेर लागिपरेका छन् । तिनैमध्येको एक हो - २०४६ सालमा गोरखा बजारमा वरिष्ठ साहित्यकार राजेश्वर

देवकोटाबाट आफ्ना पिताजीको नाममा स्थापित "हरि सांस्कृतिक केन्द्र, गोरखा" । जो गोरखा जिल्लाको साहित्य र संस्कृतिको उन्नयनमा निरन्तर लागिरहेको छ। हालसम्म ३४ जना स्रष्टाहरू "हरि उत्कृष्ट प्रतिभा पुरस्कार' बाट सम्मानित र पुरस्कृत भैसक्नु भएको छ। के हो ?, किन ? र कसलाई ? "हरि उत्कृष्ट प्रतिभा पुरस्कार ?"

के हो ? - हरि सांस्कृतिक केन्द्रको उत्कृष्ट र पहिलो रु. २५,०४६ राशिको गोरखाको सबभन्दा ठुलो साहित्यिक तथा सांस्कृतिक प्रतिभा पुरस्कार हो।

किन ? - गोरखा जिल्ला निवासी कुनै पनि सर्जकबाट वा गोरखामा कार्यरत कुनै पनि नेपालीले नेपाली साहित्य र संस्कृतिको उन्नयनमा योगदान पुऱ्याउने, खोज अनुसन्धान वा उत्कृष्ट सिर्जनात्मक कार्य गरेबापत प्रोत्साहनका लागि पुरस्कार प्रदान गर्न।

कसलाई ? - जुनकुनै व्यक्ति गोरखामा जन्मिएको वा विवाह गरेर आएको वा गोरखाका कुनै पनि शिक्षण सङ्घसंस्थामा रही काम गरेकोले नेपाली साहित्यिक सांस्कृतिक विषयमा उत्कृष्ट सिर्जनात्मक कार्य गर्ने व्यक्तिलाई यो 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' प्रदान गरिन्छ।

संस्थापक संरक्षक वरिष्ठ साहित्यकार राजेश्वर देवकोटाको पुरस्कारसम्बन्धी धारणा बुझ्दा उहाँले प्राप्त गर्नु भएको मदन पुरस्कार रु. ५०,०००।- र साझा पुरस्कार ८,०००।- गरी ५८,००० रूपैयाँबाट सुरुमा अक्षय कोष खडा गरी आफूलाई पछि पनि पुरस्कार प्राप्त भएमा समेत सोही हरि सांस्कृतिक केन्द्रका नाममा अक्षय कोषमा थपिने गरी आफूले आफ्ना सिर्जनाबाट आउने रोयल्टीसमेत पुरस्कारमै राख्ने उहाँको महान् इच्छा भएको पाइयो। यसको अर्थ दूरदृष्टि नायक देवकोटाको पुरस्कारको क्रम निरन्तर रहोस् भन्ने नै हो भन्ने प्रस्टै बुझिन्छ। त्यो विरासतलाई वर्तमान संरक्षक तथा उत्तराधिकारी सुपुत्र उदार समाजसेवी ईश्वरचन्द्र देवकोटाले समयानुकूल रकम मिलान गरी पिताजीको सदीच्छाबमोजिम प्रत्येक वर्ष निम्नानुसार पुरस्कारलाई निरन्तरता दिँदै आएको देखिन्छ।

अति स्मरणीय कुरा के रहेछ भने २०४६ सालमा रु. ५,०००।- बाट सुरु भएको रु. १०,०००।-, २०,०००।- हुँदै पुरस्कारको राशि हाल रु. ४६ थपी रु. २५,०४६।- बनाइएकोबाट कताकता नौलो र नवीनतम प्रयोग भएको अनुभूति हुन्छ। यस्तो बिरलै भेटिएला। संरक्षक ईश्वर चन्द्र देवकोटाजीको संरक्षकत्वमा हाल रु. २५,०४६।- भएको छ।

साथै केन्द्रले समय सापेक्ष रूपमा अरू पुरस्कारको क्षेत्र विषय र आयाम सहित राशिको समेत व्यवस्था गर्दै गएको कुरा पनि यहाँ अत्यन्त स्मरणीय रहेको छ। चालु वर्षबाटै सो को कार्यान्वयन हुने कुरासमेत गोरखाली र सम्बन्धित स्रष्टाहरूका लागि गौरव र अवसरको कुरा हो भन्ने लाग्दछ। गोरखाको साहित्यिक फाँट फराकिलो

र उर्वर बन्दै जानुमा यी र यस्तै संस्थाको हात रहेको कुरालाई चिन्तन, मनन र प्रशंसा गर्नै पर्दछ। किनकि क्षमता भएर पनि केही हुँदैन, उजागर हुने अवसरको दिन नआएसम्म।

**सिर्जनात्मक कुतकुती र सम्मान पुरस्कारको अनुभूतिलाई लिएर भन्नुपर्दा**

आफ्नै बाँसुरी, आफ्नै गीतमा मैले भन्नै पर्छ मलाई शास्त्रीय वेदभन्दा लोकवेद मानवीय र सामाजिक हिसाबले हाम्रो सामाजिक जनजीवनमा निकट र महत्त्वपूर्ण लाग्छ। किनकि जति लोक वेद व्यवहारिक, उपयोगी, महत्वको दिन दैनिकीमा आई रहन्छ त्यति शास्त्रीय वेद आउँदैन किनकि ऊ शास्त्र हो तर लोकवेद मानवीय जीवन र व्यवहार हो। लोकवेद मानव विकाससँगै सुरु भएको हो भने शास्त्रीय वेद पछिल्लो समय कालक्रममा विभिन्न व्यक्तिबाट लेखिएको हो। शास्त्रीय वेदभन्दा लोकवेद धेरै पुरानो हो। शास्त्रीय वेदका ऋचा, सूक्त आदि भनिएजस्तै लोकदेवका शाखा-प्रशाखा धेरै छन्। आहान, उखान, टुक्का, कर्खा, गाथा, गीत, भजन, बालुन, कथ्वा सिलोक, उक्ति, सूक्ति, कथा, कहावत, जनश्रुति आदिले मानव विकासको प्रारम्भदेखि नै समाजको परिचय दिइरहेका छन्। हाम्रो गाउँले जनजीवनमा ठाउँअनुसार केही शब्द उच्चारण फरक होलान् कतै खर्सेतो, कतै ठोट्ने भन्लान् तर भाषिकामा फरक पर्दैमा सिङ्गै लोकवेदमा फरक पर्दैन, किनकि ती लोकवेदका कुरासँग समाज पूर्ण परिचित छ। तर अहिले आधुनिकताको बाटो हिँड्ने निहुँमा आदिम सभ्यतालाई नकारेर लगौँटीलाई प्यान्टी भन्दैमा हाम्रो लोकवेद अपहेलित हुन सक्दैन, हुनुहुँदैन भन्ने मेरो धारणा रहेको छ। लोप हुँदै र आधुनिकताको नाममा आफ्नो भाषा, वाङ्मय, संस्कृति, मौलिकता छोड्दै गएको हाम्रो साहित्यिक क्षेत्रमा आफ्नो मौलिक लोकवेद छाडेर गजल, हाइकु, उमर खय्यामको हवाला दिँदै सायरीमा बहकिएको रमाएको र घमाएको देख्दा मनमा अति कुतकुती भो, छटपटी पनि भो। त्यसैले म नेपाली साहित्यको माता नेपाली लोकगाथातिर, यी उखानटुक्कालगायतका यही लोकदेवका शाखा-प्रशाखालाई लोप हुन, हराउन र छाडिन बिर्सनबाट जोगाउन ढिलो नगरी खोज तथा संरक्षण गरिनुपर्छ, जोगाउन पर्छ भनेर लाग्दै आएका क्रम लोकवेदमा आधारित पुस्तकहरू प्रकाशनमा ल्याएँ। तिनकै संरक्षणको काम गरेबापत मूल्याङ्कन गरी २०७९ को "हरि उत्कृष्ट प्रतिभा पुरस्कार" हरि सांस्कृतिक केन्द्र गोरखाले सम्मानपूर्वक प्रदान गरेर मेरो लोकवेद अभियानलाई सहयोग गरी संरक्षण कार्यमा उत्साह भरी लोककविको दर्जा दिई अनुमोदन गरी टेका थपिदिएकोमा साँच्चै आह्लादित हुँदै उकालो चढेको एउटा साहसिक साहित्यिक यात्रुको रूपमा आफूलाई पाएको छु। तसर्थ केन्द्रप्रति हार्दिक आभार प्रकट गर्दछु।

जय गोरखकाली ! जय गोरखाली !

❒

कविता

# राजेश्वर भतिजमा श्रद्धासुमन



❑ हरिदत्त देवकोटा
लिगलिग पण्डित गाउँ, गोरखा

के लेखूँ आज काउकुती लाग्यो प्यासले सतायो
हरायौ तिमी राजेश्वर बाबु यादले तड्पायो ।
गएछौ तिमी नआउने बाटो सम्झना गहिरो
क्षणिक जीवन के रैछ यो दिलमा पहिरो ॥

यो संसार जस्तो त्यो संसार छ कि देखने कोही छैन
यै रूपमा छौ कि फरक भयौ बुझ्ने कोही छैन ।
राज्यका तिमी वृहस्पति गुरु अस्तायौ कता गै
आउन्नौ तिमी फर्केर यहाँ गयौ नि विलीन भै ॥

तिमी त थियौ विद्वान् सार्थक निर्भिक निडर
सुनौलो अक्षर दिएर गयौ साहित्यिक बनेर ।
कद त्यो सानो विद्वान् थियौ धेरै कम बोलने
साहित्य काव्य निबन्ध कथा क्या खूब लेखने ॥

राज्यका तिमी शीतल छाया छलेर गयौ नि
छहारी ढली उदाङ्गै भैगो बाबु कसरी बसौ नि ।
राम्रो काम गऱ्यौ बिगार गरेनौ कैले कसैको पनि
त्यै राम्रो कामको पुण्यले होला स्वर्गैमा सऱ्यौ नि ॥

साङ्ख्य शास्त्रका कपिलदेव मुनि घोषित गर्दछु
आत्ममा ज्ञान थियो ज्ञानै त दियौ लौ शरण पर्दछु ।
शास्त्रको ज्योति छरेर गयौ यै विन्ती गर्दछु
दिव्यै ज्ञान दिएर गयौ श्रद्धासुमन अर्पन्छु ॥

❑

# सपनामा पनि उहाँसँग कुरा हुन्छ



❑ *शिशिर देवकोटा*
लिगलिग, गोरखा

सबै सन्ततिका लागि आफ्ना मातापिता साक्षात् भगवान् (देवता) हुन भन्ने गरिन्छ र हुन् पनि । आफ्ना सन्तानप्रति मातापिता पूर्ण जिम्मेवार हुन्छन् । पारिवारिक सुरक्षा, माया, प्रेम, सबैसबैमा आर्शीर्वाद प्राप्त हुन्छ । आफ्ना सन्ततिहरूप्रति समृद्धि चाहने, भविष्यको निर्माणकर्ता पनि हुन् मातापिता । यस लेखमा मैले मेरा पिताजी स्व. ठाकुरप्रसाद देवकोटाको विषयमा जाने, बुझेका, भोगेका, अनुभव गरेका केही शब्दहरूमा प्रस्तुत गर्न चाहेको छु ।

वि.सं. १९८८ मा पिता पण्डित विष्णुप्रसाद देवकोटा र माता नर्मदादेवी देवकोटाबाट ज्येष्ठ पुत्रको रूपमा गोरखा जिल्ला, लिगलिग, पण्डितगाउँ, पुच्छार घरमा पिताको जन्म भएको रहेछ । न्वारनको नाम ढकप्रसाद भए पनि प्रचलित नाम ठाकुरप्रसादले चिनिनु भयो । मेरो विचारमा उहाँको वाल्यावस्था सरदर राम्रो स्थितिबाट बितेको हुनुपर्छ ।

पिताश्रीको प्रारम्भिक शिक्षा मेरा पितामह विष्णुप्रसाद स्वयम् पण्डित गुरु हुनुहुन्थ्यो, उहाँबाट अक्षरारम्भ र १०/१२ वर्ष भएपछि धुरन्धर विद्वान् गायत्री गुरु गणेश अर्यालबाट शिक्षा पाउनुभयो, उहाँ हाम्रै गाउँमा गुरुकुल शिक्षा चलाउँदै हुनुहुन्थ्यो । त्यो समयमा संस्कृत भाषाबाट ज्ञानआर्जन गराइन्थ्यो । गाउँबाटै केही शिक्षा प्रारम्भ गर्नुभयो । फेरि पनि हाम्रो गाउँमा 'पढ्नुपर्दछ, पढ़ाउनुपर्दछ' भन्ने चेतना, मान्यता शुरुदेखि नै रहिआएको थियो । तत्काल हाम्रो गाउँमा संस्कृतका प्रखर ज्ञाताहरू धेरै नै हुनुहुन्थ्यो । अति तीक्ष्ण व्यक्तिहरूमा दुर्गादत्त देवकोटा (डा. भरतमणिका पिता) र राजेश्वरका पिता हरिभक्त देवकोटा, सरस्वतीका वरद पुत्र नै हुनुहुन्थ्यो ।

पिताजीका समकालीन वन्धुहरूमा राजेश्वर, सिद्धिविलास, ईश्वरी (नयाँघरे), उमानाथ, हेमनाथ, अग्निधर, भोजराज, रमेशचन्द्र (थुम्काघरे) दाजु-भाइ-भतिज, दुई-तीन वर्ष अधिपछिका बालसखा हुनुहुन्थ्यो । हाम्रो गाउँका केही अग्रज पुस्ताहरू वनारसवाट शास्त्रीय शिक्षा हासिल गरी गाउँमा र छिमेकी जिल्लाहरूमा समेत गुरु र पुरोहितको कार्य गर्ने गर्नुहुन्थ्यो । सोबाट थोरबहुत आयआर्जन पनि हुने गर्दथ्यो । त्यस

बखतका शास्त्रीय पण्डितहरूलाई १८ पुराण र ४ वेदको जानकारी राम्रोसँग हुन्थ्यो ।

वि.सं. २०२१ तिर गाउँका १०-१५ परिवार तीर्थाटनको लागि चारधाम गर्न दुई-तीन महिनाको लागि गएको समयमा पितामहको घरगृहस्थीको कार्यभार पिताजीमा पर्न आएकोले घरमा आई बस्दा मैले पिताजीलाई केही जान्ने र चिन्ने अवसर पाएको थिएँ ।

पिताजीको पहिलो विवाह गोरखा, पोखरीथोक बजारमा रहेका अर्याल चेली शिवकुमारी (पिता योगविलास र माता मायादेवी अर्याल) सँग भएको थियो । मेरा पिताजी र माताजीको विवाहको चाँजोपाँजो पण्डित हरिप्रसाद देवकोटा (थुम्काघर) बाट भएको कुरा सुनेको थिएँ । मेरी आमा सुत्केरी व्यथाबाट म जन्मेको १५/२० दिनमा नै स्वर्गवास भएछ । हाम्रो गाउँमा पोखरीथोकका अर्यालका चेलीहरू तीनचार जना विवाह भएर आएका-गएकाले उहाँहरूबाट आमाको बानीव्यहोरा पछिसम्म मैले सुन्दै बढ्न पाएको थिएँ । मलाई बाल्यकालमा हुर्काउने तथा लालनपालन गर्ने काम मेरी हजुरआमा र हजुरबाबाट भएको रहेछ । पछि पिताजीले लमजुङ, देउराली निवासी अधिकारी चेली सुभद्रादेवीसँग दोस्रो विवाह गर्नुभयो र मैले उहाँबाट थप स्याहारसुसार र माया पाएँ । त्यसैले हालसम्म मैले आमाको अभाव र रिक्तता कहिल्यै महसुस गरेको छैन ।

गाउँको अध्ययनपश्चात् काठमाडौँ पढ्न जाने प्रचलन भएकोले मेरा पिताजीलाई होमनाथ देवकोटाको साथ (वाचस्पति देवकोटाका पिता) लगाएर पितामहले पढ्न पठाउनुभएको थियो रे, साथमा ईश्वरी देवकोटा पनि जानुभएको थियो रे । पिताजीले शास्त्रीको पढ़ाइ पूरा नहुँदै नापीकार्य (अमिन) मा भक्तपुरमा सरकारी जागिरको अनुकूल मिलेपछि पढ़ाइ विश्राम गरी जागिर खानुभएछ । भक्तपुरबाट पोखरा सरुवा भएपछि केही समय काम गरेर राजीनामा दिई राजेश्वरजी मन्त्री र राष्ट्रिय पञ्चायतको अध्यक्ष हुँदा उहाँको निजी सचिव भएर सहयोग गर्नुभएको थियो । त्यसपछि पिताजी व्यापार गर्न भैरहवामा झर्नुभएको कुरा सुनाउनुहुन्थ्यो । त्यहाँ पिताजीले बन्द व्यापार गर्दै ३५ वर्षजति बिताउनु भयो । त्यही बिचमा मेरो र मेरी श्रीमती मञ्जुश्री शर्माको जागिर पनि भैरहवा क्षेत्रमै जुर्न गयो । पछि भाइ वसन्त पनि लुइँटेलबाट हाइस्कुलको शिक्षा पूरा गरी भैरहवातिर नै आए ।

सात-आठ वर्ष पिताजी एक्लै भैरहवामा परिवारविहीन नै बस्नुभयो । काका शरदचन्द्र बेलाबेलामा काठमाडौँबाट भैरहवातर्फ आउने-जाने गर्नुहुन्थ्यो । पछिसम्म पनि भैरहवामा हाम्रो घर थिएन । पछि नाति-नातिना सञ्जय, सृजनाले पिताजीसँग प्रश्न गरेछन् - "हाम्रो घर कहिले बन्छ ?" यो प्रश्नले पिताजीलाई पनि मनमा नरमाइलो पर्न गएछ । त्यसको फलस्वरूप अर्को वर्ष नै भैरहवामा हाम्रो घरको निर्माण कार्य शुरु भयो ।

पिताजीको जीवन प्रायः सादा नै देखिन्थो। पैन्ट कहिल्यै पनि लगाउनु भएन। दौरासुरुवाल नै उहाँको प्रिय पोसाक थियो। शिरमा हरदम ढाका टोपी रहन्थ्यो। उहाँका विशेष गुणहरू, जो हामीहरूले अनुकरण गर्न लाई क थिए। उहाँमा इमान्दारिता, सत्यता, कर्मशीलता, सहयोगी भावना, परोपकारी एवम् कल्याणकारी भावना आदि अनुकरणीय गुणहरू थिए। उहाँले आफ्नो स्वार्थका लागि कहिल्यै कसैसँग हात फैलाउनु भएन, बरू अरूहरूलाई सहयोगका हातहरू बाँड्नु भयो। जसको दह्रो उदाहरण बुबाको माध्यमबाट राजेश्वर देवकोटा शक्तिमा भएको बेला नवलपुर र परासी, धनेवामा आठ-दस घरपरिवारलाई राम्रो जग्गा दिलाएर व्यवस्था गराइदिनु भयो। तर आफूलाई केही पनि चाहना राख्नु भएन।

ससाना बच्चाबच्चीहरूलाई स्नेह, प्यार, गर्ने स्वभाव र आफ्ना इष्टमित्रहरूमा बढो सम्मान, श्रद्धा र पवित्र भावनाले सेवा गर्न कहिल्यै पछि पर्नुभएन। पितामहको कुरा कहिल्यै काट्न सक्नुभएन, सदैव आज्ञापालक हुनुहुन्थो। उहाँले कहिल्यै लोभ र लालसाको कुरा लिनुभएन। धेरै अवसरहरू आए र गए तर आफ्नो आर्थिक समृद्धि बढाउने कार्यमा कहिल्यै पनि ध्यान नदिएको कुरा मलाई जानकारी छ।

पिताजीको थप अनुकरण गर्नुपर्ने कुराहरू विचारमा शुद्धता, व्यवहारमा सरलता, वचनमा पक्वता र मुधुरता, साधु मानवोचित गुणहरू थिए। हामीहरूलाई बारम्बार "धर्म, कर्म र प्रेम कहिल्यै पनि बिर्सनु हुन्न भन्नुहुन्थ्यो। यी तीन कुराहरू अवलम्बन गरियो भने जीवन सार्थक बन्दछ" भन्ने उहाँको विचार महान् थियो। पिताजीलाई चिनेका र उहाँसँग व्यवहार गरेका व्यक्तिहरूसँग कुरा हुँदा पिताजीका विषयमा सकारात्मक र पिताजीका गुणहरूको चर्चा प्रशस्त रूपमा नै गर्नुहुन्छ। यसमा हामी सन्ततिहरूलाई खुसी लाग्नु स्वाभाविकै हो। यसमा मलाई ठूलो गर्व छ। यसै कारणले होला मैले प्रायः महिनाको तीन-चार पटक सपनामा पनि पिताजीसँग भेटेको, कुराकानी गरेको देख्ने गरेको छु।

उहाँले २०५६ सालबाट पुख्यौली थलो पण्डित गाउँमा नै बस्ने विचार गर्नु भयो। गाउँमा बस्दा स्कुलको सञ्चालक, वन उपभोक्ता समितिको अध्यक्ष तथा गाउँमा आइपर्ने सामाजिक कार्यमा सहभागी हुनुभयो। कहिले काठमाडौँ, कहिले गाउँ गर्दै हुनुहुन्थ्यो। यसक्रममा उहाँलाई पेटमा क्यान्सरले गलाई सकेको रहेछ। यो कुरा शुरुमा थाहा हुनै सकेन। पछि जति उपचार गरे पनि बचाउन सकिएन र ७६ वर्षको उमेरमा हामी सबैको माझबाट सदाको लागि बिदा हुनुभयो/ब्रह्मलीन हुनुभयो। सबैका सहृदयी पिताजीको देहमुक्त आत्माले सदैव शान्ति पाइरहोस् भन्ने ईश्वरसँग पुकार गर्दै श्रद्धासुमन अर्पण गर्दछु।

❒

संस्मरण

# सम्झनामा सहृदयी दाजु राजेश्वर देवकोटामा श्रद्धासुमन



❑ कल्पना मरहट्टा देवकोटा
लिगलिग पण्डित गाउँ, गोरखा

राजेश्वर दाजुको बारेमा केही कुरा लेख्न मन लाग्यो । उहाँको र मेरो दुई थरी नाता हुन आयो - माइततिरको नाता मेरो काइली आमाको भदा, त्यसैले उहाँलाई 'दाजु' भन्थेँ । उहाँले 'बैनी' नै भनेर बोलाउनु हुन्थ्यो । पछि मेरो विवाह भएर आएपछि पण्डित गाउँ एकै ठाउँमा भयौँ उहाँको घर मेरो घरभन्दा तीन-चार गरामाथि थियो । देवकोटाको नाताले भतिज जेठाजुका छोरा हुनुभयो तर मैले पहिलादेखि जे भनेको थिएँ त्यही नै भनेँ, उहाँले पनि 'बैनी' नै भनेर बोलाउनु हुन्थ्यो ।

मेरो बिहे गर्दा म दस वर्षको थिएँ । उहाँकी श्रीमतीले मलाई प्रत्येक चाडपर्वमा बोलाउने गर्नुहुन्थ्यो । उहाँ मलाई 'नन्द नानी" भनेर बोलाउनु हुन्थ्यो ।

दाजु त धेरै काठमाडौँमा बस्नु हुन्थ्यो । चाडपर्वका बेलामा घर जानु हुन्थ्यो । पछि छोराछोरी सबै परिवार काठमाडौँ आउनु भयो । गाउँको घरमा खेतीपाती भित्र्याएर काठमाडौँ फर्किनु हुन्थ्यो । घर गएको बेलामा घरभरि मान्छे अटाइ-नअटाइ हुन्थे । गाउँघरमा कुरा गर्थे - 'राजेश्वर त एकदम ठूलो नेता हो रे ! ऊ त मन्त्री मान्छे । उसको जस्तो भाग्य कसले पाएको छ र !' साथमा सुरक्षा गार्ड पनि गएका हुन्थे । त्यो बेलाका मन्त्री । गाउँले दाजुभाइ, दिदीबैनी सबैलाई खुसी लाग्थ्यो ।

बुहारी मान्छे त्यतिबेला घरको र समाजको डर हुन्थ्यो । बुहारी मान्छे गइँदैन थियो । पछि म पनि काठमाडौँ नै बस्ने गरी आएँ । उहाँ महाराजगञ्जमा बस्नु हुन्थ्यो । म ठमेलमा बस्थेँ । त्यति बेला इन्दिरा छोरीको बिहे थियो । म उहाँको घर छोरीको बिहेमा गएँ । उहाँले "कहिले आयौ ?" भन्नुभयो ।

हामी दाजु-बहिनीको कुनै चाडपर्व वा विशेष अवसरमा मात्र भेट हुन्थ्यो । पछि फेरि हामी बालाजु वनस्थलीमा बस्न आयौँ । पानीको पैसा तिर्नको लागि महाराजगञ्ज, पानीपोखरीमा जानुपर्थ्यो । महिना-महिनामा पानीको पैसा तिर्‍या अनि दाजुको घर नजिक भएकाले म पनि उहाँको घर जान मनलाग्ने हुनाले पनि उहाँको घर जान्थेँ । दाजुभाउजू खुशी मान्नुहुन्थ्यो । बारी धेरै, बारीभरि मौसमअनुसारका फलफूल हुन्थे ।

बारीमा भाउजू फल टिप्न जानुहुन्थ्यो । म पनि सँगै जान्थेँ । फल टिपेर ल्याउँथ्यौँ र सँगै बसेर खान्थ्यौँ ।

उता गोठ गाईहरूले भरिभराउ भएकाले दही, दूधको छेलोखेलो हुन्थ्यो । भाउजू ठेकी देखाउँदै - "दही खाने कि ?" भन्दै कचौराभरि दही दिनुहुन्थ्यो । दही मलाई साह्रै नै मनपर्छ भन्ने कुरा उहाँलाई थाहा थियो । त्यसैले उहाँले मलाई दही र खाजा दिनुहुन्थ्यो पेटभरि । केही समय भाउजूसित दुःख-सुखका कुरा गरेर बस्ने गर्थौँ ।

जहिले गए पनि उहाँका घर, बैठकमा मान्छे टनाटन हुन्थे । दाजु धेरैजसो बैठकमा बसेको हुनुहुन्थ्यो । कोही बेला जाँदा उहाँ आफ्नै कोठामा बसेर लेखिरहेको हुनुहुन्थ्यो । एक दिन म उहाँको कोठामा सरासर गएँ । उहाँले भन्नुभयो - "नानी, सञ्चै छौ ?" मैले भनेँ - "सञ्चै छु । पानीपोखरीमा पानीको पैसा तिर्न आएको थिएँ । त्यहीँबाट हजुरहरूलाई भेट्न आएको हुँ ।" उहाँको साना विद्यार्थीदेखिका फोटाहरू रहेछन् । मैले दाजुसित सोधेँ - "यति धेरै फोटा रहेछन्, दाजुको । मेरो जेठो दाजु, हजुरको साथी भनेको सुनेको थिएँ । खै त दाजुको फोटो ?" भनेर सोधेकी थिएँ । उहाँले भन्नुभयो - "केटाकेटीको बेलामा खिँचिएका फोटा जति पनि थिए । हामी सँगै बस्थ्यौँ, पढथ्यौँ । उनका र मेरा कुरा पनि मिल्थ्यो, फोटाको मेसो के भएछ कुन्नि !" भन्नुभयो । यता मेरो अरू माइततिरका कुरा गर्नुभयो । मेरा बाआमाको कुरा गर्नुभयो । दिदीभिनाजु भेट्न गइरहनु हुन्थ्यो । दिदीले मलाई ज्यादै माया गर्नुहुन्थ्यो । "झन् फेरि तिम्रो बिहे गरेसित झन् माया बढ्यो नानी । तिमी आउँदा झन् मलाई त रमाइलो लाग्छ" भन्नुभयो । "खाजा खाएर जाऊ नानी" भन्नुभयो । खाजा भाउजूले ल्याइदिनुभयो । सबैजना मिलेर खाजा खायौँ अनि बल्ल घर आउँथे ।

हरेकचोटि आउने, जाने र गफ गर्ने गर्थौँ । एकदिन भाउजूले भन्नुभयो - "यहाँ गाई अहिले धेरै छन् । तपाईँलाई दूध, दही त्यस्तो मनपर्छ । एउटा गाई लैजानोस् ।" मैले - "गाईको मूल्य कति हो नि ?" भन्दै हाँसे । उहाँले भन्नुभयो - "के मूल्य भनेर सोध्या । यत्तिका गाईहरू छन् । तपाईलाई सित्तैमा दिन्छु नि ।" मैले भनेँ - "मलाई त्यस्तो भन्नुभयो, मलाई साह्रै खुसी लाग्यो । तर मैले लान सक्दिनँ, किनभने हाम्रो घरमा वस्तु पाल्ने ठाउँ नै थिएन । त्यसैले मैले गाई पाल्न सक्दिनँ । वरिपरि घाँस काट्ने बारी पनि छैन । त्यत्तिकै लगेरमात्र भएन नि । यसको लागि मलाई माफ गर्नुहोला ।"

एक पटक मेरी सासू भेट्न आउनु भएको थियो । त्यतिबेला एक मानो घिउ ल्याइदिनुभएको थियो । "गाईको घिउ राम्रो छ । पूजा कोठामा राख्नु" भन्नुभयो । उहाँले गाईको घिउको महिमा सुनाउनुभयो । चोखो घिउ श्राद्ध र पूजामा चल्ती गर्ने गरेकी

थिएँ । यसै गरी घरीघरी गइरहने मैले एकदिन उहाँसित सोधैं - "दाजुले मन्त्री भएको बेलामा कताकता, के के विकास गर्नुभयो त ? कसैले पनि तपाईंको बारेमा यसो काम गरेको भनेको सुनेको छैन । त्यसैले सोधेको हुँ । उहाँले भन्नुभयो भन्नु "नानी, मैले धेरै काम गरेको छु । देख्नेले देखेकै छन्, नदेख्नेले देख्दैनन् ।" उहाँले शिक्षामन्त्री भएको बेलाको कुरा भन्नुभयो - "आँपपीपलमा स्कुल मैले खोलेको हुँ लुइँटेलमा हाइस्कुल बनाए यस्तै थालाजुङ, चिप्लेटी यस्तै धेरै ठाउँको नाम दिनुभएको थियो, मैले बिर्सिएँ । यस्तै उहाँले भन्नुभएको थियो - "विभिन्न ठाउँमा पुल हालेको छु । चोरकाटेको नयाँ पुल पनि मैले बनाएको हुँ ।" मैले भनें - "तारानाथ ढकालले बनाएको रे भनेको सुनेको थिएँ, नि त ?" उहाँले भन्नुभयो - "मैले गर् भनेर पो गरेका हुन् नि नानी !" मैले फेरि जिज्ञासा राखें - "राजेश्वरले गाउँको विकास गरेनन् भनेको सुनेर सोधेको हुँ ।" उहाँले मेरो जिज्ञासा शान्त पार्दै भन्नुभयो - "मेरो, यसो गरें, उसो गरें भन्ने बानी छैन । थाहा पाउनेले पाएकै छन् ।"

त्यसपछि भाउजू बिरामी हुनुभएको कुरा सुनें र पछि भेट्न गएको थिएँ । उहाँको भन्याङबाट लडेर हात भाँचिएको रहेछ । म पुग्दा अल्लि सन्चो भएको जस्तो रहेछ । छोरीहरू ईन्दिरा र सरला पनि आएका रहेछन् । सबै बसेर केही समय कुराकानी गर्‍यौं, खाजा खायौं र म घर आएँ ।

केही दिनपछि गएर सोध्दा "अलिअलि दुख्छ तर काम गर्न सकेको छु" भन्नुभयो । कुन महिना, कुन साल भन्ने मलाइ याद छैन । पछि उहाँ बिरामी हुनुभएको रहेछ, थाहा नै पाइँन । मैले एकैचोटि निधनको कुरा सुनें । म छाँगाबाट खसेजस्तो भएँ । मेरो जाने ठाउँ नै हरायो भन्ने भयो । म उहाँको मृत्युपछि न्यूरो अस्पताल भेट्न गएँ । उज्यालो अनुहार अहिले नै बोल्ने हो कि, हिँड्ने हो कि जस्तो देखें । केही समय हेरिरहें र फूलको गुच्छा चढाएँ र घरतिर फर्किएँ । अरू उपाय नै के छ र ! दाजु त एक्लै हुनुभयो जस्तो भयो मलाई । पछि मानो चामल लिएर गएँ । दाजुलाइ भेटें । बोल्ने कुरा केही थिएनन् । उहाँले मलाइ हेर्ने मैले उहाँलाई हेर्ने मात्र भयो । केही दिनपछि दाजुलाई भेट्न गएँ । उहाँ बाहिर बरन्डामा बसिरहनुभएको रहेछ । अरू दुईजना मान्छे पनि रहेछन् । म पनि त्यहीँ बसें । यताउता सबैतिर हेरें । गाई एउटामात्र देखें । भाउजू भएको बेलाको जस्तो चहलपहल के हुन्थ्यो र ! सबै थोक नौलो लाग्यो मलाई । ती दुई जना मान्छे उठेर गए । म पनि एकैछिन बसें । बोल्ने कुरा पनि केही भएन । "दाजु, म जान्छु है" भनें । दाजुले भन्नुभयो - "आउँदै गर है नानी ।" फेरि केही समयपछि म दाजुकोमा गएँ । उहाँ आफ्नै कोठामा बसेर लेख्दै हुनुहुँदोरहेछ । म पनि त्यहीँ बसें र गफ गरेर बसें । उहाँ त्यस

समयमा **माया** नामको किताब लेख्दै गर्नुभएको रहेछ । म फर्कने बेलामा उहाँले मलाई **पुर्खा** भन्ने किताब दिनुभयो । मैले त्यो किताब लिएर घर आएँ ।

दाजु मेरो काहिँली आमाको भदा भएकाले पनि मेरो माइतमा गएर बस्नुहुन्थ्यो । त्यसैले सानैदेखि मैले उहाँलाई राम्रैसँग चिनेको थिएँ । उहाँको सदरमुकाममा काम परिरहने भएकाले त्यहाँको काम सकेर घर फर्किन पाँच-छ कोस हिँड्नुपर्ने भएकाले भ्याइँदैनथ्यो र मेरो माइतमा नै बस्नुहुन्थ्यो । त्यसै समयदेखि नै मैले उहाँलाई 'दाजु' भन्थेँ भने उहाँले मलाई 'बैनी' भन्ने गर्नुहुन्थ्यो ।

पछि मेरो बिहे भयो, पण्डित गाउँकै देवकोटासित । त्यसपछि उहाँसँग दुईवटा नाता हुन गयो । घरको भतिज हो । तर मेरो दाजु नै हो । उहाँ काठमाडौँ बस्ने, म पण्डित गाउँ बस्ने । कुनै चाडपर्वमा मात्र घर जानु हुन्थ्यो । उहाँको घर र हाम्रो घर छ कान्लाको फरकमा छ । म उहाँलाई कहिले भेट्थेँ, कहिले भेट्दिनथेँ । घरतीरका मान्छे जसलाइ देखे पनि डर लाग्थ्यो । कसैलाई देख्नेबित्तिकै शिर नुहाउँथेँ । उहाँ पनि राजनीति गर्ने, मेरो सासू विद्यादेवी पनि राजनीति गर्ने भएकाले होला, उहाँहरूको निकै आउने-जाने र गफगाफ हुने गर्थ्यो । गाउँको घरमा उहाँको हजुरआमा, फुपू, छोराछोरीहरू सबैको जिम्मा भाउजूको जिम्मामा थियो । ढिकी, जाँतो, पानीपँधेरो, मेलापात, बस्तुभाउ सबै गरेर बस्नुभएको हो । हजुरआमा बित्नु भएपछि छोराछोरी सबैलाई लिएर भाउजू पनि काठमाडौँ जानुभयो ।

एकफेर ईश्वर बाबुले फोन गरेर भने - 'पर्सि हाम्रो घरमा सपरिवार आउनु होला ।" मैले भनेँ - "बाबु, के काम छ र, किन आउने ?" उनले भने - "काम केही छैन । हामी देवकोटा दाजुभाइ जम्मा हुने र रमाइलो गर्दै चियापान गर्ने भनेर मात्र हो ।" पर्सिपल्ट हामी सबै परिवार दाइको घरमा गयौँ । छोरी इन्दिरा, छोरा ईश्वर फूलका गुच्छा, अबिर, केशरी लिएर बाको साथमा बसिरहेका रहेछन् । मैले सोधेँ - "के को उपलक्ष्यमा यस्तो गरेको ?" उहाँले केही नभनी हामीलाई टीका लगाइदिनुभयो । इन्दिराले हामीहरूको हातमा फूलको गुच्छा दिइन् । अचम्म मान्दै ती सबै कुरा हामीहरूले दाजुलाई दियौँ । पछि बुझ्दा त चौरासीपूजा गरिएको रहेछ ।

केही वर्षपछि दाजु बिरामी भएर न्यूरो अस्पताल भर्ना भएको कुरा सुनियो । इन्दु र म भेट्न गएको त आइसियुमा पो हुनुहुँदो रहेछ । उहाँ त्यहाँ ऐया-ऐया गरिरहनुभएको थियो । मैले सोधेँ - "दाजु, हजुरलाई के भयो ?" उहाँले भन्नुभयो - "नानी, पिठ्यूँमा जनैखटिरा आएको छ । यसले गर्दा सारै दुखेको छ ।" यति भनेर उहाँ पुनः रुनुभयो । मैले भनेँ - "दाजु, नआत्तिनुस्, ठाउँमा आएर उपचार भएको छ । बिसेक भैहाल्छ नि !"

उहाँ सिधा सुत्न नसकेर कोल्टे पर्नुभएको थियो । मलाई पनि उहाँको पीडाले रुवायो । “दाजु, नआत्तिनु होला । म फेरि भेट्न आउँछु” भनेर रुँदै बाहिर निस्किएँ ।

फेरि उहाँलाई निमोनिया भएछ । यो खबर सुनेपछि फेरि भेट्न गयौँ । त्यस समयमा हामीले भेट्न पाएनौँ र केही समय त्यहाँ बसरे त्यसै घर फर्कियौँ । एकैचोटि दाजु बितेको खबर आयो । हामीहरू प्रज्ञाप्रतिष्ठानमा श्रद्धान्जली दिन गयौँ र घर फर्कियौँ । पाँचौँ दिनमा भेटी लिएर गयौँ । त्यहाँ कसैले हलुवा र तरकारीको खाजा दिनुभयो । मैले उहाँलाई भनेँ - “मैले नुन खाएको छैन ।” खाजा दिने मानिसले भन्नुभयो - “आज एघारौँ दिनको काम सकियो । सातौँ दिनमा चोखिन्छ ।” मेरो दुर्भाग्य सातौँ दिन नेपाल बन्द भएर गहुँत खान जान पाएनौँ । दाजुको देहमुक्त आत्माको वैकुण्ठमा बास होस् ।

❐

---

## हरि सांस्कृतिक केन्द्र, गोरखाबाट प्रकाशित कृतिहरू

१. मलाई विभाजित नगर (कवितासङ्ग्रह) - रामनारायण जोशी
२. समयको आवाज (कवितासङ्ग्रह) - भीम राना ‘जिज्ञासु’
३. नेपाली साहित्यमा गोरखा-२०५४ (अनुसन्धानमूलक कृति) - दीनानाथ शर्मा पण्डित
४. गोरखागाथा-२०६१ (खण्डकाव्य) - धनेश्वर भट्टराई
५. गोरखाको डायरी-२०६१ (खोजपरक दैनिकी) - नारायणप्रसाद खनाल
६. ताक्लुङको मधुरिमा-२०७७ (काव्य) - केदारनाथ खनाल
७. राजेश्वरको उपन्यासमा साङ्ख्यदर्शन-२०७८ (शोधपरक समालोचना) - डा. टीकाराम आचार्य ‘आरुणि’
८. राजेश्वर काव्यम्-२०७९ (जीवन सम्बलितम्) — प्रा.डा. नारायणप्रसादः खनालः
९. राजेश्वर स्मृतिग्रन्थ-२०७९, प्र.सं. केदारनाथ खनाल
१०. राजेश्वर काव्यम् दो.सं.-२०८० (जीवनी सम्बलितम्, नेपाली भाषा अनुवादसहित)
११. आवर्तन (हरि सांस्कृतिक केन्द्र, गोरखाको मुखपत्र), अङ्क ४ सम्म प्रकाशित) - प्र.सं. केदारनाथ खनाल

# आयोजकका तर्फबाट निबन्ध लेखन प्रतियोगितासम्बन्धी छोटो टिप्पणी

निबन्ध लेखन प्रतियोगिता (महेन्द्र लीला माविमा २०८१ माघ ११ गते शुक्रवार) मा निम्नानुसारका नौवटा विद्यालयका छात्रछात्रा सहभागी थिए :

**सहभागी विद्यालयहरूः**

(१) मण्डल मावि, छोप्राक, (२) महेन्द्र लीला मावि, हर्मी, (३) चम्पावती मावि, निवारे, (४) संसारी महेन्द्र मावि, नयाँ साँघु, (५) जनता मावि, आँपपीपल, (६) अमरज्योति जनता मावि, लुइँटेल, (७) जनकल्याण मावि, गोहोरे, (८) ज्ञानोदय मावि, साहिलीटार र (९) जनज्योति मावि, चिप्लेटी ।

मूल्याङ्कनमा सुस्मिता मग्राती, संसारी महेन्द्र मावि, साईना राना, जनता मावि, पूजा बिक, संसारी महेन्द्र मावि तथा सीता पोखरेल, रिसु भण्डारी महेन्द्र लीला मावि क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना (दुईजना) पुरस्कृत भएका थिए । पुरस्कृत बहिनीहरूमा हार्दिक बधाइ तथा उज्ज्वल भविष्यको कामना र सहभागी सबै विद्यालयहरूलाई हरि सांस्कृतिक केन्द्र तथा मेरो व्यक्तिगत तबरबाट पनि हृदयदेखि नै धन्यवाद छ !

# शीर्षक : मेरो सपनाको नयाँ गाउँ

**प्रथम निबन्ध**

**– सुस्मिता मग्राती**
संसारी महेन्द्र मा.वि. नयाँसाघु, सिरानचोक

म सधैं मेरो नयाँ गाउँको सपना देख्दछु । मलाई सधैं मेरो नयाँ गाउँको सपनाले सताउँछ । म सधैं मेरो सपनाको नयाँ गाउँको बारेमा सोचिरहन्छु । मेरो सपनाको नयाँ गाउँमा शान्तिपूर्ण र समृद्धियुक्त रहेको छ । मेरो सपनाको नयाँ गाउँमा विना भेदभाव, विना झैझगडा, विना कोलाहलका साथ आफैमा पनि शान्तिपूर्ण हुने छ ।

गौतम बुद्धजस्ता महान् व्यक्तिको जन्मभूमि हाम्रो देश नेपाल र त्यही एक सिङ्गो राष्ट्रको बिचमा रहेको मेरो सपनाको गाउँ हरियाली वनजङ्गलले भरिपूर्ण छन् । ती छर्लङ्ग देखिएका नीलो र स्वच्छ सफा आकाश चारैतिर ठूला पहाडले घेरिएको र बिचमा भने रमणीय र मनमोहक दृश्य झल्काइरहेको मेरो सपनाको दृश्य यथावतमै शान्तिपूर्ण रहने छ । मेरो सपनाको नयाँ गाउँमा सबै गाउँवासीहरू शिक्षित हुने छन् । सबैले शिक्षा आर्जन गर्ने अवसर पाउने छन् । तिनीहरू भविष्यमा गएर देशको कर्णधार बन्नका लागि विद्यालयतर्फ आनन्दले प्रवेश गर्न सक्ने छन् । सबै प्रकारका शिक्षित वर्गहरू मिलेर सानो गाउँलाई विकासोन्मुख मार्गतर्फ धकेल्दै लैजाने छन् । मेरो सपनाको नयाँ गाउँमा जति पनि असुविधाहरू छन्, जति पनि वस्तुमा आवश्यक पहुँच पुगेको छैन भने आजका शिक्षित जनशक्तिहरूले सबैमा आमूल परिवर्तन ल्याउनुपर्छ । हाम्रा नयाँ गाउँमा सबै कुराहरूको सुविधा सम्पन्न हुने छन् । हाम्रा गाउँका नयाँ युवा वर्गहरू जति सबै विदेश पलायन हुने क्रम घटाएर यस्ता विकासोन्मुख गाउँतिर कार्य गर्न लगाइयो भने यस्ता क्षेत्रहरू पछाडि पर्नु पर्दैन, सबै युवापुस्ताहरूलाई गाउँमै बसेर एक-एक पैसा जम्मा गरेर आफ्नै गाउँको इज्जत बढाउनतर्फ उत्प्रेरित गराउनुपर्छ । मेरो सपनाको नयाँ गाउँमा सबै शिक्षित हुनुपर्दछ सबैजना एकआपसमा मेलमिलाप गरी समूहमा मिलेर बस्नुपर्दछ । द्वन्द्व, झगडा, अन्धविश्वास, दाइजो प्रथा, छाउपडी प्रथा, छुवाछुतजस्ता सामाजिक विकृतिहरूलाई जरैबाट उखेलेर हटाउनुपर्छ । मेरो सपनाको गाउँका मानिसहरूमा दया, माया, प्रेम, सहयोग, सहानुभूति, धैर्यताजस्ता विभिन्न सकारात्मक शैलीको प्रयोग भएको हुने छ । गाउँमा शुद्ध खानेपानीको भरपूर व्यवस्था भएको होस्, एक घर एक शौचालय अनिवार्य रूपमा प्रचलित होस् । मेरो सपनाको नयाँ गाउँ साँच्चै नै आफैमा रमणीय छ, सुःखद पनि रहेको पाउन सकिन्छ । मेरो सपनाको नयाँ गाउँमा वर्ग विभेद हुँदैन, भेदभाव हुँदैन, सानादेखि ठूलासम्मका मानिसहरूमा आदर-सम्मान, बोलीमा नम्रता, शिष्टताजस्ता पक्षहरूले आभास लिएका हुनुपर्दछ । सबै मानिसको सकारात्मक सोच, विचार र भावनाले प्रवेश गरिएको होस् । मेरो सपनाको नयाँ गाउँमा सबै कुराको उपलब्धि होस् । एउटा सानो गाउँसमाजमा सबै माध्यमको सही पहुँच पुगेको हुँदैन, जस्तै : **सडक यातायात** : कतिपय क्षेत्रमा यातायातसम्बन्धी समस्या पुगिरहेको छ । बिरामी पर्दा तत्काल समयमा उपचार गर्नका लागि एक स्वास्थ्य चौकीको राम्रो व्यवस्था हुने छ, साथै मानिसलाई आत्मनिर्भर बनाउने शिक्षा व्यवस्थित हुने छ । कलियुगको समयमा अन्यायमा परेकाहरूलाई न्यायका निमित्त एक सामुदायिक प्रहरी चौकीको व्यवस्था, स्थानीय रूपमा तरकारी खेती, फलफूल खेती, पशुपालनजस्ता व्यावसायिक

गतिविधिहरू पनि गुणस्तरीय प्रर्याप्तता उपलब्ध गराइने छ। मेरो सपनाको नयाँ गाउँलाई स्वर्गकै रूपमा स्थापित गर्न सकिन्थ्यो होला। मेरो सपनाको नयाँ गाउँमा सबै मानिसहरू सभ्य हुने छन् । सबैमा नैतिक आचरण राम्रो हुने छ। सबैजना एकआपसमा मित्रताको भावनालाई जगाई उत्प्रेरित हुने छन् । मेरो सपनाको नयाँ गाउँमा कुनै पनि युवा वर्ग तथा कुनै पनि व्यक्तिहरू बेरोजगार हुन नपरोस् । आफ्नो समय र स्थितिलाई त्यत्तिकै लथालिङ्ग पार्न नपरोस्, गाउँमै बसेर पनि ती युवा वर्गहरूलाई विभिन्न रोजगारीका अवसरहरू प्रदान होस् भन्ने सोच मैले मेरो सपनाको नयाँ गाउँमा राखेकी छु। जति पनि सुविधासम्पन्न हुन नसकेका क्षेत्रहरू छन्, तिनीहरूमा विकास गर्नका लागि एक असल र दक्ष जनशक्ति होस्, जसलाई सामुदायिक हेरचाह तथा व्यवस्थापन समितिको पदमा राखियोस् । जसका कारण मेरो एक सपनाको गाउँमा केही कुराको पनि असुविधा नहोस् भन्ने मलाई लाग्दछ।

के मेरो सपनाको गाउँ आजको आधुनिक तथा विज्ञान र प्रविधिको युगसम्म आइपुग्दा यति कुराको पनि सुविधा सम्पन्न हुन नसक्लान् त ? आज शिक्षित वर्ग र शिक्षाको युगमा पनि यस्तो क्षेत्रमा विकास गर्न नसक्लान् त ? यी प्रश्नहरूमा केन्द्रित रहेर पनि मैले मेरो सपनाको नयाँ गाउँलाई स्थापित गरेकी हुँ। मलाई लाग्छ मानिसले गर्न नसक्ने भनेको कुनै पनि चिज हुँदैन, तर त्यो गर्नका लागि हाम्रो मन हुनुपर्दछ। यस्तो सभ्य समाजको विकास नगरी के आजको युवापुस्ता विदेश पलायन मात्र हुने हो त ? पक्कै पनि होइन, हामीले आफ्नै क्षेत्रमा बसेर केही गर्नुपर्छ। हामी एक सानो क्षेत्रमा रहेर पनि आफूमा आफै आत्मनिर्भर बन्न सक्नुपर्छ। ती खोलानालाका मधुर आवाजहरू, चराचुरुङ्गीका थरीथरी भाका हालेर गाएका ती सङ्गीतहरूलाई अवलोकन गर्दै हामीले आफ्नै गाउँको शान, मान, प्रतिष्ठाका साथसाथै इज्जत जोगाउन सक्छौं। यदि हामीलाई साँच्चै नै हाम्रो गाउँ परिवर्तन गरेर मेरो सपनाको जस्तै नयाँ गाउँ बनाउनु छ भने सबैभन्दा पहिले त हामी आफै परिवर्तन हुनुपर्छ। जबकी हामीलाई देखेर अरू क्षेत्रका व्यक्तिहरूलाई पनि एउटा सभ्य समाज निर्माण गरी आफ्नै देशमा केही गर्नलाई प्रेरणा मिलोस्, हामीलाई देखेर अरू पनि गाउँ विकासका लागि उत्प्रेरित होऊन् । यसो हुँदो हो त साँच्चै हामीबाट हाम्रो सपनाको नयाँ गाउँ र एउटा नयाँ गाउँबाट नयाँ नेपालैसमेत बन्न पछि हट्दैनथ्यो होला।

हाम्रो समाजका युवावर्गहरू विदेश पलायन भएर समाजमा भएका ती रूढिवादी सोच, सामाजिक विकृति, समाजको स्थिति र अवस्थालाई सुधार कस्ले गर्ने

त ? अलिअलि शिक्षा प्राप्त गरेका शिक्षित वर्गहरू नै रोजगारको लागि विदेश पलायन भएपछि एउटा सुन्दर गाउँको विकास कसले गर्ने त ? हो यही प्रश्नमा व्यक्तिहरूको गहिराई नपुगेकाललले हामीले सोचेजस्तो र चाहेजस्तो समाज वा गाउँ निर्माण हुन नसकेको हो । एउटा सामुदायिक विद्यालयमा अध्ययन गरेर ठूला व्यक्ति बनेका र अलिअलि शिक्षा प्राप्त भएका जनशक्तिहरू पनि विदेश नगइकन गाउँमै बसेर पनि त केही गर्न सकिन्छ। हाम्रो समाज तथा गाउँबाट उपलब्ध भएका शिक्षित वर्गहरू एकपटक यस क्षेत्रमा बसेर कार्य गरियो भने के विकास हुँदैनथ्यो होला त ? के साँच्चै शिक्षित वर्ग गाउँमै बसेर समाज परिवर्तन गर्न सकिँदैन होला त ? अवश्य नै सकिन्छ। समाजमा यस्ता जनशक्तिहरू बस्ने हो भने समाजमा अशिक्षाको मात्रा घट्न गई शिक्षाको अवसर वृद्धि हुन्छ। शिक्षित वर्ग वृद्धि हुनु भनेकै मेरो सपनाको नयाँ गाउँको विकास हुनु हो। त्यसकारण मेरो सपनाको नयाँ गाउँमा मैले विविध पक्षहरूको कल्पना गरेकी छु। साँच्चै नै हाम्रो क्षेत्रको शिक्षित वर्गले यसै क्षेत्रमा कार्य गर्ने हो र विकास गर्न सक्ने हो भने हाम्रा लागि जापान, कोरिया, अमेरिका, अष्ट्रेलिया यी सबै यही एउटा स्वच्छ, सन्दरताले भरिपुर र मनोरम दृश्य, हरियाली लोभलाग्दा वनजङ्गलहरू, खोलानालाहरू, ताल तलैयाहरू भएको एउटा सानो स्वर्गजस्तो गाउँ हुने छ। हामीले अमेरिकाजस्तो विकास भएको देशलाई हेरेर यस्तो भावना पैदा गराऊँ कि म पनि मेरो गाउँलाई त्यही क्षेत्रजस्तो बनाउँछु। जसकारण हामीले समाजका कुसंस्कारहरूको अन्त्य गरी सुशासन व्यवस्थापन गरी एउटा मेरो सपनाको जस्तै गाउँ बनाउन सफल हुने छौ।

मेरो सपनाको गाउँमा यस्तो व्यक्तिको कल्पना गरिएको छ कि जुन व्यक्ति मिहिनेत गरेर विदेश पलायन हुने सोच हटाई गाउँमै केही गर्छु भन्ने भावनाको व्यक्तिलाई मेरो सपनाको नयाँ गाउँमा कल्पना गरिएको छ। आज एउटा गाउँ परिवर्तन हुन्छ भोलि अर्को होला, पर्सि अर्को होला। यसरी नै एकपछि अर्को, अर्कोपछि अर्को गाउँ विकास हुँदाहुँदै एकसमयमा हाम्रो सिङ्गो देश नै परिवर्तन हुने छ। एउटा सपनाको नयाँ गाउँ स्वर्गसरह थियो भने त्यस समयमा एक सिङ्गो देश नै स्वर्गसरह भएको हुने छ। हाम्रा समाजमा विकास नभएको कारणले गर्दा पनि कोही नबसेका होलान् भन्ने मलाई लाग्छ। तर एकपटक सोचमग्न हुनुस् त तपाईंहामीजस्ता शिक्षित वर्ग विदेश पलायनको सोच राखेर हिँड्दछौ अनि अशिक्षितले गाउँको विकास गर्न सक्छन् त ? हामीजस्ता शिक्षित युवा वर्गको उपस्थितमा हो नि त त्यो मेरो सपनाको जस्तो गाउँ निर्माण हुने भनेको त। हाम्रो एउटा सपनाको नयाँ गाउँमा बसेर पनि त रोजगार पाउन सकिन्छ। एउटा गाउँमा बसेर खेतीपाती गर्नुहोस् रोजगार त्यहीँ मिल्छ। पशुपालन गर्नुहोस्, अर्को

रोजगार त्यहीँ मिल्छ । रोजगारकै लागि हामीले शिक्षाआर्जन गरी त्यससम्बन्धी कार्य गर्नुपर्ने हुन्छ ।

मेरो सपनाको जस्तै एउटा नयाँ गाउँको निर्माण गर्नका लागि शिक्षित वर्ग विदेश पलायन हुनुहुँदैन । विभिन्न कुराहरूको सुविधासम्पन्न हुनुपर्छ । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण भएको मेरो सपनाको नयाँ गाउँमा असल जनप्रतिनिधिको व्यवस्था हुनुपर्छ । अचानक केही घटना आइपरेमा समाधानका लागि सही पहुँच पुगेको हुनुपर्छ । मैले कल्पना गरेको मेरो सपनाको नयाँ गाउँमा कुनै पनि कुराको अभाव हुनुहुँदैन । सबै गाउँवासीहरूमा सकारात्मक सोच, विचार र आचरणको विकास भएको हुनुपर्छ । गाउँमा रहेका सामाजिक विकृतिहरूको अन्त्य हुनुपर्छ । छुवाछुतरहित हुनुपर्छ । सबै व्यक्तिहरूमा मेलमिलाप र सरसहयोगको भावना जागृत भएको हुनुपर्छ । सबै जनामा आदरसम्मान र आफ्ना मानमर्यादाको ख्याल हुनुपर्ने हुन्छ । मेरो सपनाको नयाँ गाउँमा उच्च शिक्षा प्राप्त हुने विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक प्रहरी चौकीजस्ता पक्षको गुणस्तरीय पहुँच हुनुपर्छ । सबै व्यक्तिहरू आत्मनिर्भर हुनुपर्छ ।

धुम्रपान, मध्यपान तथा सुर्तीजन्य पदार्थको सेवन हुनुहुँदैन । सबैमा असल चरित्र हुनुपर्दछ । मेरो सपनाको नयाँ गाउँमा व्यावसायिक गतिविधिको सञ्चालन पनि गुणस्तरीय शैलीबाट हुनुपर्छ । मोटरबाटोको पहुँच सुनिश्चित हुनुपर्दछ । मेरो सपनाको नयाँ गाउँ स्वच्छ सफा र सुन्दरताले भरिपूर्ण भएको हुनुपर्दछ । मेरो काल्पनिक सपनाको नयाँ गाउँ यथार्थमै सोचेजस्तो हुनुपर्दछ । समाज सुधारका लागि असल जनप्रतिनिधि को व्यवस्था हुनुपर्छ । भष्ट्राचारको समेत अन्त्य हुनुपर्छ । सभ्य समाजको स्थापना हुनुपर्छ । समाजका वासिन्दाहरूमा सही अनुशासन पनि हुनुपर्दछ । मैले कल्पना गरेको समाज आफैमा आत्मनिर्भर हुनुपर्दछ । मैले कल्पना गरेको समाज आफैमा रमणीय र प्रकृतिप्रेमी भावको हुनुपर्छ । मेरो सपनाको नयाँ समाज सबैभन्दा अलग हुनुपर्छ । जसलाई हेरेर अरू गाउँ पनि उत्प्रेरित भई यस्तै नयाँ गाउँ स्थापित गर्न सकियोस् । मेरो सपनाको नयाँ गाउँ आफैमा आत्मनिर्भर बनोस् । ❒

> जति नै महङ्गो गाडीमा घुम्नुहोस्, अन्तिम यात्रा त बाँसबाट बनेको अर्थीबाट गर्नुपर्नेछ । यही जीवनको सत्य हो । - अज्ञात

**द्वितीय निबन्ध**

**– साइना राना**
जनता मा.वि., आँपपिपल, पालुङटार नगरपालिका

म एक सिर्जनशील र कल्पनाशील व्यक्ति विद्यार्थी हु। मेरो सपना ठूलो छ। मैले देखेको सपना राति निद्रामा देखेको होइन । यो मैले आफ्नो जीवनभरि समालेर राखेको सपना हो, जुन मेरा हरेक दिन र हरेक क्षणमा आफ्नो मस्तिष्कभरि राखेको छु । मेरो सपनाको कुरा गर्नुपर्दा मेरो सपना भनेको मेरो जन्मभूमिलाई नयाँ गाउँको रूपमा परिचित गराउनु हो । समान्यतया गाउँ भन्नाले विभिन्न भाषा, संस्कृति, धर्म भएका मानिसहरू एकआपसमा मिलेर बसेको ठाउँ हो । मैले आफ्नो जीवन मेरो यो गाउँलाई आफूले नै प्रत्यक्ष आँखाले नियालेर यहाँसम्म आइपुगेको हुँ । म एक संवेदनशील विद्यार्थी हुँ। मेरो लक्ष्य छुट्टै छ। त्यो बाहेक मेरो सपना भनेको म जन्मेको गाउँलाई नमुना बनाउने मेरो अर्को लक्ष्य हो। मसँग कल्पना गर्नसक्ने सामर्थ्यको विकास भइसकेको छ। त्यसैले मैले हरेक समाजका क्रियाकलापलाई नियालेर ठिक र बेठिक छुट्याएर एउटा नयाँ गाउँको रूपरेखा आफ्नो मन र मस्तिष्कमा सजाएर राखिसकेको छु। जुन सपना अब चाँडै नै पूरा हुने छ।

मैले आफ्नो जीवनका हरेक भोगाइ र सिकाइलाई राम्रोसँग गहन रूपमा अध्ययन गरेको छु। म समाजमा हुर्केको भएकाले मैले यसै समाजमा बसोबास गरेका व्यक्तिहरूको व्यवहारहरू देखेर, सुनेर र महसुस गरेर अनेक विभिन्न ज्ञान हासिल गरेको छु। अब लाग्छ मलाई उक्त ज्ञान लिएर म नयाँ गाउँ बनाउनको लागि सक्षम छु। मेरो समाजमा धेरै जात, जाति, भाषा र धर्म मान्ने मानिसहरू छन् । उनीहरू एकआपसमा मिलेर बसिरहेका छन् । तर मलाई दुःख यो चिजमा लाग्छ कि यस्तो एकआपसमा मिलेर बस्ने मानिसहरू पनि त यो जातको मान्छे त त्यो जातको मान्छे भनी एकअर्कामा विभेद गर्दछन् । त्यसैगरी मानिसहरू बिरामी हुँदा झाँक्रीकोमा जाने, फजुल खर्च गर्ने, अन्धविश्वासमा आफ्नो जीवन बिताउने मानिसहरू यहाँ समाजमा बसिरहेका छन् । संस्कृतिको नाममा विकृतिहरू, जस्तै : छाउपडी प्रथा, दाइजो, झुमा प्रथा, देउकी प्रथा आदि अझै पनि हाम्रो समाजमा जरो गाडेर बसिरहेका छन्। मानिसहरू आफ्नो कर्ममा भन्दा पनि बढी विश्वास भाग्यमाथि गर्दछन् । हाम्रो अनेक चाडपर्व छन्, जुन अहिले पश्चिमी संस्कृतिको प्रभावले झन् भड्किलो बन्दै गएका छन् । मैले कल्पना गरेको समाजमा यस्तो कुनै पनि विकृति म सहन सक्दिनँ। यो गाउँमा अब चाडपर्वको नाममा

कुनै पनि किसिमको शोषण, दमन, अत्याचार हुने छैन । समयले फड्को मारिसक्यो । अब हामीले हाम्रा यी परम्परागत जीवनशैलीलाई परिस्कृत गर्दै आफ्नो पहिचानलाई बढवा गर्ने सोच मैले विकास गरिसकेको छु । त्यसैले अबको समयमा कोही पनि रूढिवादी सोच लिएर बस्ने छैनन् । नेपाल एक कृषिप्रधान देश हो तर यहाँ कोही मानिस पनि आत्मनिर्भर बन्न सकेका छैनन् । हाम्रो कृषि निर्वाहमुखी छ । यसलाई व्यावसायिकरण गर्न सकेमा हामी आत्मनिर्भर हुने थियौँ भन्ने बुझेपछि मैले आफ्नो घरमा व्यावसायमुखी कृषिको थालनीको लागि कृषिको आधुनिक मेसिन तथा औजार ल्याएर सुरुवात गरिसकेको छु। मेरो सपनाको गाउँमा पनि अब कृषिमा व्यावसायिकरण हुने छ। यसका लागि मल, बिउ र आधुनिक प्रविधिको प्रयोग गर्नुपर्छ। यस्तो ज्ञान ममा छ जुन ज्ञान म सबैमा बाँड्ने छु । जसले अवश्य नै कृषिमा व्यावसायीकरण हुन गई मानिसहरू आत्मनिर्भर हुने छन् ।

अझ गहन रूपमा अध्ययन गर्ने हो भने मलाई यो देशका युवा जनशक्ति विदेश पलायन भएको देख्दा धेरै दुःख लाग्छ । आज गाउँघरमा जताततै वृद्ध र बालबच्चामात्र छन् । गाउँ सबै सुनसान भइसकेको छ । युवा जनशक्ति भनेको देश धान्ने आधारस्तम्भ हुन् । यस्ता जनशक्ति विदेश पलायन भएमा देशले उन्नति गर्न सक्दैनन् । मैले यस विषयमा सोच्दा थाहा पाएँकी युवाहरू विदेशमा राम्रो शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा र आफ्नो आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले विदेश पलायन हुँदा रहेछन् । मैले कल्पना गरेको गाउँमा अब युवाहरू विदेश पलायन हुने छैनन् किनभने मैले कल्पना गरेको गाउँमा विदेशमा भएका हरेक सुविधाहरू शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, यातायत, सञ्चार, आदि सुविधाहरू यहीँ प्राप्त हुनुपर्दछ भन्ने कुरा हामी विद्यार्थी समूहले राजनीतिक दलसँग बहस गरेर यस्ता सेवाहरू अवश्य नै प्राप्त गर्ने छौँ। नेपाल भ्रष्ट्रचारमा १४१औँ स्थानमा परेको देश हो। भ्रष्ट्रचारकै कारण अहिलेसम्म नेपाल विकासमा अगाडि बढ्न सकेका छैन । राजनीतिक दलहरूबिच सधैँ सत्ताको लागि लुछाचुँडी परिरहेको छ, जसका कारण उनीहरूलाई दुर्गम समाज वा गाउँको विकास कसरी गर्नुपर्दछ भन्ने कुरा सोच्ने समय नै छैन। तर मैले कल्पना गरेको गाउँमा यस्तो काम अवश्य पनि हुने छैन। मेरो गाउँको कार्यसञ्चालन गर्ने व्यक्ति हामी सबैले मनपराएको एक असल व्यक्ति हुने छ, जसले त्यो गाउँलाई विकसित बनाउन आफ्नो परिश्रम लगाउने छ । भ्रष्टाचारको कुनै नामोनिसाना हुने छैन । जनताहरू, सबै उक्त राजनीतिक दलका नेताप्रति एकदम खुशी हुने छन् । म अब हाम्रो जुन परम्परागत रूपमा चल्दै आएको शिक्षा नीति परिष्कृत हुँदै आइराखेको छ तर आजका जनताहरू

सबै सचेत भइसकेका छन् । मेरा गाउँमा भएको धनी र गरिबबिचको विभेद अब अन्त्य हुने छ। मैले सोचेको गाउँमा सबै मानिस बराबर हुन् । सबैले बराबर सम्पत्ति पाउने छन् ।

म अब हाम्रो जुन परम्परागत रूपमा चल्दै आएको शिक्षण निति जुन परिष्कृत हुँदै आइरहेको त छ तर आजको समयमा त्यो शिक्षण नीति चल्दैन । हामीलाई प्राविधिक शिक्षा चाहिन्छ, न कि सैधद्धन्तिक शिक्षा भन्ने यो माग सबै वर्गमा आवाज उठाउन आह्वान गर्ने छु । अबदेखि कुनै विद्यार्थीहरूले उच्च शिक्षा पूरा नगरी अन्त जाने छैनन् । प्राविधिक शिक्षाको सहायताबाट सबै आफै स्वरोजगार हुने छन् । आफ्नो सीप र क्षमताअनुसारका रोजगारी पाउने छन् । यसले विदेश पलायन हुनबाट युवाहरू जोगिने छन् ।

राज्यले नै नागरिक स्वस्थ रूपमा बाँच्न पाउनुपर्छ भनेकाले अब मेरो सपनाको गाउँमा पनि सबै जना स्वस्थ हुने छन् । यसका लागि सरकारी अस्पतालमा विशेषज्ञ डाक्टरको व्यवस्था मिलाउनुपर्दछ । यो सुविधा दिनु राज्यको कर्तव्य हो भने यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । शिक्षा दिनुपर्छ भन्ने चेतना जगाउन अब खासै गाह्रो पर्दैन किनभने सञ्चारका सामग्रीले सबैमा पढ्नुपर्छ भने कुरा बोध गराइसकेको छ । केबल सरकाले पढ्ने व्यवस्था मिलाई दिनुपर्छ पढ़ने काम हामीले अवश्य गर्नेछौँ । यस्तो माग उठाउने छन् अब मैने कल्पना गरेको गाउँमा । मैले यो पनि कल्पना गरेको छु कि अब यो गरिबी पनि हट्नुपर्छ । यसलाई हटाउनको लागि सरकारको मात्र भर नपरी हामी सबै अग्रसर भएर गरिब मानिसको पहिचान गरी गाउँका सबै व्यक्ति एकआपसमा मिलेर उक्त व्यक्तिको लागि जग्गाको व्यवस्था गरिदिने, बस्नका लागि घर बनाउन मद्दत गर्ने, र उसलाई एउटा गाई, विभिन्न सामग्री जुन आफूले दिनसक्ने चिज दिएर उनीहरूको आर्थिक स्तर सुधार गर्ने प्रयास मेरो कल्पनाको गाउँमा अवश्य हुने छ ।

विकास गर्नुपर्ने धेरै कुराहरू छन् त्यस्लाई मैने योजना वद्ध तारिकाले योजना निमार्ण गरी बिस्तारै लैजाने छु । विकास ढिलो हुन्छ तर निरन्तर हुन्छ । गाउँमा पनि विकासको खाँचो छ । नयाँ गाउँ बनाउन विकासका कार्यहरू गर्नुपर्छ । यसका लागि पूँजीको आवश्यकता पर्दछ । पूँजी कमाउन सकिने धेरै स्रोतहरू छन्, जसमध्ये जलस्रोत पनि एक हो । अबको मेरो नयाँ गाउँमा पनि आफ्नो गाउँको प्रविधिकको साहायतामा विद्युत् उत्पादन हुने छ । गाउँमा भएका ससना घरेलु उद्योगबाट बनेका डोको, डालो थुम्से, चकटी, काँइयो, नाङ्लोजस्ता सामग्रीहरू सजावटका लागि विदेशमा निर्यात हुने छन् । गाउँघरका मार्सी धानको चामल, दाल, फलफूल तरकारीहरू निर्यात हुने छन् । हाम्रो ठाउँमा पाइने जडीबुटीहरू अब कच्चापदार्थको रूपमा विदेशमा निर्यात नभई

नेपालमै उक्त कच्चापदार्थको प्रयोग गरी सस्तो र सुलभ मूल्यमा औषधीको निर्माण हुने छ । जनताहरू सबैले अब हाम्रो दुःखका दिनहरू गइसके भन्ने आभास गर्नेछन् । मेरो सपनाको नयाँ गाउँ विकासको चरम सीमा नाघेको अवस्थामा पुगेको हुने छ । जहाँ सबै मानिसहरू आफ्नो जीवनमा सन्तुष्ट हुने छन् । त्यहाँ कुनै पनि प्रकारको विकृति, विसङ्गति, दमन र अत्याचार हुने छैन ।

नयाँ गाउँको विकास गर्नु भनेको विकासका कार्यहरू थालनी गर्नु हो । नयाँ गाउँले अब शिक्षा, रोजगारी, यातायत, सञ्चार, स्वास्थ्य, खानेपानी आदि सबैको व्यवस्था छ भन्ने कुरा व्यक्त गर्दछु । नयाँ गाउँ बनाउन अब कसैले पनि रोक्न सक्ने छैनन् । चाहे देशको संविधान नै परिवर्तन गर्न परोस्, मेरो नयाँ गाउँको सपनाचाहिँ परिवर्तन हुने छैन । यस सपनाप्रति दत्तचित्त भयौँ भने अवश्य नै कुनै समयमा पूरा हुने छन् भन्ने मेरो विश्वास छ । जुन विश्वासलाई मैले साकार पार्न सबैको साथ र सहयोग लिनुपर्छ । अन्तमा यो अवश्य नै पूरा हुने छ ।

❒

**तृतीय निबन्ध**

**– पूजा वि.क**

संसारी महेन्द्र मा.वि. नयाँसाधु, सिरानचोक

मलाई सधैँ एउटा सपना आइरहन्छ । त्यो सपनामा म सधैँ आफ्नो गाउँ देख्छु । मेरो गाउँको उन्नति, प्रगतिको सपना देख्छु । यहाँका संस्कार, संस्कृति, रीतिरिवाज, तथा चालचलनको सभ्याता मेरो सपना हो । गाउँलाई विकसित र सभ्य बनाउनु मेरो सपना हो । मेरो गाउँको वातारण शान्त एवम् खुशीयाली बनाउनु, यहाँका नाङ्गा पाखा र पखेरामा सिँचाई गरी खेती गरेर हरियालीपूर्ण बनाउनु, यहाँका मानिसमा एकता तथा सामाजिकताको विकास गर्नु मेरा सपना हुन् ।

मेरो गाउँ, जुन कुनै समयमा हरियाली हुने गर्थ्यो त्यो आज सुख्खा र बाँझो भएको छ । मेरो गाउँका ती खेत, बारी, पाखा, पखेरा, ती नदी, बेसी आज शून्य भएका छन्, रसहीन भएका छन् । यस्तो लाग्छ आज यिनीहरूमा प्राण नै बाँकी छैन । यिनीहरूमा ज्यान नै बाँकी छैन, रङ र रस केही शेष छैन । यहाँका जमिनहरू उर्वर त छन् तर सिँचाइ र उपयुक्त स्याहार, सम्भार नपाएर चर्किएका छन्, भत्किएका, बाँझो भएका छन्, मरे तुल्य भएका छन् । हुन पनि किन नहोस्, यी पाखा, पखेरा, खेती, बारीलाई सिँगार्ने कोही

नभएपछि, सबै बलिया र जोस, जाँगरले भरिएका युवा वर्गहरू विदेशिएपछि र गाउँमा केवल बुढाखाडा अनि केटाकेटीमात्र बाँकी रहेपछि गाउँको विकास कसरी हुन्छ ? गाउँ छाडेर पलायन भएका सम्पूर्ण व्यक्तिहरूलाई पुनः गाउँमा फर्काउने, मेरो सपना हो । ती बाहिर गएका गाउँलेहरूलाई गाउँमै बोलाएर परिश्रम गरी गाउँलाई हराभरा बनाउनु, यहाँको उर्वर भूमिलाई परिश्रमले सिँचेर पोसिलो बनाउनु मेरो सपना हो । मेरो गाउँका ती भत्किएका, चर्किएका पाखा, पखेरा, खेतबारीलगायत ती चर्किएका घरलाई पौरख र माटाले पोतेर सुन्दर बनाउन चाहन्छु म ।

त्यस्तै मैले सधैँ देख्ने गरेको मेरो सपनाको नयाँ गाउँमा प्रशस्त मात्रामा विज्ञान तथा प्रविधिको विकास र विस्तार भएको पनि देख्छु । यहाँ इन्टरनेटसम्बन्धी सेवा सुविधा, प्रविधिको उच्चतम प्रयोग भएको देख्न चाहन्छु । आजको विज्ञान तथा प्रविधिको युगमा आएर पनि मेरो गाउँ अन्धकारमा नबनोस् भन्ने म चाहन्छु । यहाँ मानिसहरू शिक्षित र सक्षम दुवै हुन् भन्ने म चाहन्छु । यहाँका मानिसहरूले उच्च शिक्षा प्राप्त गर्न सकून्, विभिन्न प्रकारका सेवा सुविधाहरू प्राप्त गरून्, जुन राज्यद्वारा दिइन्छ, साथै कुनै पनि अभावमा बाँच्न नपरोस् भन्ने कामना गर्दछु । यहाँका मान्छेहरूले निर्धक्क रूपमा बिरामी भएको बेलामा औषधी र स्वास्थ्य सेवा पाऊन् । यहाँ स्वास्थ्य सुविधाको लागि एउटा अस्पताल, शिक्षा आर्जनको लागि विद्यालय अनिवार्य रूपमा निर्माण गर्नु मेरो सपना हो ।

मेरो गाउँको सभ्यताबारे मेरो सपना यतिमात्रै होइनन्, यस्ता थुप्रै सपनाहरू छन्, थुप्रै चाहनाहरू छन्, जुन म मेरो गाउँको परिवर्तनको लागि देख्ने गर्छु । मेरो गाउँमा विभिन्न भाषा, धर्म, संस्कृति, जातजाति, पेसा तथा लिङ्गका मानिसहरू बसोबास गर्छन् । यहाँको भूमि विविधताले भरिपूर्ण छ । यहाँ सबै जातजातिको आआफ्नै चालचलन र रहनसहन रहेको छ । छुट्टै चाडपर्व, संस्कृति रहेका छन् । त्यसैले म चाहन्छु कि यहाँ विविधतामा पनि एकता होस् । विविधताले भरिपूर्ण स्थानमा पनि यिनीहरूलाई आपसमा बाँधेर राख्ने सूत्र एकता बनोस्, यिनीहरूको मेलमिलाप बनोस् । यहाँ सधैँ अपनत्वको भावना होस् । जसरी सयौँ थुङ्गा फूलका एउटै माला बन्छ, त्यसरी नै यहाँ पनि विभिन्न जात, धर्मका मानिसहरू भए तापनि यिनीहरूमा आपसी सद्भाव, एकता, मेलमिलाप र भातृत्वको भावना सधैँ प्रबल रहोस् । यहाँ सामाजिकीकरण कायम रहोस् । यहाँ मानिस-मानिसबिच कहिल्यै पनि उचनीच, ठुलोसानो, धनीगरिब, नारीपुरुषजस्ता विकृति, विसङ्गति र भेदभावको भावना नआओस् । यही नै हो मेरो गाउँप्रतिको सपना हो । समाजका सबै क्रियाकलाप तथा कार्यक्रम एवम् संस्कारहरूमा सबैको सक्रिय

उपस्थिति होस् । एकअर्काको सुख, दुःख र आवश्यकता परेको बेलामा साथ दिने, सहयोग गर्नेजस्ता असल भावना हरहमेशा कायम रहोस् ।

मेरो सपनाको गाउँ यस्तो होस् कि जहाँ न कुनै द्वन्द्व, न कुनै झैझगडा, न कुनै विकृत्ति, एकदम स्वर्गसरहको होस् । यहाँको वातावरण एकदमै स्वच्छ, सुन्दर अनि शान्त होस् । एसियाका प्रकाश गौतम बुद्धजस्तो शान्त अनि संयम होस्, मेरो गाउँको पर्यावरण, यहाँ कुनै विकृतिले जरा गाड्न नपाओस् र कुनै पनि अत्याचारीले आफ्नो रोव चलाउन नपाओस् । त्यहाँ द्वन्द्व, झैझगडा र मारकाटको होइन, छङ्छङ गर्दै बगेका ती झरना, कलकल गर्दै बगेका ती नदीनाला र चिरचिर गर्दै कराएका चराचुरुङ्गीहरूको ध्वनि गुन्जियोस् । कोइलीको मीठो आवाज सुनियोस् । अर्थात् मेरो गाउँ द्वन्द्वरहित र विकृतिरहित होस् । त्यहाँ कुनै सामाजिक संजालको विकृति नफैलियोस् । कुनै अनावश्यक घटनाहरू घटित नहोस् ।

अन्ततः मेरो सपनाको नयाँ गाउँमा सबै भीर पखेराहरू, गराहरू, भत्किएका घरहरू, सुख्खा भएका खेत बारीहरू गाउँलेको परिश्रम, मेहेनत र ममताले सिँगारिऊन् । कुनै पनि डाँडापाखाहरू रित्ता नहून्, बाँझा नहून्, सबै थोक हराभरा, पोषिलो र उर्वर हून् । मेरो सपना भनेको आखिरमा के नै छ र, मात्र ती विदेशिएका व्यक्तिहरू, ती सहरिएका मान्छेहरूलाई गाउँमै फर्काउनु, आफ्नै गाउँ ठाउँमा दुःख, कष्ट गर्न प्रेरित गर्नु र गाउँमा बाँझो रहेका स्थानमा पूनः खेती गर्नु, अन्न फलाउनु, हरियाली बनाउनु त हो । गाउँमा जावो टाउको दुखेको औषधी खान नपाएर आत्तिएका ती बिरामीलाई औषधीको व्यवस्था मिलाउनु, ती एक्लै भएका, असाहय बुबाआमाका सन्तानलाई उनीहरूको सेवाको लागि पुनः आफ्नै ठाउँमा फर्कन लगाउनु, मेरो गाउँमा विकास गर्नु, गाउँको मुहार फेर्नु र गाउँलाई उन्नतिको बाटोमा लैजानू । यिनै मेरा सपना हुन्, मेरो सपनाको नयाँ गाउँ निर्माण गर्नु हो ।

❒

देवकोटाका उपन्यासहरू सामाजिक भएर पनि असामाजिक भान पर्ने, पौराणिक–दार्शनिक भएर पनि लौकिक लाग्ने अनि प्रेमसँग सम्बन्धित भएर पनि असम्बन्धित लाग्ने खालका रहेका छन् । देवकोटाका उपन्यास, कथा सुनाउन लेखिएका नभएर आफूलाई लागेका तर भन्न नसकिएका अकथित सत्य उद्घाटित गर्ने मनोभावनाले नै प्रतीकात्मक सन्दर्भका माध्यमबाट वर्तमानमा विद्यमान राष्ट्रिय–अन्तर्राष्ट्रिय यथार्थ वाहकका रूपमा रहेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान, **कृति अवलोकन** (२०५९)

**हरि सांस्कृतिक केन्द्र, गोरखा**, सुप्रसिद्ध बहुआयमिक पौराणिक **पण्डित हरिभक्त देवकोटा**को स्मृतिमा स्थापित संस्था हो । राष्ट्रवादी चिन्तनधारका सूत्राधार, राजनीतिज्ञ एवम् विशिष्ट साहित्यकार राजेश्वर देवकोटाले आफ्ना पिता हरिभक्त देवकोटाको सांस्कृतिक योगदानको कदरस्वरूप आफूले प्राप्त गरेको **मदन पुरस्कार** र **साझा पुरस्कार**को पूरा रकम **५८ हजार रुपैयाँ** अक्षय कोषमा राखी ससम्मान २०४६ मा स्थापना गर्नुभएको हो । गोरखामा स्थापित यस संस्थाले वर्षभरि गोरखाबाट वा गोरखालाई केन्द्रविन्दु बनाई लेखिएका उत्कृष्ट कृतिलाई "**हरि उत्कृष्ट प्रतिभा पुरस्कार**" र गोरखा तथा त्यस वरपरका माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा उत्कृष्ट निबन्धकारहरूलाई पुरस्कार प्रदान गर्दै आएको छ। केही वर्षदेखि वार्षिक मुखपत्र **आवर्तन** पनि प्रकाशन गर्दै आएको छ र साथसाथै बेलाबेलामा अन्य कृतिहरू पनि प्रकाशनमा ल्याएको छ । केन्द्रले समय सापेक्ष अन्य पुरस्कारहरू पनि प्रदान गर्ने योजना बनाइरहेको छ र त्यसै सिलसिलामा यस पटक कवि श्री नारायणप्रसाद पोखरेलज्यूलाई **राजेश्वर देवकोटा – विद्वत्वृत्ति**" पनि प्रदान गरिएको छ ।

यस पटकको निबन्ध लेखन प्रतियोगिताको आयोजन गर्न संयोजन गर्ने अवसर हरि सांस्कृतिक केन्द्रको सल्लाहकारको हैसियतले मलाई प्राप्त भएको थियो । सोही प्रसङ्गमा विद्यालयहरूमा सम्पर्क गर्न, निबन्ध लेखन प्रतियोगिताको केन्द्र निर्धारण गर्न म विजयराज न्यौपाने गोरखा (पश्चिमी पाटो) गएको थिएँ तर परिस्थितिवश यस पटक प्रतियोगितात्मक कार्यक्रममा जान असमर्थ भएँ । प्रतियोगितामा सहभागिताका लागि पत्राचार, सम्पर्क तथा कार्यक्रमको व्यवस्थापन मिलाउन महेन्द्रलीला मा.वि., सिरानचोक-३, नवलपुर, हर्मीका तर्फबाट प्रअ रामप्रसाद अधिकारी र प्रमुख अतिथिको भूमिका निर्वाह गर्न प्रा. रुद्र पोखरेलको योगदान सराहनीय रहन गयो । हरि सांस्कृतिक केन्द्रबाट शिशिर देवकोटा, गीता रेग्मी, रामप्रसाद आचार्य, महेशचन्द्र देवकोटा, राजन देवकोटा, प्रदीप देवकोटाको सक्रिय सहयोग पनि उल्लेखनीय रहन गयो । पत्रकार र साहित्यकार सरिता अर्याललाई विशेष धन्यवाद !

निबन्ध प्रतियोगिताको सन्दर्भमा हाम्रो बोर्ड सदस्य गीता रेग्मीको अवलोकन, जो आफैँ पनि एक नियात्राकार हुन्, निकै चाखलाग्दो लागेकोले यहाँ उद्धृत गरेको छु - "विद्यालयभित्र नेपाली बोले दण्डित हुने समयमा । छोराछोरीले अङ्ग्रेजी नबोले बाबुआमाले चित्त दुखाउने मौसममा हरि सांस्कृतिक केन्द्रले गरेको निबन्ध लेखन कार्यको परिणाम कस्तो आउला ? आयोजकका हैसियतले मनमनै गम खाइरहेकी

थिएँ ! जब लेखन समय सकेर बच्चाहरू बाहिर निस्किए, तिनका अक्षर एवम् शिल्प, लेखनप्रवाह, वाक्य गठन र उद्धरण देखेर म हर्षविभोर भएकी थिएँ ! मेरो सोच सहरले शून्य बनाएको पो रहेछ । गाउँको अर्ग्यानिक पनले म बौरिए ! म धन्य भएँ !"

निबन्ध लेखनमा केही टिप्पणीहरू श्री रुद्र पोखरेलज्यूले पनि प्रतियोगिता सुरु हुनुभन्दा पहिला प्रस्तुत गर्नुभएको थियो । देशको युवाशक्ति देशमै भविष्य नदेखेर, रोजगारीको सम्भावनासमेत पनि नदेखेर बिदेसिँदै गाउँहरू रित्तिँदै गएको अहिलेको नेपालको तीतो यथार्थ हो । गाउँको दैलाअगाडिको घडेरी पटबाँझो राखेरै अर्काको मुलुकको बाँझो फोर्न गएको विद्यमान अवस्थामा बालबालिकाले कस्तो सोच राख्छन् भनी निबन्ध लेखनको शीर्षक "मेरो सपनाको नयाँ गाउँ" दिइएको थियो । निबन्ध लेखन प्रतियोगिता सुरु हुनुभन्दा एक घण्टाअगाडि मात्र निबन्धको शीर्षक दिइएको थियो । उनीहरूको लागि निबन्ध लेखन समय डेढ घण्टा छुट्याइएको थियो । निबन्ध लेखनको निर्धारित छोटो समयमै पनि साह्रै सुन्दर, कलात्मक, रचनात्मक, विचार-प्रवाहमा आफ्ना मनका निजात्मक भाव प्रकट गरेका छन् । साँच्चै गाउँ, सहर, प्रदेश र देश बनाउनका लागि वडा अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, अध्यक्ष, नगर उपप्रमुख, प्रमुख, सांसद, नेता तथा सरकार चलाउनेहरूले हेर्नमात्र होइन सोअनुसार व्यवहारमा अनुकरण गर्न, आफूलाई बदल्न र देश बदल्न प्रेरणा लिनयोग्य देखिन्छ । पुरस्कृत सबै बहिनीहरू तथा सबै सहभागी भाइबहिनीहरूलाई हार्दिक बधाइ छ ।

तपाईंहरूको नेपाली शब्द भण्डार, शब्दशृङ्गार राम्रो छ । धारावाहिक ढङ्गले लेख्दालेख्दै केही कमीकमजोरी पनि हुन्छ । केही सामान्य कुरा सम्झाउन चाहन्छु । लेखलाई अझ विशेष राम्रो पार्न भाषिक शुद्धतामा विशेष ख्याल राख्नुपर्ने हुन्छ । पुरस्कृत रचनामै पनि चन्द्रविन्दुको ख्याल राम्ररी नभएको देखिन्छ । निबन्धभरि नै 'नँया', 'हुदा" लेखिएको छ । हुनुपर्थ्यो - नयाँ, हुँदा । सर्वनामको प्रयोगसमेत शुद्ध हुन सकेको पाइँदैन । यि, हामि, तिनिहरू, त्यहि, केहि, कोहि गलत प्रयोग भएको छ । हुनुपर्छ - यी, हामी, तिनीहरू, त्यही, केही, कोही । भाषिक शुद्धतामा ख्याल राख्नै पर्ने हुन्छ ।

निबन्ध खास गरी तीन भागमा जस्तै : आदि, मध्य र अन्त्य भागमा लेखिनु पर्छ । आदि भाग - निबन्धको शीर्षक र विषयको परिचय दिने भाग हो । मध्य भाग - शीर्षक वा विषयसँग सम्बन्ध राख्ने विभिन्न कुराको स्पष्ट, रोचक, घतलाग्दो बयान हो, जहाँ कल्पना, विचार, तर्क, उदाहरण, सटिक भनाइ, दृष्टान्त आदिको प्रयोग हुन सक्दछ । विचारको शृङ्खला पनि क्रमशः मिलेको र आवश्यकताअनुसार अनुच्छेद

छोडेको हुनुपर्दछ। अन्त्य भागमा - निबन्धको मुख्य सारांश प्रस्तुत हुनुपर्दछ। निबन्ध लेखन शैलीमा कल्पनाको रङ्ग चढेको, भावनाको लहर चलेको, अलङ्कारको शृङ्गार झल्केको हुनु राम्रो हुन्छ। लेख्दै जाँदा अभ्यासले विकसित हुँदै जाने शैली र सीप पनि हो लेखन कला। यस्ता कुरा मनन गर्दै निबन्ध लेखन गर्दा भाइबहिनीहरूको लेखनीमा कलात्मक जादु भरिँदै जाओस्। भोलिका देशका कर्णधार तपाईँहरूको गाउँ (देश) उजिल्याउने सपना पूरा होस्, हाम्रो शुभकामना!

❐

हामी किताबहरूजस्तै छौँ। अधिकांश मान्छे कभर (गाता) मात्र हेर्छन् (देख्छन्), थोरै मान्छे परिचय (भूमिका) पढ्छन्, धेरै मान्छे आलोचनामा विश्वास गर्छन्। अझ थोरै मान्छे विषयवस्तु बुझ्छन्। - एमिल जोला

## राजेश्वर देवकोटाबाट लिखित संस्कृत कविता

**१. विनम्रं नमामि**

राष्ट्रस्यार्थे जीविता ये च सन्ति
देवास्ते मे तान् विनम्रं नमामि।
पुष्पं पत्रं चेन्मदीयं यदस्ति
सर्वं तत् स्यात् पादपद्मेषु तेषाम्॥

(संस्कृत कवितासङ्ग्रह भाग १, पृ. ३८)

**२. 'चरैवेति' वदन्ति किम् ?**

स्वत्वं विस्मृत्य यत्राहं जीवितं निभृतं मृतम्।
पार्थक्यं किञ्च तत्र स्यात् अक्षम्यो विस्मृतो गतः।
यददृश्योऽस्मि छायायां यथाहिततटस्तरुः
धन्यास्ते कृत संस्काराः 'चरैवेति' वदन्ति किम् ?

(संस्कृत कवितासङ्ग्रह भाग २, पृ.३४)

# राजेश्वर देवकोटाका प्रकाशित कृतिहरू


| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| 1 | शाही भोज | निबन्धसङ्ग्रह | 2014 | |
| 2 | राम्रो नेपाली साहित्य (१-९ भाग) | सहलेखन जनकलाल शर्मा | 2016 | रत्न पुस्तक भण्डार |
| 3 | नेपाली व्याकरण | व्याकरण | 2018 | सहयोगी प्रकाशन |
| 4 | नेपाली निबन्धावली | सहलेखन जनकलाल शर्मा | 2019 | रत्न पुस्तक भण्डार |
| 5 | असल पञ्चको लागि अनिवार्य पाठ | राजनैतिक लेख | 2024 | |
| 6 | बालसाहित्य | सहलेखन | 2019 | |
| 7 | निबन्ध र चिठ्ठी | सहलेखन जनकलाल शर्मा | 2026 | एजुकेशनल इन्टरप्राइजेज |
| 8 | हाम्रा पुर्खाहरू | जीवनीसङ्ग्रह | 2034 bf]; []2055 | साझा प्रकाशन ईश्वरचन्द्र देवकोटा |
| 9 | युगल काव्य | हास्यव्यङ्ग्य | 2039 | कौवा प्रकाशन |
| 10 | आवर्तन | उपन्यास | 2042, 073 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 11 | द्वन्द्वको अवसान | उपन्यास | 2044, 075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 12 | पूर्वकथा | उपन्यास (नवौँ सं.) | 2043, 2075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 13 | उत्सर्ग प्रेम | उपन्यास (मदन पुरस्कार प्राप्त) | 2044, 075 | जनकलाल शर्मा र लिपि बुक्स प्रा.लि. |
| 14 | पूर्णिमा | उपन्यास (नवौँ सं.) | 2054 2075 | साझा प्रकाशन लिपि बुक्स प्रा.लि. |
| 15 | विनोद पुष्पाञ्जलि | काव्य | 2058 | आँखा प्रकाशन |
| 16 | डबली Journey's End | उपन्यास English Transleted | 2059 2068 | साझा प्रकाशन Adarsha Enterprises |
| 17 | पाँच कथा | कथासङ्ग्रह | 2067 | शब्दार्थ प्रकाशन |
| 18 | स्वन | काव्य | 2067 | शब्दार्थ प्रकाशन |
| 19 | आफू-आफैमा | संस्मरण | 2067 | |
| 20 | महाराजको भूत | उपन्यास | 2068 | हिमालय बुक स्टल |
| 21 | माया | संस्मरणात्मक जीवनी | 2068 | नइ प्रकाशन |
| 22 | विश्वास | उपन्यास | 2071 | सेन्चुरी प्रिन्टिङ |
| 23 | वसन्त काव्य | काव्य | 2071 | हिमालय बुक्स |
| 24 | आत्मकथा | आत्म कथा | 2073 | ईश्वरचन्द्र देवकोटा |
| 25 | उदारवाद | राजनैतिक लेख | 2065 | राष्ट्रिय प्रजातन्त्र पार्टी |

# हरि सांस्कृतिक केन्द्रबाट पुरस्कृत प्रतिभाहरू

१- “मलाई विभाजित नगर” कवितासङ्ग्रह - रामनारायण जोशी, २०४८ साल
२- “समयको आवाज” कवितासङ्ग्रह - भीम राना जिज्ञासु, २०४९ साल
३- “नि” कवितासङ्ग्रह - विष्णुप्रसाद धिताल, २०५० साल
४- “कवितासङ्ग्रह” - विपी गोरखाली, २०५१ साल
५- “योजन गन्धा” उपन्यास - विनोदप्रसाद धिताल, २०५२ साल
६- “आँखामा हिजोको इतिहास” - तीर्थराज वन्त, २०५३ साल
७- “अतीत यात्रा” कवितासङ्ग्रह - धनञ्जय भट्ट ‘यत्न’, २०५४ साल
८- “नेपाली साहित्यमा गोरखा” अनुसन्धानमूलक - दीनानाथ शर्मा, २०५५ साल
९- “मनहरू” कवितासङ्ग्रह - राजुबाबु श्रेष्ठ
१०- “कालखण्ड” उपन्यास - सुशीलबाबु श्रेष्ठ
११- “दर्जी सुजेरो” कवितासङ्ग्रह - नेत्रमणि आचार्य
१२- “पूर्णप्रसाद ब्राह्मणको साहित्यिक योगदान” खोजमूलक - रुद्रप्रसाद पोखरेल
१३- “उपमा” कथासङ्ग्रह - सीता अर्याल
१४- “मति विनोद” काव्य - शिवहरि मरहट्ठा
१५- “गायत्री गणेश” स्मृतिग्रन्थ - रामशरण शर्माको सम्पादन, २०६१ साल
१६- “गोरखा डायरी” - नारायणप्रसाद खनाल, २०६२ साल
१७- “गोरखा गाथा” खण्डकाव्य - धनेश्वर भट्टराई
१८- “प्रतिबिम्ब” कवितासङ्ग्रह - नारायणप्रसाद पोखरेल, २०६४ साल
१९- “यात्राका स्पन्दनहरू” नियात्रासङ्ग्रह - केदारनाथ खनाल, २०६५ साल
२०- “अनावृत” उपन्यास - प्रभादेवी कैनी, २०६६ साल
२१- “महादेशीय यात्रा” नियात्रासङ्ग्रह - तुलसीप्रसाद न्यौपाने, २०६७ साल
२२- “मोह” उपन्यास - विकलचन्द्र आचार्य, २०६८ साल
२३- “लोकगीत परिचय र विश्लेषण” - प्रा. तुलसीमान श्रेष्ठ, २०६९ साल
२४- “स्वाभिमान” महाकाव्य - रमेशचन्द्र देवकोटा, २०७० साल
२५- “हिमाल पारी” महाकाव्य - डा. फणीन्द्रराज देवकोटा, २०७१ साल
२६- “आँधी” कवितासङ्ग्रह - प्रा. सीताराम अधिकारी, २०७२ साल
२७- “माल्भा” नियात्रासङ्ग्रह - राजेन्द्र अर्याल र “कङ्गो र इथियोपियाको सेरोफेरो” यात्रा स्मरणका लागि संयुक्त रूपमा प्रदान, २०७३ साल
२८- “आरोहण” महाकाव्य - कवि त्रयोदश, २०७४ साल
२९- “अनेकौँका दृष्टिमा राष्ट्र निर्माता” - हरिप्रसाद सोडारीको सम्पादन, २०७५ साल
३०- “आत्म सलील” महाकाव्य - मुना धिताल अर्याल, २०७६ साल
३१- “प्रतिरोध” कवितासङ्ग्रह - गौरी देवकोटा, २०७७ साल
३२- “राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन” - डा टीकाराम आचार्य, २०७८ साल
३३- सोलीडोलीसहित लाकेसंस्कृति कृतिका लागि - लोककवि सुरेशकुमार भट्ट, २०७९ साल
३४- “विसङ्गत बस्ती” मुक्तकसङ्ग्रह - डा. ऋषि बस्ताकोटी, २०८० साल

❐

# इतिहासको पानाबाट



AR DEVKOTA
tional Panchayat, Nepal

Tel. 411633

Maharajganj,
Kathmandu, Nepal

श्री मोहन नारायण श्रेष्ठ,

श्रीयुत मोहन नारायण बाबु,

यहाँ साधनमा ५०,००० को ड्राफ्ट पठाएको छ त्यो अनुसार खर्च गर्ने प्रबन्ध मिलाउनु हुन नै छ।

आर्को आठ हजार र पाँच हजारको ड्राफ्ट आउँछ। आठ हजार गुठीमा नै सारेर हुनेछ र पाँच हजार बजेटमा पावती दिएर खर्च गर्ने प्रबन्ध मिलाउनु हुनेछ।

पुस्तकालयको निर्माण कार्यहरू तजवीजले बनाउनु हुनेछ र बैठकमा पेश गर्नु हुन्छ बैठक तपाईंहरू तजवीजले बनाउनु भए हुन्छ आफू त यो म पनि उपस्थित हुँदैन पनि उप्रान्त आर्थिक विधान अनुसार सबै कार्य तपाईंहरूबाट सम्पादन गर्नु हुनेछ धन्यवाद।

शुभेच्छु
[illegible]
१६।५।३२